भरन्नग्निं पुरीष्यं मा पाद्यायुषः पुरा ॥

वृषाग्निं वृषणं भरन्नपां गर्भꣳ समुद्रियम् ॥ अग्न आ याहि वीतये ॥

*वीरभद्रपूजनम् (दक्षिणे)–*

ॐ भद्द्रङ्कर्णेभिः शृणुयामदेवाभद्द्रम्पश्श्येमाक्षभिर्य्यजत्राः ॥

स्थिरैरङ्गैस्तुष्टुवाꣳ सस्तनूभिर्व्यशेमहिदेवहितंय्यदायुः ॥

ॐ भद्रोनोऽअग्निराहूतोभद्रारातिः सुभगभद्रोऽअध्वरः ।

भद्राऽउतप्प्रशस्तयः ॥

*कार्तिकेयपूजनम् (आग्नेये)–*

ॐ यदक्रन्दःप्प्रथमञ्जायमानऽउद्यन्त्समुद्रादुतवापुरीषात् ।

श्यनेस्यपक्षाहरिणस्यबाहूऽउपस्तुत्यम्महिजातन्तेऽअर्वन् ॥

ॐ यत्रबाणाःसम्पतन्तिकुमाराविशिखाऽइव ॥

तन्नऽइन्द्रोबृहस्पतिरदितिः शर्म्मयच्छतुविश्वाहाशर्म्मयच्छतु ॥

*कुवेरपूजनम् (उत्तरे)–*

ॐ कुविदङ्गयवमन्तोयवञ्चिद्यथादान्त्यनुपूर्वंवियूय ।

इहेहैषाङ्कृणुहिभोजनानियेबर्हिषोनमऽउक्तिंयजन्ति ॥

ॐ वयꣳ सोमव्रतेतवमनस्तनूषुबिभ्रतः ॥ प्रजावन्तः सचेमहि ॥

*कीर्तिमुखपूजनम् (दक्षिणाग्नेयमध्ये)–*

ॐ असवेस्वाहाव्वसवेस्वाहाव्विभुवेस्वाहाव्विवस्वतेस्वाहागणश्रिये स्वाहागणपतयेस्वाहाभिभुवेस्वाहाधिपतयेस्वाहाशूषायस्वाहासꣳ सर्पाय स्वाहाचन्द्रायस्वाहाज्योतिषेस्वाहामलिम्लुचायस्वाहादिवापतयेस्वाहा ॥

ॐ ओजश्चमेसहश्चमऽआत्माचमेतनूचमेशर्म्मचमेवर्मचमेङ्गानिचमे स्थीनिचमेपरुꣳ षिचमेशरीराणिचमऽआयुश्चमेजराचमे यज्ञेनकल्पताम् ॥

*सर्पपूजनम् (मध्ये)–*

ॐ नमोस्तुसर्पेभ्योयेकेचपृथिवीमनु । येऽअन्तरिक्षेयेदिवितेभ्यः सर्पेभ्यो नमः ॥

pdf.upayogibooks.com

# अथ प्रधानदेवतापूजा

आदौ ध्यानम्–

ध्यायेन्नित्यं महेशं रजतगिरिनिभं चारुचन्द्रावतंसं
रत्नाकल्पोज्ज्वलाङ्गं परशुमृगवराभीतिहस्तं प्रसन्नम् ।
पद्मासीनं समन्तात् स्तुतममरगणैर्व्याघ्रकृत्तिं वसानं
विश्वाद्यं विश्ववन्द्यं निखिलभयहरं पञ्चवक्त्रं त्रिनेत्रम् ॥
(अत्र तत्तन्मन्त्रैः गणपत्यादिपञ्चायतनदेवानां ध्यानं कुर्यात्)

आवाहनम्–

ॐ नमस्ते रुद्रमन्यवऽउतोत इषवे नमः । बाहुभ्यामुत ते नमः ॥
एह्येहि गौरीश पिनाकपाणे शशाङ्कमौले वृषभाधिरूढ ।
देवाधिदेवेश महेश नित्यं गृहाण पूजां भगवन्नमस्ते ॥
*ॐ भूर्भुवः स्वः श्रीसाम्बसदाशिवाय नमः*, आवाहयामि ।

आसनम्–

ॐ या ते रुद्र शिवा तनूरघोरा पापकाशिनी ॥
तया नस्तन्वा शन्तमया गिरिशन्ताभिचाकशीहि ॥
रम्यं सुशोभनं दिव्यं सर्वसौख्यकरं शुभम् ।
आसनं च मया दत्तं गृहाण परमेश्वर ॥
*ॐ भूर्भुवः स्वः श्रीसाम्बसदाशिवाय नमः*, आसनं समर्पयामि ।

पाद्यम्–

ॐ यामिषुङ्गिरिशन्तहस्तेबिभर्ष्यस्तवे ॥
शिवाङ्गिरित्रताङ्कुरुमा हिꣳसीः पुरुषञ्जगत् ॥
उष्णोदकं निर्मलञ्च सर्वसौगन्ध्यसंयुतम् ।
पादप्रक्षालनार्थाय दत्तं ते प्रतिगृह्यताम् ॥
*ॐ भूर्भुवः स्वः श्रीसाम्बसदाशिवाय नमः*, पादयोः पाद्यं समर्पयामि ॥

अर्घ्यम्–

ॐ शिवेनव्वचसात्त्वागिरिशाच्छाव्वदामसि ॥
यथानः सर्व्वमिज्जगदयक्ष्मꣳसुमनाऽअसत् ॥

अर्घ्यं गृहाण देवेश गन्धपुष्पाक्षतैर्युतम् ।
करुणाकर मे देव प्रसन्नो भव शङ्कर ॥
*ॐ भूर्भुवः स्वः श्रीसाम्बसदाशिवाय नमः,* अर्घ्यं समर्पयामि ॥

आचमनीयम्–

ॐ अद्ध्यवोचदधिवक्ताप्प्रथमोदैव्व्योभिषक् ॥
अहींश्श्चसर्व्वाञ्जम्भयन्त्सर्व्वाँश्चयातुधान्न्योधराचीः परासुव ॥
सर्वतीर्थसमायुक्तं सुगन्धि विमलं जलम् ।
आचम्यतां मया दत्तं चन्द्रशेखर शङ्कर ॥
*ॐ भूर्भुवः स्वः श्रीसाम्बसदाशिवाय नमः,* मुखे आचमनीयं समर्पयामि ॥

स्नानीयम्–

असौयस्ताम्म्रोऽअरुणऽउतबब्भ्रुः सुमङ्गलः ॥
येचैनꣳरुद्द्राऽअभितोदिक्षुश्श्रिताः सहस्रशोवैषा ꣳ हेडऽईमहे ॥
गङ्गा–सरस्वती–रेवा–पयोष्णी–नर्मदाजलैः ।
स्नापितोऽसि मया देव ततः शान्तिं कुरुष्व मे ॥
*ॐ भूर्भुवः स्वः श्रीसाम्बसदाशिवाय नमः,* स्नानीयं समर्पयामि ॥

**पञ्चामृतस्नानम्–**

*ततः पञ्चामृतस्नाने तत्रादौ ऊर्ध्ववक्त्रध्यानम्–*

व्यक्ताव्यक्तगुणोत्तरं सुवदनं षड्विंशतत्त्वाधिकं
तस्मादुत्तर-तत्त्वमक्षयमिति ध्येयं सदा योगिभिः ।
वन्दे तामसवर्जितेन मनसा सूक्ष्मातिसूक्ष्मं परं
शान्तं पञ्चममीश्वरस्य वदनं खव्यापि तेजोमयम् ॥

*क्षीरस्नानम्–*

ॐ आप्यायस्वेति गौतम ऋषिः पयोदेवता गायत्री छन्दः ऊर्ध्ववक्त्रे ईशानाय क्षीरस्नाने विनियोगः ।

**ॐ आप्यायस्वसमेतुतेव्विश्वतः सोमवृष्ण्यम् । भवाव्वाजस्यसङ्गथे ।**
**गोक्षीरधाम देवेश गोक्षीरेण मया कृतम् ।**
**स्नपनं देवदेवेश गृहाण परमेश्वर ॥**
*ॐ भूर्भुवः स्वः श्रीसाम्बसदाशिवाय नमः,* पयःस्नानं समर्पयामि ॥

शुद्धोदकस्नानम्–

**ॐ आपोऽअस्मान्मातरः शुन्धयन्तु घृतेन नो घृतप्वः पुनन्तु ॥**
**विश्वꣳ हिरिप्रं प्रवहन्ति देवीरुदिदाभ्यः शुचिरापूतऽएमि ॥**
**दीक्षातपसोस्तनूरसि तां त्वा शिवाꣳ शग्मां परिदधे भद्रं वर्णं पुष्यन् ॥**

ॐ भुर्भुवः स्वः श्रीसाम्बसदाशिवाय नमः, शुद्धोदकस्नानं समर्पयामि ॥

**ॐ ईशानाय नमः** । इति मन्त्रेण गन्धपुष्पादिभिः पूजयेत् ।

एवमनेन प्रकारेण सर्वत्र पूजयेत् ।

पूर्ववक्त्रध्यानम्–

**संवर्ताग्नितडित्प्रतप्त-कनक-प्रस्पर्द्धि-तेजोऽरुणं**
**गम्भीरस्मृतिनिःसृतोग्रदशनप्रोद्भासिताम्राधरम् ।**
**बालेन्दु-द्युति-लोल-पिङ्गल-जटा-भार-प्रबद्धोरगं**
**वन्दे सिद्धसुरासुरेन्द्रनमितं पूर्वं मुखं शूलिनः ॥**

दधिस्नानम्–

**ॐ दधिक्राब्ण** इति वामदेवऋषिर्दधिदेवता अनुष्टुप्छन्दः पूर्ववक्त्रे तत्पुरुषाय दधिस्नाने विनियोगः ।

**ॐ दधिक्राब्णोऽअकारिषञ्जिष्णोरश्वस्य वाजिनः ।**
**सुरभि नो मुखाकरत्प्रणऽआयूꣳषि तारिषत् ।**
**दध्ना चैव महादेव स्नपनं क्रियते मया ।**
**गृहाणैव मया दत्तं सुप्रसन्नो भवाद्य वै ॥**

*ॐ भूर्भुवः स्वः श्रीसाम्बसदाशिवाय नमः*, दधिस्नानं समर्पयामि ॥

**ॐ आपोऽअस्मान्** इति शुद्धोदकेन स्नापयित्वा **ॐ तत्पुरुषाय नमः**, इति गन्धादिभिः संपूज्य–

पश्चिमवक्त्रध्यानम्–

**प्रालेयामलमिन्दुकुन्दधवलं गोक्षीरफेनप्रभं**
**भस्माभ्यङ्गमनङ्गदेहदहनं ज्वालावलीलोचनम् ।**
**ब्रह्मेन्द्रादिमरुद्गणैः स्तुतिपरैरभ्यर्चितं योगिभि–**
**र्वन्देऽहं सकलं कलङ्करहितं स्थाणोर्मुखं पश्चिमम् ॥**

घृतस्नानम्–

**ॐ घृतं मिमिक्ष** इति गृत्समद ऋषिः घृतं देवता त्रिष्टुप्छन्दः पश्चिमवक्त्रे सद्योजाताय घृतस्नाने विनियोगः ।

ॐ घृतं मिमिक्षे घृतमस्य योनिर्घृतेश्रितो घृतम्वस्य धाम।
अनुष्वधमावह मादयस्व स्वाहाकृतं वृषभ वक्षि हव्यम्॥
सर्पिषा च महादेव स्नपनं क्रियते मया।
गृहाण श्रद्धया दत्तं तव प्रीत्यर्थमेव च॥
*ॐ भूर्भुवः स्वः श्रीसाम्बसदाशिवाय नमः*, घृतस्नानं समर्पयामि॥

ॐ आपोऽअस्मान् इति शुद्धोदकेन स्नापयित्वा **ॐ सद्योजाताय नमः** इति गन्धादिभिः पूजयेत्।

*दक्षिणवक्त्रध्यानम्* –

कालाभ्रभ्रमराञ्जनाचलनिभं व्यावृत्तपिङ्गेक्षणं
खण्डेन्दुद्वयमिश्रितांशुदशनप्रोद्भिन्नदंष्ट्राङ्कुरम्।
सर्पप्रोतकपालशुक्तिसकलव्याकीर्णसच्छेखरं
वन्दे दक्षिणमीश्वरस्य कुटिलं भ्रूभङ्गरौद्रं मुखम्॥

*मधुस्नानम्*–

ॐ मधुवाता० इति गौतम ऋषिः, मधुदेवता गायत्री छन्दः दक्षिणवक्त्रे अघोराय मधुस्नाने विनियोगः।

ॐ मधुवाताऽऋतायते मधुक्षरन्ति सिन्धवः। माध्वीर्नः सन्त्वोषधीः॥
ॐ मधु नक्तमुतोषसो मधुमत्पार्थिवꣳ रजः। मधु द्यौरस्तु नः पिता॥
ॐ मधुमान्नो वनस्पतिर्मधुमाँऽअस्तु सूर्यः। माध्वीर्गावो भवन्तु नः॥
तरुपुष्पसमुद्भूतं सुस्वादु मधुरं मधु।
तेजः पुष्टिकरं दिव्यं स्नानार्थं प्रतिगृह्यताम्॥
*ॐ भूर्भुवः स्वः श्रीसाम्बसदाशिवाय नमः*, मधुस्नानं समर्पयामि॥

ॐ आपोऽअस्मान् इति शुद्धोदकेन स्नापयित्वा **ॐ अघोराय नमः**, इति गन्धादिभिः पूजयेत्।

*उत्तरवक्त्रध्यानम्* –

गौरं कुङ्कुमपिङ्गलं सुतिलकं व्यापाण्डुगण्डस्थलं
भ्रूविक्षेपकटाक्षवीक्षणलसत्संशक्तकर्णोत्पलम्।
स्निग्धं बिम्बफलाधरं प्रहसितं नीलालकालङ्कृतं
वन्दे पूर्णशशाङ्कमण्डलनिभं वक्त्रं हरस्योत्तरम्॥

*शर्करास्नानम्* –

ॐ अपाꣳ रसमित्यस्य इन्द्रबृहस्पतिर्ऋषिरनुष्टुप्छन्दः सदाशिवो देवता उत्तरवक्त्रे वामदेवाय शर्करास्नाने विनियोगः।

**ॐ अपा९ँ रसमुद्वयस९ँसूर्ये सन्त९ँसमाहितम् ॥ अपा९ँ रसस्य यो रसस्तं वो गृह्णाम्युत्तममुपयामगृहीतोसीन्द्राय त्वा जुष्टङ्गृह्णाम्येष ते योनिरिन्द्राय त्वा जुष्टतमम् ॥**

**इक्षुसारसमुद्भूता शर्करा पुष्टिकारिका ।**
**मलापहारिणी दिव्या स्नानाय प्रतिगृह्यताम् ॥**

*ॐ भूर्भुवः स्वः श्रीसाम्बसदाशिवाय नमः,* शर्करास्नानं समर्पयामि ॥

**ॐ आपोऽअस्मान्** इति शुद्धोदकेन स्नापयित्वा **ॐ वामदेवाय नमः,** इति गन्धादिभिः पूजयेत् । ततः समग्ररूपेण पञ्चामृतस्नानं कुर्यात् ।

पञ्चामृतस्नानम्–

**ॐ पञ्चनद्यः सरस्वतीमपियन्ति सस्रोतसः ।**
**सरस्वती तु पञ्चधा सो देशेभवत्सरित् ॥**

*ॐ भूर्भुवः स्वः श्रीसाम्बसदाशिवाय नमः,* पञ्चामृतस्नानं समर्पयामि ॥

**ॐ आपोऽअस्मान्** इति पुनः शुद्धोदकेन स्नापयेत् ।

गन्धोदकस्नानम्–

**ॐ गन्धद्वारां दुराधर्षां नित्यपुष्टां करीषिणीम् ।**
**ईश्वरीं सर्वभूतानां तामिहोपह्वये श्रियम् ॥**
**मलयाचलसम्भूतं चन्दनागरुवासितम् ।**
**सलिलं देवदेवेश स्नानार्थं प्रतिगृह्यताम् ॥**

*ॐ भूर्भुवः स्वः श्रीसाम्बसदाशिवाय नमः,* गन्धोदकस्नानं समर्पयामि ।

**ॐ आपोऽअस्मान्** इति शुद्धोदकेन स्नापयित्वा–

उद्वर्तनस्नानम्–

**ॐ अ९ँशुनाते अ९ँशुः पृच्यताम्परुषा परुः ।**
**गन्धस्ते सोममवतु मदाय रसोऽअच्युतः ॥**
**नानासुगन्धिद्रव्यं च चन्दनं रजनीयुतम् ।**
**उद्वर्तनं मया दत्तं गृहाण शशिशेखर ॥**

*ॐ भूर्भुवः स्वः श्रीसाम्बसदाशिवाय नमः,* उद्वर्तनस्नानं समर्पयामि ॥

**ॐ आपोऽअस्मान्** इति पुनः शुद्धोदकस्नानम् कुर्यात् ।

तत "**ॐ साम्बसदाशिवाय नमः**" इति नाममन्त्रेण गन्धाक्षतपुष्पबिल्वपत्र-धूपदीपनैवेद्यादिपूजोपचाराणि समर्प्य सङ्कल्पितावृत्तिभी रुद्राध्यायं पठन् साम्बसदाशिवोपरि जलधारया (दुग्धादिधारया वा) अभिषेकं कुर्यात् ।

# अथ षडङ्गन्यासः

हरिः ॐमनोजूतिर्ज्जुषतामाज्ज्यस्य्बृहस्पतिर्य्यज्ञमिमन्तनोत्वरिष्टंय्यज्ञꣳ समिमन्दधातु । व्विश्श्वेदेवासऽइहमादयन्तामोꣳप्रतिष्ठ ॥

ॐ हृदयाय नमः ।

ॐ अबोध्यग्निः समिधाजनानाम्प्रतिधेनुमिवायतीमुषासम् । यह्वाऽइवप्प्रवयामुज्जिहानाः प्रभानवः सिस्रतेनाकमच्छ ॥

ॐ शिरसे स्वाहा ।

ॐ मूर्द्धानन्दिवोऽअरतिम्पृथिव्याव्वैश्श्वानरमृतऽआजातमग्निम् । कविꣳ सम्म्राजमतिथिञ्जनानामासन्नापात्रञ्जनयन्तदेवाः ॥

ॐ शिखायै वषट् ।

ॐ मर्म्माणितेवर्म्मणाच्छादयामिसोमस्त्वाराजामृतेनानुवस्ताम् । उरोर्व्वरीयोव्वरुणस्तेकृणोतुजयन्तन्त्वानुदेवामदन्तु ॥

ॐ कवचाय हुम् ।

ॐ विश्श्वतश्श्चक्षुरुतव्विश्श्वतोमुखोव्विश्श्वतोबाहुरुतव्विश्श्वतस्पात् । सम्बाहुभ्यान्धमतिसम्पतत्रैर्द्यावाभूमीजनयन्देवऽएकः ॥

ॐ नेत्रत्रयाय वौषट् ।

ॐ मानस्तोकेतनयेमानऽआयुषिमानोगोषुमानोऽअश्श्वेषुरीरिषः । मानोवीरान्रुद्रभामिनोव्वधीर्हविष्मन्तः सदमित्त्वाहवामहे ॥

ॐ अस्त्राय फट् ।

*॥ इति षडङ्गन्यासः ॥*

## ध्यानम्

ध्यायेन्नित्यं महेशं रजतगिरिनिभं चारुचन्द्रावतंसं
रत्नाकल्पोज्ज्वलाङ्गं परशुमृगवराभीतिहस्तं प्रसन्नम् ।
पद्मासीनं समन्तात् स्तुतममरगणैर्व्याघ्रकृत्तिं वसानं
विश्वाद्यं विश्ववन्द्यं निखिलभयहरं पञ्चवक्त्रं त्रिनेत्रम् ॥

ॐ

॥ श्रीगणेशाय नमः ॥

# रुद्राष्टाध्यायी

## अथ प्रथमोऽध्यायः

हरिः ॐ गणानान्त्वागणपतिᳬ हवामहेप्प्रियाणान्त्वाप्प्रियपतिᳬ हवामहेनिधीनान्त्वानिधिपतिᳬ हवामहेव्वसोमम॥
आहमजानिगर्ब्भधमात्वमजासिगर्ब्भधम्॥१॥
गायत्रीत्रिष्टुब्जगत्यनुष्टुप्पङ्क्त्यासह॥
बृहत्त्युष्णिहाककुप्प्सूचीभिः शम्म्यन्तुत्वा॥२॥
द्विपदायाश्चतुष्प्पदास्त्रिपदायाश्च्चषट्पदाः॥
विच्छन्दायाश्च्चसच्छन्दाःसूचीभिःशम्म्यन्तुत्वा॥३॥

---

### *प्रथम अध्याय*

सबै गणलाई पालन गर्ने गणपतिरूप हजुरलाई हामी आवाहन गर्दछौं। यस्तै प्रियजनलाई कल्याण गर्ने प्रियपतिरूप हजुरलाई आवाहन गर्दछौं। सम्पूर्ण महापद्म आदि खानीहरूका मालिक निधिपतिरूप हजुरलाई हामी आवाहन गर्दछौं। हे परमधनरूप भगवन् हजुरले हाम्रो रक्षा गर्नुहोस्। हामी सामान्य गर्भबाट उत्पन्न हुने जीव हौं। हजुर स्वाधीन स्वयम्भू हुनुहुन्छ र हामीलाई आमाको गर्भबाट उत्पन्न गराउने पनि हजुर नै हुनुहुन्छ ॥१॥ हे भगवन्! गान गर्नेवालालाई रक्षा गर्ने गायत्री छन्द, तीनै तापलाई नष्ट गर्ने त्रिष्टुप् छन्द, जगत्‌मा व्याप्त जगती छन्द, संसारको दुःख निवारण गर्ने अनुष्टुप् छन्द, त्यस्तै पंक्ति छन्द र बृहती छन्द, प्रभातप्रियकारी उष्णिक् छन्द र ककुप् छन्द यी सबै छन्दहरूले युक्त सुन्दर वाणीद्वारा हजुरको स्तुति गर्दछौं ॥२॥ हे ईश्वर! दुई पाउ, चार पाउ, तीन पाउ, छ पाउ भएका विभिन्न छन्दका लक्षणले युक्त भएका र नभएका सबै छन्दवाला सुन्दर वाणीहरूद्वारा हामी हजुरको स्तुति गर्दछौं ॥३॥

सहस्तोमाः सहछन्दस ऽआवृतः सहप्रमा ऽऋषयः सप्तदैव्याः ॥
पूर्वेषाम्पन्थामनुदृश्य धीरा ऽअन्वालेभिरे रथ्योन रश्मीन् ॥४॥
यज्जाग्ग्रतो दूरमुदैति दैवन्तदु सुप्तस्य तथैवेति।
दूरङ्गमञ्ज्योतिषाञ्ज्योतिरेकन्तन्मे मनः शिवसङ्कल्प्पमस्तु ॥५॥
येन कर्म्माण्यपसो मनीषिणो यज्ञे कृण्वन्ति विदथेषु धीराः ॥
यदपूर्व्वं यक्षमन्तः प्रजानान्तन्मे मनः शिवसङ्कल्प्पमस्तु ॥६॥
यत्प्रज्ञानमुत चेतो धृतिश्च यज्ज्योतिरन्तरमृतम्प्रजासु ॥
यस्मान्न ऽऋते किञ्चन कर्म्म क्रियते तन्मे मनः शिवसङ्कल्प्पमस्तु ॥७॥

---

मरीचि आदि सप्त ऋषिहरूले स्तोम आदि साममन्त्रहरू र गायत्री आदि छन्दहरूको साथमा, उत्तम कर्म गरेर र श्रुतिप्रमाणका साथ आफ्ना अङ्गिरा आदि पूर्वजहरूको मार्गलाई अनुसरण गर्दै धीर र शान्त चित्त भएका व्यक्तिहरूले आरम्भ गरेको यज्ञकर्म त्यसरी सम्पन्न गरे जसरी लगामको सहाराले सारथिले रथलाई आफ्नो उद्देश्य बमोजिम लैजान सफल हुन्छ ॥४॥

*शिवसङ्कल्पसूक्त–*

जुन जाग्रत् अवस्थामा रहेका मनुष्यको मन त्यहाँबाट टाढासम्म पुग्ने गर्दछ। त्यही मन सुषुप्ति अवस्थामा रहेका मनुष्यका नजिकै आएर लीन हुन्छ। जो टाढासम्म पुग्छ र प्रकाशमान श्रोत्र आदि इन्द्रियहरूलाई पनि प्रकाश दिन्छ त्यो मेरो मन कल्याणकारी र शुभसङ्कल्पवाला बनोस् ॥५॥ कर्मानुष्ठानमा लागेका बुद्धिमान् मेधावी पुरुषहरूले जुन मनद्वारा यज्ञमा शुभकर्महरू गर्ने गर्दछन्। जुन मन प्रजाहरूको शरीरमा र यज्ञीय पदार्थहरूको ज्ञानमा अतुलनीय एवं पूज्य भावले रहन्छ त्यो मेरो मन कल्याणकारी र शुभसङ्कल्पवाला बनोस् ॥६॥ जुन मन उत्कृष्ट ज्ञानस्वरूप, चित्तस्वरूप र धृतिस्वरूप छ। जुन अविनाशी मन प्राणीहरूको भित्र ज्योतिरूपमा रहेको छ र जसको सहाराविना कुनै कर्म गर्न सकिँदैन। त्यस्तो त्यो मेरो मन कल्याणकारी र शुभसङ्कल्पवाला बनोस् ॥७॥

येनेदम्भूतम्भुवनम्भविष्यत्परिगृहीतममृतेनसर्वम्॥
येनयज्ञस्तायतेसप्तहोतातन्मेमनःशिवसङ्कल्पमस्तु॥८॥
यस्मिन्नृचःसामयजूꣳषियस्मिन्प्रतिष्ठितारथनाभाविवाराः॥
यस्मिँश्चित्तꣳसर्वमोतम्प्रजानान्तन्मेमनःशिवसङ्कल्पमस्तु॥९॥
सुषारथिरश्वानिवयन्मनुष्यान्नेनीयतेभीशुभिर्वाजिनऽइव॥
हृत्प्रतिष्ठंयदजिरञ्जविष्ठन्तन्मेमनःशिवसङ्कल्पमस्तु॥१०॥

॥ ॐ हृदयाय नमः ॥

॥ इति प्रथमोऽध्यायः ॥

pdf.upayogibooks.com

जुन मनद्वारा भूत, वर्तमान र भविष्यत्कालका सम्पूर्ण वस्तुहरू पूरै प्रकाशित हुन्छन् र जुन मनद्वारा सप्तहोतावाला यज्ञ विस्तृत गरिन्छ। त्यो मेरो मन कल्याणकारी र शुभसङ्कल्पवाला हओस् ॥८॥ जुन मनमा ऋग्वेदका ऋचाहरू, सामवेदका गानहरू र यजुर्वेदका मन्त्रहरू रथचक्रको नाभिमा अराझैं जुटेर रहेका छन् तथा जुन मनमा सम्पूर्ण जनताको ज्ञान ओतप्रोत भएर रहेको छ त्यो मेरो मन कल्याणकारी र शुभसङ्कल्पवाला बनोस् ॥९॥ असल सारथिले लगामद्वारा वेगवान् घोडालाई घुमाएझैं जुन मनले मनुष्यहरूलाई आफ्नो इच्छाअनुसार घुमाउने गर्दछ र जुन मन बाल्य, यौवन र वार्धक्य आदि अवस्थाद्वारा रहित भई हृदयमा रहन्छ त्यो मेरो वेगवान् मन कल्याणकारी र शुभसङ्कल्पवाला बनोस् ॥१०॥

॥ प्रथम अध्याय समाप्त ॥

# अथ द्वितीयोऽध्यायः

हरिः॒ ॐ सुहस्र॑शीर्षा॒पुरु॑षः॒सहस्रा॒क्षः॒सुहस्र॑पात्॥
सभूमि॑ᳫं᳭सुर्वत॑स्पृ॒त्त्वात्त्य॑तिष्ठद्दशाङ्गुलम्॥१॥
पुरु॑षऽए॒वेदᳫं᳭सर्वं॒य्यद्भूतं॒य्यच्च॒भाव्य॑म्॥
उ॒ताम॑तत्त्वस्येशा॑नो॒यदन्ने॑नाति॒रोह॑ति॥२॥
ए॒तावा॑नस्यमहि॒मातो॒ज्ज्याया॑ँश्च॒पूरु॑षः॥
पादो॑स्य॒विश्श्वा॑भूतानि॑त्रि॒पाद॑स्या॒मृत॑न्दि॒वि॥३॥
त्रि॒पादू॒र्ध्वऽउदै॒त्पुरु॑षः॒पादो॑स्ये॒हाभ॑व॒त्पुन॑ः॥
ततो॒विष्व॒ङ्व्य॑क्क्रामत्साशनानश॒नेऽअ॒भि॥४॥

## *द्वितीय अध्याय*

*पुरुषसूक्त–*

सबै लोकमा व्याप्त हुनाले हज़ारौं शिरवाला, हजारौं नेत्रवाला र हजारौं चरणवाला जुन परमात्मा हुनुहुन्छ वहाँले पाँच तत्त्वबाट बनेको यो समष्टि र व्यष्टिरूप ब्रह्माण्डलाई सबैतिरबाट व्याप्त गर्दै नाभिदेखि दश औंला परिमित ठाउँलाई अतिक्रमण गरेर रहनुभएको छ र अन्तर्यामीको रूपमा हृदयमा विराजमान हुनुहुन्छ ॥१॥ जुन यो जगत् वर्तमानकालमा छ, अतीतमा थियो र भविष्यमा हुनेवाला छ। जो जगत्को बीजको रूपमा अथवा अन्नको परिणामभूत वीर्यद्वारा नर, पशु, वृक्ष आदिको रूपमा प्रकट हुने गर्दछ त्यो सबै उही अमृतरूप परमात्माको नै विस्तार हो ॥२॥ सर्वश्रेष्ठ भएका परमात्माको महिमा यति धेरै छ कि सम्पूर्ण भूत, भविष्यत् र वर्तमान सबै उनैको महिमाको एक अंश हो। विराट परमात्मा त यो संसारदेखि धेरै महान् हुनुहुन्छ। यो सम्पूर्ण जगत् उहाँको एक चौथाई मात्र हो। बाँकी तीन चौथाई उहाँको अमृतमय प्रकाशमान स्वरूपमा द्युलोकमा अवस्थित छ ॥३॥ यी महानारायण पुरुष आफ्ना तीनपाउ सहित ब्रह्माण्डदेखि माथि त्यस दिव्यलोकमा रहनुहुन्छ र उहाँले आफ्नो एक चौथाई अंशबाट यो संसारलाई ढाक्नु भएको छ। यही चरणका माध्यमले मायालाई स्वीकार गरी देवता, मनुष्य, पशुपक्षी आदिको रूप धारण गर्दै सर्वत्र व्याप्त हुनुहुन्छ ॥४॥

ततोविराडजायतविराजोऽअधिपूरुषः ॥
सजातोऽअत्यरिच्यतपश्चाद्भूमिमथोपुरः ॥५॥
तस्माद्यज्ञात्सर्वहुतःसम्भृतम्पृषदाज्यम् ॥
पशूँस्ताँश्चक्रेवायव्यानारण्याग्ग्राम्याश्चये ॥६॥
तस्माद्यज्ञात्सर्वहुतऽऋचःसामानिजज्ञिरे ॥
छन्दाᳬंसिजज्ञिरेतस्माद्यजुस्तस्मादजायत ॥७॥
तस्मादश्वाऽअजायन्तयेकेचोभयादतः ॥
गावोहजज्ञिरेतस्मात्तस्माज्जाताऽअजावयः ॥८॥
तंयज्ञम्बर्हिषिप्प्रौक्षन्पुरुषञ्जातमग्ग्रतः ॥
तेनदेवाऽअयजन्तसाध्याऽऋषयश्चये ॥९॥

उनै परमपुरुष सृष्टिको आरम्भमा विराट्रूप ब्रह्माण्ड र त्यसबाट विराट ब्रह्माण्डका अभिमानी देवता हिरण्यगर्भको रूपमा प्रकट हुनुभयो । उनै विराट् पुरुषले उत्पत्तिसंगै आफ्नो महत्तालाई विस्तारित गर्नुभयो र त्यसपछि देवता, मनुष्य आदि पुरीको निर्माण गर्नुभयो ॥५॥ उनै सर्वात्मा पुरुषले आफ्नो यजन हुने यज्ञद्वारा पृषदाज्य (हवि) को सृष्टि गर्नुभयो र यसका साथै वायु देवतावाला मृग आदि वनवासी पशु र अश्व आदि ग्रामवासी पशुहरूको समेत सृष्टि गर्नुभयो ॥६॥ उनै सर्वहुत यज्ञपुरुषद्वारा ऋग्वेद र सामवेद प्रकट भए । उनैबाट सबै किसिमका छन्दहरू प्रकट भए र यजुर्वेद पनि उनैबाट पैदा भयो ॥७॥ उनै यज्ञपुरुषबाट यज्ञका उपयोगी घोडाहरू उत्पन्न भए । यस्तै अरु ती प्राणीहरू उत्पन्न भए जो तलमाथि दाँत हुनेवाला थिए । उनै यज्ञपुरुषबाट गाई उत्पन्न भए र उनैबाट भेडाबाख्रा आदि अन्य पशुहरू पनि पैदा भए ॥८॥ सृष्टिसाधनयोग्य देवता र ऋषिहरूले मानसयज्ञको सिद्धिका लागि सृष्टिभन्दा पहिले उत्पन्न भएका ती यज्ञसाधनभूत विराट् पुरुषलाई प्रोक्षण गरे र उनै विराट् पुरुषद्वारा यो यज्ञ सम्पन्न गरे ॥९॥

यत्पुरुषंव्यदधुःकतिधाव्यकल्पयन्॥
मुखङ्किमस्यासीत्किम्बाहूकिमूरूपादाऽउच्च्येते॥१०॥
ब्राह्मणोस्यमुखमासीद्बाहूराजन्यःकृतः॥
ऊरूतदस्ययद्वैश्यःपद्भ्याᳬशूद्रोऽअजायत॥११॥
चन्द्रमामनसोजातश्चक्षोःसूर्योऽअजायत॥
श्श्रोत्राद्वायुश्चप्राणश्च्चमुखादग्निरजायत॥१२॥
नाभ्याऽआसीदन्तरिक्षᳬशीर्ष्णोद्यौःसमवर्त्तत॥
पद्भ्याम्भूमिर्दिशःश्श्रोत्रात्तथालोकाँ२॥ऽअकल्पयन्॥१३॥
यत्पुरुषेणहविषादेवायज्ञमतन्वत॥
वसन्तोस्यासीदाज्ज्यङ्ग्रीष्मऽइध्मःशरद्धविः॥१४॥

जब यज्ञसाधनभूत यी विराट् पुरुषको प्रेरणाले महत्तत्त्व अहङ्कार आदिको क्रमशः उत्पत्ति भयो तब त्यसका कति प्रकारहरू कल्पना गरिए? उनका मुख, हात, जाँघ र पाउहरूको स्वरूप के हो ? ॥१०॥ ती यज्ञरूप विराट् पुरुषका मुखस्थानीय ब्राह्मणहरू हुन्। क्षत्रीयहरू भुजास्थानीय हुन्। वैश्यहरू जङ्घास्थानीय हुन् र शूद्रहरू चरणस्थानीय हुन् ॥११॥ विराट् पुरुषको मनबाट चन्द्रमा उत्पन्न भए। आँखाबाट सूर्य प्रकट भए। कानबाट वायु र प्राण उत्पन्न भए र मुखबाट अग्नि उत्पन्न भए ॥१२॥ उनै विराट् पुरुषको नाभिबाट अन्तरिक्ष र शिरबाट स्वर्ग प्रकट भयो। यस्तै पाउबाट भूमि र कानबाट दिशाहरूको उत्पत्ति भयो। यसैगरी देवताहरूले उनै विराट्पुरुषका विभिन्न अङ्गबाट अरु लोकहरूको कल्पना गरे ॥१३॥ जब यिनै विराट्पुरुषको देहका अवयवलाई हवि बनाएर विद्वान्हरूले ज्ञानयज्ञको रचना गरे तब त्यस यज्ञमा वसन्त ऋतु घ्यू, ग्रीष्म ऋतु समिधा र शरद् ऋतु हविको रूपमा रहे ॥१४॥

सुप्तास्यासन्परिधयस्त्रिःसुप्तसमिधःकृताः ॥
देवायद्यज्ञन्तन्वानाऽअबध्नन्पुरुषम्पशुम् ॥ १५ ॥
यज्ञेनयज्ञमयजन्तदेवास्तानिधर्माणिप्रथमान्यासन् ॥
तेहनाकम्महिमानःसचन्तयत्रपूर्वेसाध्याःसन्तिदेवाः ॥ १६ ॥

॥ ॐ शिरसे स्वाहा ॥

अद्भ्यःसम्भृतःपृथिव्यैरसाच्चविश्वकर्मणःसमवर्त्तताग्ग्रे ॥
तस्यत्वष्टाविदधद्रूपमेतितन्मर्त्त्यस्यदेवत्वमाजानमग्ग्रे ॥ १७ ॥

---

यो मानसयज्ञको अनुष्ठान गर्दै देवताहरूले यिनै विराट्पुरुषलाई पशुको रूपमा भावित गरे । त्यतिबेला गायत्री आदि सात छन्दहरू सात परिधि बने। बाह्र महिना, पाँच ऋतु, तीन लोक र सूर्य समेत एक्काइस समिधा बने अथवा गायत्री आदि सात, अतिजगती आदि सात र कृति आदि सात छन्दहरू समिधा बने ॥१५॥ देवताहरूले विराट पुरुषका अवयवहरूलाई हविको रूपमा कल्पना गर्दै यो मानस यज्ञमा यज्ञपुरुष भगवान्को आराधना गरे । त्यसपछि यिनै वस्तुहरू भगवान्को उपासनाका साधन बने । जुन स्वर्गमा पुराना साध्य देवताहरू रहन्छन् त्यही दुःखरहित लोकमा यज्ञपुरुष भगवान्को उपासना गर्ने भक्तहरू पुग्छन् ॥१६॥

*उत्तरनारायणसूक्त–*

पृथिवी जल आदिको रसद्वारा परिपुष्ट, पञ्चमहाभूतात्मक सम्पूर्ण विश्वको निर्माण गर्ने, विराट् पुरुषभन्दा पनि पहिले विद्यमान रसस्वरूपी महानारायण पुरुष सर्वप्रथमं त्वष्टा (आदित्य)का रूपमा प्रकट हुनुहुन्छ । पुरुषमेध यज्ञ गर्ने मनुष्यका लागि यी आदित्यरूपमा अवतरित आद्य परमात्मा नै मुख्य आराध्य देवता हुनुहुन्छ ॥१७॥

वे॒दाहमे॒तम्पुरु॑षम्म॒हान्त॑मादि॒त्यव॑र्ण्णं॒तम॑सः॒परस्तात्॥
तमे॒वव्वि॑दि॒त्त्वाति॑मृ॒त्युमे॑ति॒नान्न्यः॒पन्था॑व्विद्य॒तेय॑नाय॥१८॥
प्र॒जाप॑तिश्श्चर॒ति॒गर्ब्भे॑ऽअ॒न्तरजा॑यमानोबहु॒धाव्विजा॑यते॥
तस्य॒योनि॒म्परि॑पश्यन्ति॒धीरा॒स्तस्मि॑न्न्हतस्थु॒र्ब्भुव॑नानि॒व्विश्श्वा॑॥१९॥
यो॒दे॒वेब्भ्य॑ऽआ॒तप॑ति॒यो॒दे॒वाना॑म्पु॒रोहि॑तः॥
पूर्व्वो॒यो॒दे॒वेब्भ्यो॑जा॒तोनमो॑रु॒चाय॒ब्ब्राह्म॑ये॥२०॥
रु॒चम्ब्रा॒ह्मञ्ज॒नय॑न्तोदे॒वाऽअग्ग्रे॒तद॑ब्ब्रुवन्॥
यस्त्वै॒वम्ब्ब्रा॑ह्म॒णोव्वि॒द्यात्तस्य॑दे॒वाऽअ॑स॒न्वशे॑॥२१॥

यी अविद्याले शून्य आदित्यझैँ प्रकाशमान तमोगुणभन्दा परका ज्ञानरूप परमपुरुष महानारायणलाई म जान्दछु । ती आदित्यरूप महानारायण परमात्मालाई जानिसकेपछि जोसुकैले पनि मृत्युलाई अतिक्रमण गरी अमृतत्वपद प्राप्त गर्न सक्दछ । अमृतत्व (मोक्ष) पदको प्राप्तिका लागि यसदेखि बाहेक अर्को कुनै उपाय छैन ॥१८॥ सर्वात्मा प्रजापति अन्तर्यामीको रूपमा गर्भभित्रबाट प्रकट हुनुहुन्छ । जन्म नलिने भएर पनि ती परमात्मा देवता, मनुष्य, पशुपक्षी आदि योनिमा नानारूपले प्रकट हुनुहुन्छ । ब्रह्मज्ञानी पुरुषहरू ब्रह्माको उत्पत्तिस्थान भएका ती परमपुरुषलाई सबैतिर देख्दछन् जसमा निश्चित रूपमा सबै लोक अवस्थित छन् ॥१९॥ जुन आदित्यरूप प्रजापति सबै देवतालाई शक्ति दिन सर्वदा प्रकाशमान हुनुहुन्छ । जुन भगवान्ले पहिलेदेखि ब्रह्मा, विष्णु, महेश आदि देवताको हित गर्दै आउनुभएको छ र जो सबैका पूज्य हुनुहुन्छ । जो सबै देवताभन्दा पहिले प्रकट हुनुभएको हो । त्यस्ता ब्रह्मज्योतिस्वरूप परमपुरुषलाई हामी प्रणाम गर्दछौँ ॥२०॥ इन्द्रियका अधिष्ठाता देवताहरूले सुन्दर ब्रह्मज्योतिरूप आदित्यदेवलाई आविर्भूत गर्दै सर्वप्रथम यो कुरा भन्न थाले– हे आदित्यदेव ! जुन ब्राह्मणले हजुरको यो वास्तविक स्वरूपलाई जान्दछन् तिनका अधीनमा सम्पूर्ण देवताहरू हुने गर्दछन् ॥२१॥

श्श्रीश्च्चुतेलुक्ष्मीश्च्चुपत्क्न्यावहोरात्रेपाश्र्वेनक्षत्राणिरूपमुश्श्विनौव्यात्तम्॥
इुष्ण्णन्निषाणामुम्मंऽइषाणसर्व्वलोकम्मंऽइषाण॥२२॥

॥ ॐ शिखायै वषट् ॥

॥ इति द्वितीयोऽध्यायः ॥

# अथ तृतीयोऽध्यायः

हरिः ॐ आुशुश्शिशानोव्वृषुभोनभीमोघनाघनश्क्षोभणश्च्चुर्षणीनाम्॥
सुङ्क्रन्दनोनिमिुषऽएकवीरश्शुतꣳसेनाऽअजयत्साकमिन्द्रः॥१॥
सुङ्क्रन्दनेनानिमिुषेणजिुष्ष्णुनायुत्त्कारेणदुश्श्च्यवनेनधृष्ष्णुना॥
तदिन्द्रेणजयतुतत्सहध्वंय्युधोनरऽइषुुहस्तेनुव्वृष्ष्णा॥२॥

---

हे भगवन् ! श्री र लक्ष्मी हजुरका दुई पत्नी हुन् । ब्रह्माका दिन–रात हजुरका पार्श्व हुन् । आकाशमा रहेका नक्षत्रहरू हजुरका स्वरूप नै हुन् । अश्विनी (अन्तरिक्ष) हजुरको विकसित मुख हो । हजुर सँधै मेरो कल्याणको कामना गर्नुहोस् । मलाई आफ्नो कल्याणमय लोक दिलाउनुहोस् र सम्पूर्ण योगैश्वर्यहरू प्रदान गर्नुहोस् ॥२२॥

॥ द्वितीय अध्याय समाप्त ॥

## *तृतीय अध्याय*

*अप्रतिरथ (इन्द्र) सूक्त–*

शीघ्रगामी, वज्रजस्तै तीखा, वर्षाको जस्तो स्वभाव भएका, भयङ्कर, शत्रुलाई खतम पार्ने, मनुष्यहरूलाई डर दिने, बारम्बार गर्जना गर्ने, देवता भएका कारणले आँखा नझिम्क्याउने अत्यन्त सावधान र अद्वितीय पराक्रमी इन्द्रदेवले एकैचोटी शत्रुका अनन्त सेनालाई जित्न सक्नुहुन्छ ॥१॥ हे युद्धरत मनुष्यहरू हो ! भयरहित शब्द गर्ने, अनेकौँ युद्ध जित्ने, निरन्तर युद्धरत, सावधान भई हातमा बाण लिने, जयशील र आफू अपराजित भई कामनाको वर्षा गर्नेवाला इन्द्रका प्रभावले ती शत्रुसेनालाई जित र आफ्ना अधीनमा राखी संहार गर ॥२॥

सऽइषुहस्तैःसनिषङ्गिभिर्वशीसस्रष्टासयुधऽइन्द्रोगणेन॥
सꣳसृष्टजित्सोमपाबाहुशर्ध्युग्रधन्वाप्रतिहिताभिरस्ता॥ ३॥
बृहस्पतेपरिदीयारथेनरक्षोहामित्राँ२॥ऽअपबाधमानः॥
प्रभञ्जन्त्सेनाःप्रमृणोयुधाजयन्नस्माकमेध्यविताराथानाम्॥ ४॥
बलविज्ञायस्थविरःप्रवीरःसहस्वान्वाजीसहमानऽउग्रः॥
अभिवीरोऽअभिसत्त्वासहोजाजैत्रमिन्द्ररथमातिष्ठगोवित्॥ ५॥
गोत्रभिदङ्गोविदंवज्रबाहुञ्जयन्तमज्मप्रमृणन्तमोजसा॥
इमꣳसजाताऽअनुवीरयध्वमिन्द्रꣳसखायोऽअनुसꣳरभध्वम्॥ ६॥

ती जितेन्द्रिय, शत्रुलाई आफ्नो अधीनमा राख्ने, हातमा बाण लिएका, युद्धमा ठूलै धनुर्धारीलाई पनि हाँक दिने इन्द्रले युद्धमा शत्रुको समूहलाई एकैचोटि जित्न सक्नुहुन्छ। यजमानहरूको यज्ञमा सोमपान गर्ने, बलवान् र उत्कृष्ट धनुर्धारी ती इन्द्रले आफ्ना धनुबाट छुटेका बाणद्वारा शत्रुलाई नाश गरिदिनुहुन्छ। त्यस्ता इन्द्रले हाम्रो रक्षा गर्नुहोस् ॥३॥ हे वाणीका अधिष्ठाता बृहस्पति ! हजुरले रथबाट सबैतिर विचरण गर्दै राक्षसहरूलाई नाश गरिदिनुहोस्। शत्रुलाई पीडित गर्दै र उनका सेनालाई नष्ट गर्दै ती दुष्ट हिंसकहरूलाई युद्धमा जित्नुहोस् र हाम्रा रथहरूको रक्षा गर्नुहोस्॥४॥ हे इन्द्र! हजुर अरुको बललाई जान्नेवाला, अत्यन्त पुराना, वीर, बलवान्, अन्नवान्, युद्धमा क्रूर, चारैतिर वीरयोद्धाहरूले युक्त, सबैतिरबाट परिचारकहरूले युक्त, बलबाट नै उत्पन्न भएका र शत्रुहरूलाई नष्ट गर्नेवाला हुनुहुन्छ। हाम्रो स्तुतिको रहस्य बुझ्नेवाला हजुर आफ्ना जयशाली रथमा सुशोभित हुनुहोस् ॥५॥ हे समानजन्मवाला देवताहरू हो ! असुरकुलका नाशक, वेदवाणीका ज्ञाता, हातमा बज्रधारण गर्ने, युद्धमा विजयी र आफ्नो बलद्वारा शत्रुको संहार गर्ने यी इन्द्रदेवलाई पराक्रम देखाउन उत्साह थपिदिनुहोस् र यिनलाई उत्साहित गर्दै आफैं पनि उत्साहले परिपूर्ण हुनुहोस् ॥६॥

अभिगोत्राणिसहसागाहमानोदुयोवीरःशतमन्युरिन्द्रः ॥
दुश्च्यवनःपृतनाषाडयुध्योस्माकꣳसेनाऽअवतुप्रयुत्सु ॥७॥
इन्द्रऽआसान्नेताबृहस्पतिर्द्दक्षिणायज्ञःपुरऽएतुसोमः ॥
देवसेनानामभिभञ्जतीनाञ्जयन्तीनाम्मरुतोयन्त्वग्ग्रम् ॥८॥
इन्द्रस्यवृष्ष्णोवरुणस्यराज्ञऽआदित्यानाम्मरुताꣳशर्द्धऽउग्ग्रम् ॥
महामनसाम्भुवनच्यवानाङ्घोषोदेवानाञ्जयतामुदस्थात् ॥९॥
उद्धर्षयमघवन्नायुधान्युत्सत्त्वनाम्मामकानाम्मनाꣳसि ॥
उद्वृत्रहन्वाजिनांवाजिनान्युद्रथानाञ्जयतांयन्तुघोषाः ॥१०॥
अस्माकमिन्द्रःसमृतेषुध्वजेष्ष्वस्माकंय्याऽइषवस्ताजयन्तु ॥
अस्माकंवीराऽउत्तरेभवन्त्वस्माँ२ ॥ऽउदेवाऽअवताहवेषु ॥११॥

शत्रुमाथि दया नगर्ने, पराक्रमी, बहुधा क्रोधयुक्त, सयौं यज्ञकर्म गर्ने, अरुबाट नष्ट नहुने, शत्रुसेनालाई संहार गर्ने र अरु कसैबाट पनि प्रहरित हुन नसक्ने इन्द्रले असुरकुललाई संग्राममा एकैचोटि नष्ट गर्दै हाम्रा सेनालाई बचाऊन् ॥७॥ बृहस्पति र इन्द्र सबै शत्रुसेनालाई नष्ट गर्ने विजयशाली देवसेनाका अधिपति हुन् । यज्ञपुरुष भगवान् विष्णु दक्षिणा सोम र यिनीहरूका अगाडि हिंडून् । सबै मरुद्गण पनि सेनाका अगाडि अगाडि जाऊन् ॥८॥ सम्पूर्ण लोकलाई नष्ट गर्न सक्ने र विजय प्राप्त गर्नेवाला देवता, राजा वरुण, द्वादशादित्य, मरुद्गण, कामना अनुसारको वर्षा गराउने इन्द्रदेवको सभाबाट जयजय ध्वनि उठिरहेको छ ॥९॥ हे इन्द्र ! हजुरले आफ्ना शस्त्रहरूलाई राम्ररी सुसज्जित गरिदिनुहोस् । हाम्रा वीर सैनिकहरूको मनमा उत्साह भरिदिनुहोस् । हे वृत्रनाशक इन्द्र ! हजुरले हाम्रा घोडालाई छिटो हिंड्ने बनाइदिनुहोस् । विजयशील रथबाट जयघोषको उच्चारण भइरहोस् ॥१०॥ शत्रुका ध्वजासंग हाम्रा ध्वजाहरूको जम्का भेट हुने बेला इन्द्रले हाम्रो रक्षा गरून् । हाम्रा बाणले शत्रुलाई नष्ट गर्दै उनीहरूमाथि विजय प्राप्त गरून् र हाम्रा वीर सैनिकहरू शत्रुका सैनिकभन्दा श्रेष्ठ बनून् । हे देवता हो ! हजुरहरूले संग्राममा हाम्रो रक्षा गर्नुहोस् ॥११॥

अ॒मीषां॑ चि॒त्तम्प्र॑तिलो॒भय॑न्ती गृहा॒णाङ्गा॑न्यप्वे॒ परे॑हि॥
अ॒भि प्रेहि॒ निर्द॑ह हृ॒त्सु शोकै॑र॒न्धेना॒मित्रा॒स्तम॑सा सचन्ताम्॥१२॥
अव॑सृष्टा॒ परा॑पत॒ शर॑व्ये॒ ब्रह्म॑सᳪशिते॥
गच्छा॒मित्रा॒न्प्र प॑द्यस्व॒ मामीषा॒ङ्कञ्च॒नोच्छि॑षः॥१३॥
प्रेता॒ जय॑ता नर॒ऽइन्द्रो॑ वः॒ शर्म्म॑ यच्छतु॥
उ॒ग्रा व॑ सन्तु बा॒हवो॑ऽनाधृ॒ष्या यथास॑थ॥१४॥
अ॒सौ या सेना॑ मरुतः॒ परे॑षाम॒भ्यैति॑ न॒ऽओज॑सा॒ स्पर्द्ध॑माना॥
तां गू॑हत॒ तम॒सापव्र॑तेन॒ यथा॒मीऽअ॒न्यो॒ऽअ॒न्यन्न जा॒नन्॥१५॥

हे शत्रुहरूलाई कष्ट दिनेवाला रोगका अधिष्ठाता देव ! यी शत्रुहरूको चित्तलाई मोहित गर्दै यिनका शिर आदि अङ्गलाई लिनुहोस् र टाढा जानुहोस् । फेरी उनीहरूका नजिक गएर उनका हृदयलाई शोकदग्ध बनाइदिनुहोस्। हाम्रा शत्रुहरू गाढा ढकमक्क अन्धकारबाट ढाकिऊन् ॥१२॥ वेदमन्त्रद्वारा तिखारिएका बाणरूप हे ब्रह्मास्त्र हो ! मबाट प्रक्षिप्त भएका तिमीहरू शत्रुसेनामा जाओ, शत्रुका नजिक जाओ र उनका शरीरमा प्रवेश गर । यिनका कुनैपनि समूहलाई जीवित नछोड ॥१३॥ हे वीरपुरुष हो ! तिमीहरूले शत्रुका सेनामा छिटै आक्रमण गर र उनीहरूमाथि विजय प्राप्त गर । इन्द्रले तिमीहरूको कल्याण गरून् । तिम्रा हात शस्त्र उठाउन समर्थ हऊन् । जसबाट कुनै हालतमा पनि तिमीहरू शत्रुबाट पराजित नबन ॥१४॥ हे मरुद्गण ! यो शत्रुको सेना आफ्नो बलले हामीसंग सेखी गर्दै हाम्रा सामने आइरहेको छ । यिनीहरूलाई अकर्मण्य बनाइदेऊ, जसबाट ती शत्रुसेनाका सैनिकहरू एक आपसमा परिचित नहोऊन् र परस्पर शस्त्र चलाएर आफैं नष्ट होऊन् ॥१५॥

यत्रबाणाःसम्पतन्तिकुमाराविशिखाऽइव॥
तन्नऽइन्द्रोबृहस्पतिरदितिःशर्म्मयच्छतुविश्वाहाशर्म्मयच्छतु॥१६॥
मर्म्माणितेवर्म्मणाछादयामिसोमस्त्वाराजामृतेनानुवस्ताम्॥
उरोर्वरीयोवरुणस्तेकृणोतुजयन्तन्त्वानुदेवामदन्तु॥१७॥

॥ ॐ कवचाय हुम् ॥

॥ इति तृतीयोऽध्यायः ॥

# अथ चतुर्थोऽध्यायः

हरिः ॐ विभ्राड्बृहत्पिबतुसोम्म्यम्मद्ध्वायुर्द्दधद्यज्ञपतावविह्रुतम्॥
वातजूतोयोऽअभिरक्षतित्मनाप्प्रजाःपुपोषपुरुधाविराजति॥१॥

जुन युद्धमा शत्रुले चलाएका बाणहरू विकीर्ण शिखावाला साना–साना बालकहरू झैं यताउति लडिरहेका छन्, त्यस्ता युद्धमा इन्द्र, बृहस्पति र देवमाता अदितिले हामीलाई जिताऊन् । यी सबै देवताहरूले हाम्रो कल्याण गरून् ॥१६॥ हे यजमान ! म तिमीहरूका मर्मस्थानलाई कवचद्वारा ढाकिदिन्छु । ब्राह्मणका राजा सोमले तिमीलाई मृत्युबाट बचाउने किसिमको कवचले सुरक्षित गरून् । वरुणले तिम्रा कवचलाई अत्यन्त मजबुत बनाऊन् र विजयतिर उन्मुख भएका तिमीलाई सबै देवताहरूले उत्साहित बनाऊन् ॥१७॥

*॥ तृतीय अध्याय समाप्त ॥*

## चतुर्थ अध्याय

*मैत्रसूक्त–*

हे सूर्य भगवन् ! यजमानलाई अखण्डित आयु थप्दै हजुरले यो मीठो सोमरूप हविग्रहण गर्नुहोस् । जुन सूर्यदेव वायुबाट प्रेरित भई आत्माद्वारा प्रजाको पालन र पोषण गर्दछन् साथै ती सूर्यदेव अनेक रूपमा प्रकाशित भइरहेका छन् ॥१॥

उदु॒त्यञ्जा॒तवे॑दसन्दे॒वंव्वहन्ति॒के॒तव॑ः॥
दृ॒शेव्विश्श्वा॑य॒सूर्य्य॒म्॥२॥
येना॑पावक॒चक्ष॑साभु॒रण्यन्त॒ञ्जना॑ँ२॥ऽअनु॑॥
त्वंव्वरुण॒पश्य॑सि॥३॥
दैव्या॑वद्ध्वर्य्यू॒ऽआग॑त॒ꣳरथे॑न॒सूर्य्य॑त्वचा॥
मद्ध्वा॑य॒ज्ञꣳसम॑ञ्जाथे ॥ तम्प्र॒त्क्नथा॒यंव्वे॒नश्चि॒त्रन्दे॒वाना॑म्॥४॥
तम्प्र॒त्क्नथा॑पू॒र्वथा॑वि॒श्श्वथे॒मथा॑ज्ज्ये॒ष्ठता॑तिम्ब॒र्हि॒षद॑ꣳस्व॒र्व्विद॑म्॥
प्र॒ती॒ची॒नंव्वृ॒जनन्दोहसे॒धुनि॑मा॒शुञ्जय॑न्त॒मनु॒यासु॒वर्द्ध॑से॥५॥

---

सूर्य किरणहरूले सम्पूर्ण जगत्लाई प्रकाशित गर्नका लागि जातवेदस्रूप सूर्यदेवलाई माथि माथि लैजादैं छन् ॥२॥ सबैलाई शुद्ध गर्नेवाला हे वरुणदेव ! हजुरले जुन अनुग्रह दृष्टिले ती सुपर्णस्वरूपलाई हेर्नुहुन्छ तिनै चक्षुरिन्द्रियद्वारा हामी ऋत्विक्लाई पनि हेर्नुहोस् ॥३॥ हे दिव्य अश्विनीकुमारहरू हो ! हजुर दुवै सूर्यसमान कान्तियुक्त रथद्वारा हामीकहाँ आइपुग्नुहोस् र पुरोडाश दधि आदि यज्ञीय सामग्रीद्वारा यज्ञलाई अभिषिक्त गर्दै उत्कृष्ट हविवाला बनाइदिनुहोस् ॥४॥ हे इन्द्रदेव ! जुन यज्ञमा बारम्बार सोमरसपान गर्दै हजुर परिपुष्ट हुनुभएको छ । त्यस्ता हजुर उत्कृष्ट, विस्तृत र सर्वश्रेष्ठ यज्ञमा कुशासनमा रहनेवाला हुनुहुन्छ र स्वर्गको महिमालाई बुझ्नेवाला हुनुहुन्छ । शत्रुलाई थर्काइदिने र जययोग्य वस्तुलाई छिटै प्राप्त गराउने हजुरले यजमानलाई बलपूर्वक यज्ञफल प्रदान गर्नुहुन्छ । जसरी पुरातन भृगु आदि ऋषिहरू, पूर्वपितृहरू, विश्वका सम्पूर्ण प्राणीहरू र वर्तमान यजमानहरूले हजुरको स्तुति गरे त्यसरी नै हामी पनि हजुरको स्तुति गर्दछौं ॥५॥

pdf.upayogibooks.com

अयंवेनश्चोदयत्पृश्निगर्भाज्ज्योतिर्जरायूरजसोविमाने॥
इममपाᳬसङ्गमेसूर्य्यस्यशिशुन्नविप्रामतिभीरिहन्ति॥६॥
चित्रन्देवानामुदगादनीकञ्चक्षुर्म्मित्रस्यवरुणस्याग्ग्नेः॥
आप्राद्यावापृथिवीऽअन्तरिक्षᳬ सूर्य्यऽआत्माजगतस्तस्थुषश्च॥७॥
आनऽइडाभिर्विदथेसुशस्तिविश्श्वानरᳬसवितादेवऽएतु॥
अपियथायुवानोमत्सथानोविश्श्वञ्जगदभिपित्वेमनीषा॥८॥
यदद्यकच्चवृत्रहन्नुदगाऽअभिसूर्य्य॥सर्वन्तदिन्द्रतेवशे॥९॥
तरणिर्विश्श्वदर्शतोज्ज्योतिष्कृदसिसूर्य्य॥ विश्श्वमाभासिरोचनम्॥१०॥

विद्युत्-लक्षणवाला ज्योतिले युक्त यी कान्तिमान् चन्द्रमाले ग्रीष्म ऋतुको समाप्तिसंगै जलको उत्पादनका लागि सूर्य वा द्युलोकका गर्भमा रहनेवाला जलाधिष्ठातृदेवलाई प्रेरित गर्दछन् । बुद्धिमान् ब्राह्मणहरू सूर्यको जलका साथ सङ्गति हुनेवेलामा मधुर वाणीद्वारा यी सोमदेवलाई त्यसरी नै स्तुति गर्दछन्, जसरी मानिसहरू आफ्ना बच्चाहरूलाई सुमधुर वाणीले प्रसन्न गराउँदछन् ॥६॥ अहा ! यो कस्तो आश्चर्य हो ! देवताका जीवनका आधार भएका, तेजःपुञ्जरूपी, मित्र वरुण र अग्निका आँखारूपी सूर्य उदाइरहेका छन् । स्थावरजङ्गममय जगत्का आत्मास्वरूप यी सूर्यदेवले आफ्ना तेजले पृथिवी, स्वर्ग र अन्तरिक्षलाई ढकमक्क ढाकिरहेका छन् ॥७॥ सबै जीवलाई हित गर्ने अन्तर्यामी सूर्य भगवान् हाम्रा सुन्दर आहुतिद्वारा प्रसन्न भई यस प्रशंसनीय यज्ञशालामा प्रकट होऊन् । हे निर्जर देवताहरूहो ! हजुरहरू सबै यहाँ आउँदा जसरी तृप्त हुनुहुन्छ त्यसरी नै यी सम्पूर्ण जगत्लाई पनि प्रज्ञारूप अमृतद्वारा तृप्त गराइदिनुहोला ॥८॥ वृत्रहन्ता (अन्धकारलाई नष्ट गर्ने), ऐश्वर्ययुक्त हे सूर्यदेव ! हजुर आज जहाँ उदाउनुभएको छ यी सबै ठाउँ हजुरका अधीनमा भइसकेका छन् ॥९॥ हे सूर्यदेव ! हजुर संसाररूपी समुद्रमा डुङ्गा जस्तै हुनुहुन्छ । हजुर सबैका लागि दर्शनीय हुनुहुन्छ र सबैलाई तेज प्रदान गर्नेवाला हुनुहुन्छ । प्रकाशमान सम्पूर्ण संसारलाई हजुरले नै प्रकाशित गर्नुभएको हो अर्थात् हजुरकै ज्योतिले सूर्य, चन्द्रमा, अग्नि, विद्युत्, ग्रहनक्षत्र आदि प्रकाशित भएका हुन् ॥१०॥

तत्सूर्य्यस्यदेवत्वन्तन्महित्वम्मद्ध्याकर्त्तोर्व्वितत॒ꣳसञ्जभार॥
य॒देदयुक्तहरितः॑स॒धस्त्थादाद्रात्रीवासस्तनुतेसिमस्म्मै॥११॥
तन्मित्रस्यवरुणस्याभिचक्षेसूर्य्योरूपङ्कृणुतेद्योरुपस्थे॥
अनन्तमन्यद्रुशदस्यपाजः॑कृष्ष्णमन्यद्धरित॒ꣳसम्भरन्ति॥१२॥
बण्णमहाँ२॥ऽअसिसूर्य्यबडादित्त्यमहाँ२॥ऽअसि॥
महस्तेसतोमहिमापनस्यतेद्धादेवमहाँ२॥ऽअसि॥१३॥
बट्सूर्य्यश्श्रवसामहाँ२॥ऽअसिसत्रादेवमहाँ२॥ऽअसि॥
मह्नादेवानामसूर्य्य॒ꣳपुरोहितोविभुज्ज्योतिरदाब्भ्यम्॥१४॥

सूर्य भगवान्को जो यो महिमा हो त्यसैले विराटस्वरूप देहका मध्यभागमा सबैतिरबाट विस्तारित ग्रहमण्डललाई आफ्नो आकर्षणशक्तिद्वारा नियमित बनाउँछ । जब उहाँले आफ्ना हरितवर्णवाला किरणद्वारा आकाशलाई ढाकिदिनुहुन्छ त्यसपछि मात्रै रात्रीले आफ्ना अन्धकाररूपी वस्त्रद्वारा सबैलाई ढाक्ने काम गर्दछ ॥११॥ सूर्यदेवले स्वर्गलोकका काखमा रहेर मित्रदेव र वरुणदेवको रूप धारण गर्नुहुन्छ साथै त्यहीँबाट मनुष्यलाई राम्ररी हेर्नुहुन्छ । अर्थात् मित्रको रूपमा पुण्यात्मालाई अनुग्रहवृष्टि गर्नुहुन्छ र वरुणको रूपमा दुष्टलाई निगृहीत गर्नुहुन्छ । उनै सूर्यका अरु अनन्त स्वरूपहरू पनि छन् । वास्तवमा उहाँ नै देशकृत कालकृत वस्तुकृत परिच्छेदशून्य मायाधिष्ठाता पूर्णब्रह्म हुनुहुन्छ । उहाँका साकाररूपले इन्द्रियको वृत्ति अथवा किरणको रूप धारण गर्दछन् ॥१२॥ जगत्का प्रेरक सत्यस्वरूप हे सूर्यदेव ! हजुर सर्वश्रेष्ठ हुनुहुन्छ र हजुर नै महान् हुनुहुन्छ । स्तुतिकर्ताहरू हजुरको महान् र अविनाशी महिमाको गान गर्दछन् । हे प्रकाशमान् सत्यस्वरूप भगवन् ! हजुर महान् हुनुहुन्छ ॥१३॥ हे सत्यस्वरूप सूर्य ! हजुर धन र कीर्तिद्वारा महान् हुनुहुन्छ । हे सत्य स्वरूप देव ! हजुर सर्वश्रेष्ठ हुनुहुन्छ । हजुर आफ्नो महिमाद्वारा देवताको माझमा रहने, सबैलाई कल्याण गर्ने र असुरविनाशक हुनुहुन्छ । हजुर नै सबै कर्ममा अर्घ्यदानादिका माध्यमले प्रथमपूज्य हुनुहुन्छ । हजुरको ज्योति सर्वव्यापी र अनुल्लङ्घनीय छ ॥१४॥

श्रायन्तऽइवसूर्य्यंविश्वेदिन्द्रस्यभक्षत॥
वसूनिजातेजनमानऽओजसाप्प्रतिभागन्नदीधिम॥१५॥
अद्यादेवाऽउदितासूर्य्यस्यनिरᳯहसःपिपृतानिरवद्यात्॥
तन्नोमित्रोवरुणोमामहन्तामदितिःसिन्धुःपृथिवीऽउतद्यौः॥१६॥
आकृष्ष्णेनरजसावर्त्तमानोनिवेशयन्नमृतम्मर्त्त्यञ्च॥
हिरण्ण्ययेनसवितारथेनादेवोयातिभुवनानिपश्यन्॥१७॥

*॥ ॐ नेत्रत्रयाय वौषट् ॥*

*॥ इति चतुर्थोऽध्यायः ॥*

---

सूर्यका उपासक व्यक्तिले इन्द्र आदिको उपासनाबाट प्राप्त हुने धनधान्यादि ऐश्वर्य भोगलाई स्वतः प्राप्त गर्दछन् । अतः हजुर किरण सहित प्रकाशमान् भएर जब उदाउनुहुन्छ तब हामी यज्ञमा हजुरका लागि देवभाग अर्पित गर्दछौँ ॥१५॥ हे सूर्यरश्मिरूप देवता हो ! अब आज सूर्य उदाएपछि हजुरहरूले हामीलाई पाप र दुष्कीर्तिबाट मुक्त बनाइदिनुहोला । यस्तै मित्र, वरुण, अदिति, समुद्र, पृथिवी र स्वर्ग सबैले यो हाम्रो भनाइलाई स्वीकार गरून् ॥१६॥ सबैलाई प्रेरणा दिनेवाला सूर्य भगवान् सुवर्णमय रथमा चढेर कृष्णवर्ण र रात्रिका लक्षणले युक्त भएका अन्तरिक्षका मार्गमा पुनरावर्तनका क्रमले घुमी घुमी देवता मनुष्य आदिलाई आआफ्नो कार्यक्षेत्रमा नियुक्त गर्नुहुन्छ र सम्पूर्ण लोकलाई कर्तव्यपथमा लागे–नलागेको निरीक्षण गर्दै घुमिरहनुभएको छ ॥१७॥

*॥ चतुर्थ अध्याय समाप्त ॥*

# अथ पञ्चमोऽध्यायः

हरिः॑ॐ नम॑स्तेरुद्द्रम॒न्न्यव॑ऽउ॒तोत॒ऽइष॑वे॒नम॑ः॥
बा॒हुब्भ्या॑मु॒तते॒नम॑ः॥१॥
याते॑रुद्द्रशि॒वात॒नूरघो॒रापा॑पकाशिनी॥
तया॑नस्त॒न्न्वा॒शन्त॑मया॒गिरि॑शन्ता॒भिचा॑कशीहि॥२॥
यामिषु॑ङ्गिरिशन्त॒हस्तेबि॒भर्ष्य॒स्तवे॥
शि॒वाङ्गि॑रित्र॒ताङ्कु॑रु॒माहि॑ꣳसी॒ः पुरु॑ष॒ञ्जग॑त्॥३॥
शि॒वेन॒व्वच॑सात्त्वा॒गिरि॒शाच्छा॑वदामसि॥
यथा॑न॒ः सर्व्व॒मिज्जग॑दय॒क्ष्मꣳसु॒मना॒ऽअस॑त्॥४॥

## पञ्चम अध्याय

रुद्रसूक्त–

दुःख नाश गराउने वा ज्ञान दिने हे रुद्रदेव ! हजुरको क्रोधलाई, नमस्कार छ। हजुरको बाणलाई र हजुरका दुवै हातहरूलाई पनि नमस्कार छ ॥१॥ कैलाशपर्वतमा विराजमान अथवा वाणीमा या मेघमा रहेर सबैलाई आनन्द दिने हे रुद्रदेव ! घोर र अघोर गरी हजुरका दुई रूप छन्। ती दुई मध्ये जुन कल्याणकारी, पापनाशक र सौम्य अघोररूप छ त्यो सुखदायक मङ्गलमयरूप धारण गरेर हामीलाई दर्शन दिनुहोस् र हाम्रो रक्षा गर्नुहोस् ॥२॥ पर्वतको शिखरमा निवास गर्ने हे रुद्रदेव ! हजुर वेदवाणीमा पनि रहनुहुन्छ र सबैको रक्षा गर्नुहुन्छ अथवा वृष्टिको रूपले सवैको पालन गर्नुहुन्छ। हजुरले संसारको प्रलय गर्दा आफ्नो हातमा जुन बाण लिनुहुन्छ त्यस बाणलाई लोककल्याणका निमित्त प्रयोग गरिदिनुहोस्। हाम्रा स्त्रीपुत्रादि परिवारजन र सम्पूर्ण पशुपक्षीआदि प्राणीमाथि प्रयोग नगरिदिनुहोस् ॥३॥ कैलाशमा शयन गर्ने हे शिव ! हामीहरू हजुरलाई प्राप्त गर्नका लागि कल्याणमय वाणीद्वारा हजुरको स्तुति गर्दछौं। हामी संसारका सम्पूर्ण प्राणीहरूलाई ...ा र सद्विचारवाला बनाइदिनुहोस् ॥४॥

अद्ध्यवोचदधिवक्ताप्प्रथमोदैव्योभिषक्॥
अहींश्च्चसर्वाञ्जम्भयन्सर्वांश्च्चयातुधान्योधराचीःपरासुव॥५॥
असौयस्ताम्म्रोऽअरुणऽउतबब्भ्रुःसुमङ्गलः॥
येचैनꣳरुद्द्राऽअभितोदिक्षुश्रिताःसहस्त्रशोवैषाꣳहेडऽईमहे॥६॥
असौयोवसर्प्पतिनीलग्ग्रीवोविलोहितः॥
उतैनङ्गोपाऽअदृश्श्रन्नदृश्श्रन्नुदहार्य्यःसदृष्ट्टोमृडयातिनः॥७॥
नमोस्तुनीलग्ग्रीवायसहस्त्राक्षायमीढुषे॥
अथोयेऽअस्यसत्त्वानोहन्तेब्भ्योकरन्नमः॥८॥
प्प्रमुञ्चधन्न्वनस्त्वमुभयोरात्त्न्र्योर्ज्ज्याम्॥
याश्च्चतेहस्तऽइषवःपराताभगवोवप॥९॥

मुख्य वक्ताका रूपमा रहने, देवताहरूमा प्रमुख र रोगनाशक रुद्रदेवले हामीहरूलाई विशेषरूपले वर्णन गरून् साथै सर्प व्याघ्रादि हिंस्रक प्राणीलाई नष्ट गर्दै अधोगमन गराउने सम्पूर्ण राक्षसीहरूलाई पनि हामीबाट टाढा भगाइदिनुहोस् ॥५॥ जुन रुद्रदेव सूर्यरूपमा सबैका सामु प्रत्यक्ष हुनुहुन्छ। जो उदाउँदा रातो, अस्ताउँदा अरुण र मध्याह्न कालमा पिङ्गल वर्णभएका मङ्गलदायी हुनुहुन्छ। जसका वरिपरि हजारौं रुद्रांशरूप किरणहरू व्याप्त छन्। त्यस्ता रुद्र भगवान्‌को क्रोधलाई हामीले आफ्नो श्रद्धापूर्ण साधनाबाट निराकरण गरौं ॥६॥ जुन भगवान् कर्मसाक्षी भई नित्य उदाउने र अस्ताउने गर्नुहुन्छ त्यस्ता नीलकण्ठ र कहिलेकाहीं लालिमाले युक्त हुने सूर्यरूप रुद्र भगवान्‌लाई सामान्य अज्ञानी गोठाला, खेताला र पधेंनीहरूले समेत प्रत्यक्ष रूपमा दर्शन गर्दछन्। त्यस्ता रविमण्डलमा अवस्थित रुद्रदेवले हामीलाई सुखी बनाऊन् ॥७॥ हजारौं नेत्रद्वारा जगत्‌लाई हेर्ने र कृपादृष्टि छर्ने नीलकण्ठ भगवान्‌लाई नमस्कार छ। त्यस्तै जुन उहाँका सत्त्वगुणी अनुचरहरू छन्, तिनीहरूलाई पनि म नमस्कार गर्दछु ॥८॥ हे भगवन्! हजुरका धनुषका दुवै टुप्पामा बाँधिएको ताँदो (डोरी)लाई खोलिदिनुहोस्, हजुरका हातमा रहेका बाणलाई पनि टाढै हटाइदिनुहोस् र हजुर हाम्रा लागि कल्याणकारी भइदिनुहोस् ॥९॥

विज्ज्यन्धनुः कपर्द्दिनोविशल्ल्योबाणवाँ२॥उत॥
अनेशन्नस्ययाऽइषवऽआभुरस्यनिषङ्गधिः॥१०॥
यातेहेतिम्मीढुष्टमहस्तेबभूवतेधनुः॥
तयास्मान्विश्श्वतस्त्वमयक्ष्मयापरिभुज॥११॥
परितेधन्न्वनोहेतिरस्मान्वृणक्तुविश्श्वतः॥
अथोयऽइषुधिस्तवारेऽअस्म्मन्निधेहितम्॥१२॥
अवतत्त्यधनुष्ट्वᳬसहस्त्राक्षशतेषुधे॥
निशीर्य्यशल्ल्यानाम्मुखाशिवोनः सुमनाभव॥१३॥
नमस्तऽआयुधायानाततायधृष्ण्णवे॥
उभाब्भ्यामुततेनमोबाहुब्भ्यान्तवधन्न्वने॥१४॥

जटाजूटधारी शिवजीको धनु ताँदोरहित हओस्। ठोक्रो विषालु बाणले रहित हओस्। यी रुद्रदेवका बाणहरू कहीँ कतै नदेखिऊन् र यिनको म्यान (खड्ग राख्ने ठाउँ) पनि खाली हओस्। अर्थात् भगवान् रुद्र हाम्रा लागि निःशस्त्र भइदिनुहोस् ॥१०॥ अमृत वर्षाउने हे भगवन्! हजुरका हातमा जे जति हतियार वा धनुष छन् ती उपद्रवरहित हऊन् र हजुरले त्यस्ता उपद्रवरहित हतियारहरूद्वारा हामीलाई चारैतिरबाट रक्षा गर्दै पालन गर्नुहोस् ॥११॥ हे रुद्रदेव! हजुरका धनुर्बाणले सबैतिरबाट हामीलाई रक्षा गरून् तर हजुरको बाण राख्ने जुन ठोक्रो छ त्यसलाई हामीभन्दा टाढै राखिदिनुहोस् ॥१२॥ हजारौं नेत्रले संसारलाई देख्न सक्ने हे भगवन्! हजुरका तरकस (बाण राख्ने ठोक्रा) पनि सैकडौं छन् तर हजुरले आफ्नो धनुलाई ताँदो रहित बनाउनुहोस्। बाणको अग्रभागलाई बोधो बनाउनुहोस् र हामी उपर प्रसन्न एवं कल्याणकारी हुनुहोस् ॥१३॥ हे रुद्रदेव! हजुरका शत्रुनाश गर्न समर्थ तर नखोलिएका हतियारलाई नमस्कार छ। हजुरका दुवै बाहुलाई नमस्कार छ र यस्तै हजुरको विजयशाली धनुषलाई पनि नमस्कार छ ॥१४॥

मानोमुहान्तमुतमानोऽअर्भकम्मानुऽउक्षन्तमुतमानऽउक्षितम्॥
मानोवधीःपितरम्मोतमातरम्मानःप्प्रियास्तन्वोरुद्ररीरिषः॥१५॥
मानस्तोकेतनयेमानुऽआयुषिमानोगोषुमानोऽअश्श्वेषुरीरिषः॥
मानोव्वीरान्नुद्रभामिनोवधीर्हविष्मन्तःसदमित्त्वाहवामहे॥१६॥

॥ ॐ अस्त्राय फट् ॥

(प्रथमावृत्तौ पुनर्नमस्ते षोडशकं जप्त्वा)

**नमोहिरण्ण्यबाहवेसेनान्न्येदिशाञ्चपतयेनमोनमोव्वृक्षेब्भ्योहरिकेशेब्भ्यःपशूनाम्पतयेनमोनमःशष्प्पिञ्जरायत्त्विषीमतेपथीनाम्पतयेनमोनमोहरिकेशायोपवीतिनेपुष्टानाम्पतयेनमोनमोबब्भ्लुशाय॥१७॥**

हे रुद्रदेव ! हजुरले हाम्रा महनीय वृद्ध गुरुजनहरूलाई नष्ट नगर्नुहोस् । त्यस्तै आमाका गर्भमा रहेका शिशुहरूलाई, बालकहरूलाई, तन्नेरी नौजवानहरूलाई पनि नमारिदिनुहोस् । यसैगरी हाम्रा पिता, माता र प्यारा पुत्रपौत्रादि परिवारलाई पनि नमारिदिनुहोस् ॥१५॥ हे रुद्र ! हाम्रा पुत्रपौत्रादि सन्ततिलाई नमार्नुहोस् । हाम्रो आयु नष्ट नगर्नुहोस् । हाम्रा गाई आदि पशुमा र घोडा आदि वाहनमा प्रहार नगर्नुहोस् । त्यस्तै हाम्रा रिसाहा सैनिकहरूको वध नगरिदिनुहोस् । हामीहरू हवि वा पूजासमग्री सहित भएर सँधै हजुरको आवाहन गर्दछौं ॥१६॥ आफ्ना बाहुमा सुवर्ण धारण गर्ने, सेनानायक र दिशाका अधिपति रुद्रदेवलाई नमस्कार छ । पूर्णरूपमा हरियो केशवाला, वृक्षरूप र जीवहरूलाई पालन गर्ने रुद्रदेवलाई नमस्कार छ । कान्तिमान् बालतृण जस्ता पहेलो वर्ण भएका मार्गहरूका पालक रुद्रदेवलाई नमस्कार छ । नीलवर्णवाला केश भएका र मङ्गलका निमित्त यज्ञोपवीत धारण गर्नेवाला एवं सद्गुणहरूले युक्त मनुष्यका मालिक रुद्रदेवलाई नमस्कार छ ॥१७॥

नमो॑बब्भ्लुशाय॑व्याधिने॒न्नाना॒म्पत॑ये॒नमो॒नमो॑भ॒वस्य॑हे॒त्यैजग॑ता
म्पत॑ये॒नमो॒नमो॑रु॒द्रायात॒ता॒यिने॒क्षेत्रा॑णा॒म्पत॑ये॒नमो॒नम॑ःसू॒तायाह॑न्त्यै॒
व्वना॑ना॒म्पत॑ये॒नमो॒नमो॒रोहिताय॥१८॥

नमो॒रोहि॑ताय॒स्थ॒पत॑ये॒वृ॒क्षाणा॒म्पत॑ये॒नमो॒नमो॑भु॒व॒न्तये॑व्वारिवस्कृ॒ता
यौष॑धीना॒म्पत॑ये॒नमो॒नमो॑म॒न्त्रिणे॑व्वाणि॒जाय॒कक्षा॑णा॒म्पत॑ये॒नमो॒नम॑ऽ
उ॒च्चैर्घो॑षायाक्र॒न्दय॑तेप॒त्तीना॒म्पत॑ये॒नमो॒नम॑ःकृ॒त्स्नाय॒तया॒॥१९॥

नम॑ःकृ॒त्स्नाय॒तया॒धाव॑ते॒सत्त्वा॑ना॒म्पत॑ये॒नमो॒नम॒ꣳसह॑मानायनि॒व्व्या
धिन॑ऽआव्या॒धिनी॑ना॒म्पत॑ये॒नमो॒नमो॑निष॒ङ्गिणे॑ककु॒भाय॑स्ते॒नाना॒म्पत॑ये॒
नमो॒नमो॑निचे॒रवे॑परिच॒रायार॑ण्ण्याना॒म्पत॑ये॒नमो॑नमो॒व्वञ्च॑ते॥२०॥

कैलो वर्ण भएका अथवा कपिल वर्णयुक्त वृषभमा आरूढ हुने, शत्रुहरूलाई वेधन गर्ने र अन्नका पालक रुद्रदेवलाई नमस्कार छ। संसारका आयुधरूप भएका तथा जगत्को पालन गर्ने र हतियार उठाउनेवाला रुद्रदेवलाई नमस्कार छ। देहहरूको पालन गर्ने, नमार्नेवाला, सारथिरूप र वनका रक्षक रुद्रदेवलाई नमस्कार छ ॥१८॥ लोहित वर्ण भएका, गृह आदिको निर्माण गर्न विश्वकर्मा रूप लिने र वृक्षका पालक रुद्रदेवलाई नमस्कार छ। भुवनलाई विस्तार गर्ने, समृद्धि गराउने र औषधिहरूका रक्षक रुद्रदेवलाई नमस्कार छ। समालोचनामा कुशल, व्यापारकर्तारूप र वनका लतावृक्ष आदिको पालन गर्नेवाला रुद्रदेवलाई नमस्कार छ। युद्धमा डरलाग्दो शब्द गर्ने, शत्रुहरूलाई रुवाउने र अश्वादि विविध सेनाहरूको पालन गर्नेवाला रुद्रदेवलाई नमस्कार छ ॥१९॥ कानसम्म धनु खिंचेर अत्यन्तै छिटो युद्धमा दौडिने, सम्पूर्ण लाभ गराउने रुद्रदेवलाई नमस्कार छ। शरणागत प्राणीहरूको पालन गर्ने रुद्रदेवलाई नमस्कार छ। शत्रुलाई तिरस्कार गर्नेवाला र शत्रुलाई वेधन गर्नेवाला रुद्रदेवलाई नमस्कार छ। सबै प्रकारले प्रहार गर्न सक्ने सूरा र सेनाका रक्षक रुद्रदेवलाई नमस्कार छ। खड्ग चलाउनेवाला महान् रुद्रदेवलाई नमस्कार छ। गुप्त चोरहरूका रक्षक [illegible] ार छ। निरन्तर गतिशील र हरण गर्ने इच्छाले आपण आदिमा [illegible] रुद्रदेवलाई नमस्कार छ र वनका रक्षक रुद्रदेवलाई नमस्कार

नमोवञ्चतेपरिवञ्चतेस्तायूनाम्पतयेनमोनमोनिषङ्गिणऽइषुधिमते
तस्क्कराणाम्पतयेनमोनमः सृकायिब्भ्योजिघांसद्भ्योमुष्णता
म्पतयेनमोनमोऽसिमद्भ्योनक्तञ्चरद्भ्योविकृन्तानाम्पतयेनमः ॥२१॥
नमऽउष्णीषिणेगिरिचरायकुलुञ्चानाम्पतयेनमोनमऽइषुमद्भ्यो
धन्न्वायिब्भ्यश्चवोनमोनमऽआतन्न्वानेब्भ्यः प्प्रतिदधानेब्भ्य
श्चवोनमोनमऽआयच्छद्भ्योस्यद्भ्यश्चवोनमोनमोविसृजद्भ्यः ॥२२॥
नमोविसृजद्भ्योविद्ध्यद्भ्यश्चवोनमोनमः स्वपद्भ्योजाग्ग्रद्भ्य
श्चवोनमोनमः शयानेब्भ्यऽआसीनेब्भ्यश्चवोनमोनमस्तिष्ठद्भ्यो
धावद्भ्यश्चवोनमोनमः सभाब्भ्यः ॥२३॥

वञ्चना गर्नेवाला र आफ्ना मालिकलाई विश्वास दिलाएर धन हरण गर्ने व्यक्तिलाई समेत ठग्नेवाला रुद्ररूप भगवान्‌लाई नमस्कार छ । गुप्तधन चोर्नेवालाका पालक रुद्रदेवलाई नमस्कार छ । बाण र ठोक्रो धारण गर्नेवाला रुद्रदेवलाई नमस्कार छ । खुलेर चोरी गर्नेवालालाई रक्षा गर्ने रुद्रदेवलाई नमस्कार छ । वज्रधारण गर्ने र शत्रुको संहार गर्ने इच्छा राख्नेवाला रुद्रदेवलाई नमस्कार छ । खेतमा पैदा हुने धान आदि वनौषधि लैजानेवालालाई रक्षा गर्ने रुद्रदेवलाई नमस्कार छ । प्राणीहरूलाई घात गर्न वा रक्षा गर्न खड्गधारण गरेर रात्रिमा विचरण गर्ने रुद्रदेवलाई नमस्कार छ । अरुलाई कृन्तन गरेर उनीहरूको धन हरण गर्नेवालालाई पनि पालन गर्ने रुद्रदेवलाई नमस्कार छ ॥२१॥ शिरमा फेटा गुतेर पर्वत आदि दुर्गम स्थलमा घुम्नेवाला रुद्रदेवलाई नमस्कार छ । छलपूर्वक अरुका खेत, घर आदि हरण गर्नेवालालाई पालन गर्ने रुद्रदेवलाई नमस्कार छ । मानिसहरूलाई भयभीत गर्न बाण धारण गर्ने र धनुष धारण गर्ने रुद्रदेवहरूलाई नमस्कार छ । धनुमा ताँदो चढाउनेवाला रुद्रदेवलाई र धनुमा बाण सन्धान गर्नेवाला रुद्रदेवलाई नमस्कार छ । धनुलाई राम्ररी खिच्नेवाला र बाणलाई राम्ररी प्रहार गर्नेवाला रुद्रदेवलाई नमस्कार छ ॥२२॥ पापीहरूलाई दमन गर्न बाण चलाउनेवाला रुद्रदेवलाई नमस्कार छ । शत्रुहरूलाई वेधन गर्नेवाला रुद्रदेवलाई नमस्कार छ । स्वप्नावस्थाको अनुभव गर्नेवाला, जाग्रत् अवस्थावाला र सुषुप्ति अवस्थावाला रुद्रदेवलाई नमस्कार छ । बस्दै गरेका, स्थिर रहेका र वेगवान् तीव्र गतिवाला रुद्रदेवलाई नमस्कार छ ॥२३॥

नम॑÷सुभाब्भ्य॑÷सुभापतिब्भ्यश्चद्ब्वोनमोनमोश्श्वेब्भ्योश्श्वपति ब्भ्यश्चद्ब्वोनमोनम॑ऽआव्याधिनींब्भ्योविविद्ध्यन्तीब्भ्यश्चद्ब्वोनमो-नमऽउगणाब्भ्यस्तृꣳहतीब्भ्य॑श्चद्ब्वोनमोनमोगणेब्भ्य॑÷॥२४॥

नमोगणेब्भ्योगणपतिब्भ्यश्चद्ब्वोनमोनमोव्व्रातेब्भ्योव्व्रातपति ब्भ्यश्चद्ब्वोनमोनमोगृत्सेब्भ्योगृत्सपतिब्भ्यश्चद्ब्वोनमोनमोविरूपे ब्भ्योविश्श्वरूपेब्भ्यश्चद्ब्वोनमोनमꣳसेनाब्भ्यꣳ॥२५॥

नमꣳसेनाब्भ्यꣳसेनानिब्भ्य॑श्चद्ब्वोनमोनमोरथिब्भ्योऽअरथेब्भ्य श्चद्ब्वोनमोनम॑÷क्षत्तृब्भ्य॑÷सङ्ग्रहीतृब्भ्य॑श्चद्ब्वोनमोनमोमहद्भ्योऽ अर्ब्भकेब्भ्य॑श्चद्ब्वोनम॑÷॥२६॥

सभारूप र सभापतिरूप रुद्रदेवलाई नमस्कार छ। अश्वरूप र अश्वका अधिपतिको रूपमा रहेका रुद्रदेवलाई नमस्कार छ। सबै प्रकारले वेधन गर्नेवाला देवसेनारूप रुद्रदेवलाई र विशेष रूपले वेधन गर्नेवाला देवसेनारूप रुद्रदेवलाई नमस्कार छ। उत्कृष्ट भृत्यहरूको समूहवाला ब्राह्मी आदि मातृस्वरूप रुद्रदेवलाई नमस्कार छ। हनन गर्न समर्थ दुर्गा आदि मातृस्वरूप रुद्रदेवलाई नमस्कार छ॥ २४॥ देवताहरूका अनुचर भूतगणरूप रुद्रदेवलाई नमस्कार छ। भूतगणका मालिक भएका रुद्रदेवलाई नमस्कार छ। भिन्न भिन्न जाति समूहरूप रुद्रदेवलाई र विभिन्न जाति समूहका अधिपतिरूप रुद्रदेवलाई नमस्कार छ। मेधावी ब्रह्मजिज्ञासु बनेका रुद्रदेवलाई र यस्ता जिज्ञासुका अधिपति भएका रुद्रदेवलाई नमस्कार छ। निकृष्ट रूपवाला रुद्रदेवलाई र नानारूप भएका विश्वरूपी रुद्रदेवलाई नमस्कार छ ॥२५॥ सेनारूप रुद्रलाई र सेनापतिरूप रुद्रदेवलाई नमस्कार छ। रथमा चढ्नेवाला र रथविहीन रुद्रदेवलाई नमस्कार छ। रथका अधिष्ठातारूप रुद्रदेवलाई नमस्कार छ र सारथिरूप रुद्रदेवलाई नमस्कार छ। जाति तथा विद्या आदिले उत्कृष्ट प्राणीको रूपमा रहेका रुद्रदेवलाई नमस्कार छ। प्रमाण आदिले न्यून बालकको रूपमा रहेका रुद्रदेवलाई नमस्कार छ॥२६॥

नमुस्तक्षंब्भ्योरथकुारेब्भ्यश्च्चुवोनमोनमुःकुलालेब्भ्यःकुर्म्मारेब्भ्यश्च्चुवोनमुोनमोनिषादेब्भ्यःपुञ्जिष्ठेब्भ्यश्च्चुवोनमुोनमः श्वुनिब्भ्योमृगयुब्भ्यश्च्चुवोनमोनमुःश्वब्भ्यः॥२७॥
नमुःश्वब्भ्युःश्वपतिब्भ्यश्च्चुवोनमोनमोभुवायचरुद्रायचुनमःशर्वायचपशुपतयेचुनमोनीलग्ग्रीवायचशितिकण्ठायचुनमःकपुर्द्दिने॥२८॥
नमःकपुर्द्दिनेचुव्युप्तकेशायचुनमःसहस्राक्षायचशुतधन्वनेचुनमोगिरिशुयायचशिपिविष्टायचुनमोमीढुष्टमायुचेषुमतेचुनमोह्रुस्वाय॥२९॥
नमोहृुस्वायचवामुनायचुनमोबृहुतेचुवर्षीयसेचुनमोवृद्ध्यायचसुवृधेचुनमोऽग्ग्र्यायचप्प्रथुमायचनमऽआशवे॥३०॥

शिल्पकाररूप रुद्रदेवलाई नमस्कार छ। रथको निर्माण गर्नेवाला रुद्रदेवलाई नमस्कार छ। कुम्भकाररूप रुद्रदेवलाई र लौहकाररूप रुद्रदेवलाई नमस्कार छ। वन पर्वत आदिमा घुम्ने निषादरूप रुद्रदेवलाई र पक्षीहरूलाई मार्ने पुल्कश आदि रूप रुद्रदेवलाई नमस्कार छ। कुक्कुरहरूको गलामा बाँधिएको डोरी धारण गर्ने रुद्रदेवलाई नमस्कार छ र मृगहरूको कामना गर्नेवाला व्याधारूप रुद्रदेवलाई नमस्कार छ ॥२७॥ कुक्कुरहरूको रूपमा विचरण गर्ने रुद्रदेवलाई नमस्कार छ। कुक्कुरका मालिकको रूपमा रहेका रुद्रदेवलाई नमस्कार छ। प्राणीहरूको उत्पत्ति गराउने रुद्रदेवलाई नमस्कार छ। दुःखका विनाशक र पापलाई नाश गर्नेवाला रुद्रदेवलाई नमस्कार छ। पशुहरूका रक्षक रुद्रदेवलाई नमस्कार छ। हलाहल विष पिउँदा घाँटीमा नीलो वर्ण भएका र सेतो गलावाला रुद्रदेवलाई नमस्कार छ ॥ २८॥ जटाजुट धारण गर्नेवाला रुद्रलाई नमस्कार छ। केश मुण्डन गरेका रुद्रदेवलाई नमस्कार छ। हजारौं आँखा भएका इन्द्ररूप रुद्रदेवलाई नमस्कार छ। सयौं धनुष धारण गर्नेवाला रुद्रदेवलाई नमस्कार छ। कैलाशपर्वतमा शयन गर्नेवाला रुद्रदेवलाई नमस्कार छ। सबै प्राणीका हृदयभित्र अन्तर्यामीको रूपमा रहने विष्णुरूप रुद्रदेवलाई नमस्कार छ। ज्यादै सेचन गर्नेवाला मेघरूप रुद्रदेवलाई नमस्कार छ। बाण धारण गर्नेवाला रुद्रदेवलाई पनि नमस्कार छ ॥२९॥ सानो शरीर भएका र पुड्के शरीर भएका रुद्रदेवलाई नमस्कार छ। ठूलो शरीर भएका रुद्रदेवलाई नमस्कार छ। अत्यन्तै वृद्धावस्था भएका रुद्रदेवलाई नमस्कार छ। धेरै आयु भएका रुद्रदेवलाई नमस्कार छ। विद्या र विनयादि गुणले सम्पन्न विद्वान्हरूका साथी भएका रुद्रदेवलाई नमस्कार छ। जगत्का आदिभूत रुद्रदेवलाई नमस्कार छ र सर्वत्र मुख्य रूपमा विराजमान रुद्रदेवलाई नमस्कार छ ॥३०॥

नमऽआशवेचाजिरायचनमःशीग्घ्र्यायचशीभ्यायचनमऽऊम्म्यी
यचावस्वन्न्यायचनमोनादेयायचद्वीप्प्यायच॥३१॥
नमोज्ज्येष्ठायचकनिष्ठायचनमःपूर्वजायचापरजायचनमोमद्ध्यमार
चापगल्भायचनमोजघन्न्यायचबुध्न्यायचनमःसोभ्यायच॥३२॥
नमःसोभ्यायचप्प्रतिसर्य्यायचनमोयाम्म्यायचक्षेम्म्यायचनमःश्लोक्क्य
यचावसान्न्यायचनमऽउर्व्वर्य्यायचखल्ल्यायचनमोवन्न्याय॥३३॥
नमोवन्न्यायचकक्ष्यायचनमःश्रवायचप्प्रतिश्रवायचनमऽआशु
णायचाशुरथायचनमःशूरायचावभेदिनेचनमोबिल्म्मिने॥३४॥

जगद्व्यापी रुद्रदेवलाई नमस्कार छ। गतिशील रुद्रदेवलाई नमस्कार छ
वेगवान् वस्तुहरूमा रहने रुद्रदेवलाई नमस्कार छ। जलप्रवाहमा विद्यमा
आत्मश्लाघी रुद्रदेवलाई नमस्कार छ। जलतरङ्गहरूमा व्याप्त र स्थिर जलरू
रुद्रदेवलाई नमस्कार छ। नदीहरूमा र द्वीपहरूमा व्याप्त रुद्रदेवलाई नमस्कार छ ॥३१॥
अत्यन्तै श्रेष्ठ ज्येष्ठरूप रुद्रदेवलाई नमस्कार छ। अत्यन्त युवा अथवा कान्छ
रुद्रदेवलाई नमस्कार छ। जगत्का आदिमा हिरण्यगर्भको रूपमा प्रकट हु
रुद्रदेवलाई नमस्कार छ। प्रलयका समयमा कालाग्नि जस्तै रूप धारण गर्नेवाल
रुद्रदेवलाई नमस्कार छ। सृष्टि र प्रलयको मध्यमा देवता, मनुष्य र पशुपक्ष
आदिको रूपमा उत्पन्न हुनेवाला रुद्रदेवलाई नमस्कार छ। अप्रकट इन्द्रिय भएक
रुद्रदेवलाई नमस्कार छ। अथवा विनीत रुद्रदेवलाई नमस्कार छ। गाई आदिक
जघनप्रदेशबाट उत्पन्न हुने रुद्रदेवलाई नमस्कार छ र वृक्ष आदिका फेदमा निवास
गर्नेवाला रुद्रदेवलाई नमस्कार छ ॥३२॥ पुण्यपापले युक्त भएका मनुष्यलोकम
उत्पन्न हुनेवाला रुद्रदेवलाई नमस्कार छ। मङ्गलकार्यमा कल्याणरूप भई रहन
रुद्रदेवलाई नमस्कार छ। पापीहरूलाई नारकी वेदना दिने यमराजका पनि अन्तर्यामि
रुद्रदेवलाई नमस्कार छ। कुशलकर्ममा रहनेवाला रुद्रदेवलाई नमस्कार छ
वेदका मन्त्रद्वारा प्रकट हुने रुद्रदेवलाई नमस्कार छ। वेदान्तको तात्पर्यविषयीभू
रुद्रदेवलाई नमस्कार छ। सर्वसस्यश्यामला पृथिवीबाट उत्पन्न हुनेवाला धान्य
आदि रूप रुद्रदेवलाई नमस्कार छ। धान्यविवेचनस्थल (खलो) मा उत्पन्न हु
रुद्रदेवलाई नमस्कार छ ॥३३॥ शिरस्त्र र कवच, किरीट, कुण्डल आदि धारण गर्ने
रुद्रदेवलाई नमस्कार छ। कपास निर्मित देहरक्षक धारण गर्ने रुद्रदेवलाई नमस्कार
छ। फलामको बख्तर पहिरिने रुद्रदेवलाई नमस्कार छ। गुम्बदयुक्त भएका रथम
...देवलाई नमस्कार छ। संसारमा प्रसिद्ध रुद्रदेवलाई नमस्कार छ। प्रसिद्ध

नमोबिल्मिनेचकवचिनेचनमोवर्म्मिणेचवरूथिनेचनमः श्श्रुतायचश्रुत
सेनायचनमोदुन्दुब्भ्यायचाहनन्न्यायचनमोधृष्ष्णवे॥३५॥
नमोधृष्ष्णवेचप्प्रमृशायचनमोनिषङ्गिणेचेषुधिमतेचनमस्तीक्ष्णेषवेचा
युधिनेचनमः स्वायुधायचसुधन्न्वनेचनमः स्रुत्याय॥३६॥
नमः स्रुत्यायचपथ्यायचनमः काट्यायचनीप्यायचनमः कुल्ल्यायच
सरस्यायचनमोनादेयायचवैशन्तायचनमः कूप्प्याय॥३७॥
नमः कूप्प्यायचावट्यायचनमोवीद्ध्र्यायचातप्प्यायचनमोमेघ्यायच
चविद्युत्यायचनमोवर्ष्यायचावर्ष्यायचनमोवात्त्याय॥३८॥

सेनाले युक्त भएका रुद्रदेवलाई नमस्कार छ। दुन्दुभिमा अवस्थित रुद्रदेवलाई नमस्कार छ। भेरी आदि वाद्य वादन गर्न प्रयोग हुने दण्ड आदि साधनमा विद्यमान रुद्रदेवलाई नमस्कार छ॥३४-३५॥ प्रगल्भस्वभाववाला रुद्रदेवलाई नमस्कार छ। सत् असत्लाई विवेक गर्न सिपालु रुद्रदेवलाई नमस्कार छ। खड्ग धारण गर्ने रुद्रदेवलाई नमस्कार छ। ठोक्रो धारण गर्ने रुद्रदेवलाई नमस्कार छ। तीखा बाणधारण गर्ने रुद्रदेवलाई नमस्कार छ। विविध प्रकारका हतियारहरू धारण गर्ने रुद्रदेवलाई नमस्कार छ। उत्तम त्रिशूलरूप हतियार लिने र श्रेष्ठ पिनाकधनुषले युक्त भएका रुद्रदेवलाई नमस्कार छ॥३६॥ गाउँघरका सामान्य बाटामा रहने रुद्रदेवलाई नमस्कार छ। हात्ती, घोडा, रथ आदि हिँडाउन मिल्ने विस्तृत मार्गमा रहने रुद्रदेवलाई नमस्कार छ। दुर्गम मार्गहरूमा रहने रुद्रदेवलाई नमस्कार छ। झरनाहरू झर्ने भूप्रदेशमा अथवा पर्वतको अधोभागमा विद्यमान रुद्रदेवलाई नमस्कार छ। नहरको मार्गमा अवस्थित अथवा शरीरहरूमा अन्तर्यामी रूपले विराजमान रुद्रदेवलाई नमस्कार छ। तलाउहरूमा उत्पन्न हुने रुद्रदेवलाई नमस्कार छ। पवित्र नदीका जलमा रहनुहुने रुद्रदेवलाई नमस्कार छ। सानातिना कुवा, खोल्साहरूमा समेत रहने रुद्रदेवलाई नमस्कार छ॥३७॥ पानीका कुवाहरूमा विद्यमान रुद्रदेवलाई नमस्कार छ। खाल्डो आदि गहिरा स्थानमा विद्यमान रुद्रदेवलाई नमस्कार छ। शरद् ऋतुको मेघ अथवा चन्द्रनक्षत्रादि मण्डलमा विद्यमान विशुद्ध स्वभाववाला रुद्रदेवलाई नमस्कार छ। प्रचण्ड गर्मीमा उत्पन्न हुने रुद्रदेवलाई नमस्कार छ। मेघहरूमा रहने रुद्रदेवलाई नमस्कार छ। विद्युत्मा प्रकाशित हुने तेजःपुञ्ज रुद्रदेवलाई नमस्कार छ। वर्षामा विद्यमान रुद्रदेवलाई नमस्कार छ र अनावृष्टिमा अवस्थित रुद्रदेवलाई नमस्कार छ॥३८॥

नमो॑ वा॒त्त्या॑य च॒ रेष्म्या॑य च॒ नमो॑ वास्त॒व्या॑य च वास्तु॒पाय॑ च॒ नम॑ः
सोमा॑य च रु॒द्राय॑ च॒ नम॑स्ता॒म्राय॑ चारु॒णाय॑ च॒ नम॑ः शङ्ग॒वे॑ ॥३९॥
नम॑ः शङ्ग॒वे॑ च पशु॒पत॑ये च॒ नम॑ उ॒ग्राय॑ च भी॒माय॑ च॒ नमो॑ऽग्रेव॒धाय॑ च दूरेव॒धाय॑ च॒ नमो॑ ह॒न्त्रे च॒ हनी॑यसे च॒ नमो॑ वृ॒क्षेभ्यो॒ हरि॑केशेभ्यो॒ नम॑स्ता॒राय॑ ॥४०॥
नम॑ः शम्भ॒वाय॑ च मयोभ॒वाय॑ च॒ नम॑ः शङ्क॒राय॑ च मयस्क॒राय॑ च॒ नम॑ः शि॒वाय॑ च शि॒वत॑राय च ॥४१॥

वायुमा व्याप्त रुद्रदेवलाई नमस्कार छ । प्रलयकालमा पनि स्थिर रहने रुद्रदेवलाई नमस्कार छ । घर घडेरीहरूमा रहनुभएका रुद्रदेवलाई नमस्कार छ । अथवा सर्वशरीरवासी रुद्रदेवलाई नमस्कार छ । गृहभूमिका संरक्षकरूप रुद्रदेवलाई नमस्कार छ । चन्द्रमामा रहने अथवा ब्रह्मविद्या भगवती उमाले सुशोभित सदाशिव रुद्रदेवलाई नमस्कार छ । सबै प्रकारका अनिष्टको विनाश गर्ने रुद्रदेवलाई नमस्कार छ । उदीयमान सूर्यका रश्मि जस्ता ताम्रवर्णले युक्त रुद्रदेवलाई नमस्कार छ र उदयपछि सूर्यको वर्णजस्तो वर्णले युक्त भएका रुद्रदेवलाई नमस्कार छ ॥३९॥ आफ्ना सम्पूर्ण भक्तलाई सुखप्रदान गर्ने रुद्रदेवलाई नमस्कार छ । जीवहरूका मालिकस्वरूप रुद्रदेवलाई नमस्कार छ । जगत्को संहार गर्ने वेलामा प्रचण्डरूप धारण गर्ने रुद्रदेवलाई नमस्कार छ । आफ्नो भयानक स्वरूपले शत्रुहरूलाई भयभीत पार्ने रुद्रदेवलाई नमस्कार छ । आफैं खडा भएर शत्रुहरूको विनाश गर्ने रुद्रदेवलाई नमस्कार छ । टाढा रहेर पनि संहार गर्ने रुद्रदेवलाई नमस्कार छ । सम्पूर्ण दुष्कार्यहरूलाई नाश, गर्ने रुद्रदेवलाई नमस्कार छ । प्रलयकालमा सर्वहन्तारूप रुद्रदेवलाई नमस्कार छ । हरिया पातजस्ता केशले युक्त कल्पवृक्ष जस्ता रुद्रदेवलाई नमस्कार छ र ज्ञानोपदेशद्वारा मुमुक्षुजनलाई संसारबाट तार्ने रुद्रदेवलाई नमस्कार छ ॥४०॥ सुखका उद्गमस्थान भएका रुद्रदेवलाई नमस्कार छ । भोग र मोक्षको सुख दिनेवाला रुद्रदेवलाई नमस्कार छ। लौकिक सुख दिनेवाला रुद्रदेवलाई नमस्कार छ। वेदान्तप्रतिपाद्य ब्रह्मात्मैक्य साक्षात्काररूप रुद्रदेवलाई नमस्कार छ । कल्याणरूप निष्पाप रुद्रदेवलाई नमस्कार छ। आफू र आफ्ना भक्तलाई पनि पापरहित बनाई कल्याण गर्ने रुद्रदेवलाई नमस्कार छ ॥४१॥

नमꣳपार्य्यायचावार्य्यायचनमः प्प्रतरणायचोत्तरणायचनमस्तीर्त्थ्या
यचकूल्ल्यायचनमꣳशष्प्यायचफेन्न्यायचनमःसिकत्त्याय॥४२॥
नमःसिकत्त्यायचप्प्रवाह्ह्यायचनमःकिꣳशिलायचक्षयणायचनमः
कपर्द्दिनेचपुलस्तयेचनमऽइरिण्ण्यायचप्प्रपत्थ्यायचनमोव्व्रज्ज्याय॥४३॥
नमोव्व्रज्ज्यायचगोष्ठ्यायचनमस्तल्प्प्यायचगेह्ह्यायचनमोहृदय्व्या
यचनिवेष्प्यायचनमꣳकाट्ट्यायचगह्वरेष्ठायचनमꣳशुष्क्याय॥४४॥

संसारसमुद्रका पारी रहने अर्थात् संसारातीत जीवन्मुक्त विष्णुरूप रुद्रदेवलाई नमस्कार छ। संसारव्यापी रुद्रदेवलाई नमस्कार छ। दुःख, पाप आदिबाट रक्षा गर्ने रुद्रदेवलाई नमस्कार छ। उत्कृष्ट ब्रह्मज्ञान गराई संसारसागरबाट तार्ने रुद्रदेवलाई नमस्कार छ। तीर्थस्थलमा प्रतिष्ठित रुद्रदेवलाई नमस्कार छ। गङ्गा गण्डकी आदि नदीहरूका तीरमा विद्यमान रुद्रदेवलाई नमस्कार छ। गङ्गा गण्डकी आदि नदीहरूको तटमा उत्पन्न हुने बालतृणरूप रुद्रदेवलाई नमस्कार छ। जलको विकार फिंज आदिमा रहने रुद्रदेवलाई नमस्कार छ ॥४२॥ नदीका बालुवामा रहनेवाला रुद्रदेवलाई नमस्कार छ। नदी आदिका प्रवाहमा रहने रुद्रदेवलाई नमस्कार छ। क्षुद्र पाषाणवाला भूमिका रूपमा रहने रुद्रदेवलाई नमस्कार छ। स्थिर जलपूर्ण प्रदेशरूप रुद्रदेवलाई नमस्कार छ। जटामुकुटधारी रुद्रदेवलाई नमस्कार छ। शुभाशुभ हेर्न नित्य समानरूपमा उभिइरहने अथवा सर्वान्तर्यामी कूटस्थरूप रुद्रदेवलाई नमस्कार छ। मरुभूमिरूप रुद्रदेवलाई नमस्कार छ। अनेक व्यक्तिहरूद्वारा सुशोभित मार्गमा रहनेवाला रुद्रदेवलाई नमस्कार छ ॥४३॥ गाईका समूहमा रहने अथवा व्रजभूमिमा गोपेश्वरका रूपमा रहने रुद्रदेवलाई नमस्कार छ। गोशालामा रहने गोष्ठाधिपति रुद्रदेवलाई नमस्कार छ। शय्यामा रहने रुद्रदेवलाई नमस्कार छ। घरमा रहने रुद्रदेवलाई नमस्कार छ। हृदयमा रहने जीवरूपी रुद्रदेवलाई नमस्कार छ। पानीका भुँमरीमा रहने रुद्रदेवलाई नमस्कार छ। दुर्ग अरण्य आदि ठाउँमा रहने रुद्रदेवलाई नमस्कार छ। विषम पर्वत, गुफा आदि स्थलमा अथवा गहिरो जलमा विद्यमान रुद्रदेवलाई नमस्कार छ ॥४४॥

नमḤशुष्क्यायचहरित्यायचनमःपाᳪंसव्यायचरजस्यायचनमो
लोप्प्यायचोलप्प्यायचनमऽऊर्व्व्यायचसूर्व्व्यायचनमःपुण्णार्य॥४५॥
नमःपुण्णार्यचपण्णशदायचनमऽउदगुरमाणायचाभिघ्नतेचनमऽ
आखिदतेचप्प्रखिदतेचनमऽइषुकृद्भ्योधनुष्कृद्भ्यश्चवोनमो
नमोवꣳकिरिकेब्भ्योदेवानाᳪंहृदयेब्भ्योनमोविचिन्वत्केब्भ्योनमो
विक्षिणत्केब्भ्योनमऽआनिर्हतेब्भ्यः॥४६॥
द्द्रापेऽअन्धसस्पतेदरिद्द्रनीललोहित॥
आसाम्प्रजानामेषाम्पशूनाम्माभेर्म्मारोङ्मोचनꣳकिञ्चनाममत्॥४७॥

काठ आदि सुकेका वस्तुमा पनि सत्ताको रूपमा रहने रुद्रदेवलाई नमस्कार छ। काँचो काठ आदिमा पनि सत्ताको रूपमा रहने रुद्रदेवलाई नमस्कार छ। धूलो आदिमा रहने रुद्रदेवलाई नमस्कार छ। रजोगुण अथवा रजःकणमा रहने रुद्रदेवलाई नमस्कार छ। सबै इन्द्रियको वृत्ति निवृत्त भएपछि अथवा प्रलयावस्थामा पनि साक्षी भएर रहने रुद्रदेवलाई नमस्कार छ। बल्वज आदि तृण विशेषमा रहने उलप्यरूपी रुद्रदेवलाई नमस्कार छ। वडवानलमा रहने रुद्रदेवलाई नमस्कार छ। प्रलयाग्निमा विद्यमान रुद्रदेवलाई नमस्कार छ ॥४५॥ वृक्षका पातको रूपमा रहेका रुद्रदेवलाई नमस्कार छ। रुखका पातहरू झरेपछि वसन्त ऋतुको रूपमा विराजमान रुद्रदेवलाई नमस्कार छ। पुरुषार्थ परायण रहने रुद्रदेवलाई नमस्कार छ। सबैतिरबाट शत्रुलाई हनन गर्ने रुद्रदेवलाई नमस्कार छ। सबैतिरबाट अभक्तलाई दीनदुःखी बनाइदिने रुद्रदेवलाई नमस्कार छ। आफ्ना भक्तहरूको दुःखबाट दुःखी हुँदै दयालु बन्ने रुद्रदेवलाई नमस्कार छ। बाण र धनुषको निर्माण गर्ने रुद्रदेवलाई नमस्कार छ। वृष्टि आदिद्वारा जगत्को पालन गर्ने, देवताका पनि हृदय भएका, अग्नि, वायु, सूर्य आदि रूप धारण गर्ने रुद्रदेवलाई नमस्कार छ। धर्मात्मा र पापीलाई छुट्याउने अग्नि आदिको रूपमा विराजमान रुद्रहरूलाई नमस्कार छ। भक्तहरूका पापताप आदि अमङ्गललाई हटाइदिने साक्षीस्वरूप अग्नि आदि रुद्रहरूलाई नमस्कार छ। सृष्टिका आरम्भमा मुख्यतया यिनै लोकबाट निस्किएका अग्नि, वायु सूर्य रूप रुद्रदेवलाई नमस्कार छ ॥४६॥ दुराचारीहरूलाई कुत्सित गति दिलाउने हे द्रापे ! हे अन्धसस्पते ! हे दरिद्र ! (निष्किञ्चन) हे नीललोहित ! हजुरले हाम्रा सन्ततिलाई र पशुहरूलाई भयभीत नगराइदिनुहोस्। यिनीहरूलाई नष्ट नगरिदिनुहोस् र यिनीहरूलाई कुनै प्रकारको रोगबाट ग्रस्त नबनाइदिनुहोस् ॥४७॥

इ॒मा रु॒द्राय॑ त॒वसे॑ कप॒र्द्दिने॑ क्ष॒यद्वी॑राय॒ प्रभ॑रामहे म॒तीः ॥
यथा॒ शम॑स॒द्द्वि॒पदे॒ चतु॑ष्प्पदे॒ विश्श्वं॒ पु॒ष्ट्टं ग्रामे॑ऽअ॒स्मिन्न॑नातु॒रम् ॥४८॥
या ते॑ रुद्र शि॒वा त॒नूः शि॒वा वि॒श्श्वाहा॑ भेष॒जी ॥
शि॒वा रु॒तस्य॑ भेष॒जी तया॑ नो मृड जी॒वसे॑ ॥४९॥
परि॑ णो रु॒द्रस्य॑ हे॒तिर्वृ॑णक्तु॒ परि॑ त्त्वे॒षस्य॑ दुर्म्म॒तिर॑घा॒योः ॥
अव॑ स्थि॒रा म॒घव॑द्भ्यस्तनुष्व॒ मीढ्ढ॑स्तो॒काय॒ तन॑याय मृड ॥५०॥
मीढ्ढु॑ष्टम॒ शिव॑तम शि॒वो नः॑ सु॒मना॑ भव ॥
प॒रमे वृ॒क्षऽआयु॑धन्नि॒धाय॒ कृत्तिं॒ वसा॑न॒ऽआच॑र॒ पिना॑कम्बि॒भ्रदाग॑हि ॥५१॥
विकि॑रिद्र॒ विलो॑हित॒ नम॑स्तेऽअस्तु भगवः ॥
यास्ते॑ स॒हस्र॑ꣳ हे॒तयो॒ऽन्यम॒स्मन्नि॒वप॑न्तु॒ ताः ॥५२॥

जसरी मेरा पुत्रादि र गाई आदि पशुहरूको कल्याण हुन्छ र जसरी यो गाउँमा सबै प्राणीहरू उपद्रवरहित हुन्छन् त्यस्तो बनाइदिनुहओस् । त्यसका लागि हाम्रा बुद्धि श्रेष्ठ बनून् । हामीहरू यिनै सद्बुद्धिद्वारा गरिएका कर्महरूलाई जटाजूटधारी शूरवीरका निवास भएका रुद्रदेवमा समर्पित् गर्दछौं ॥४८॥ हे रुद्र ! जो हजुरको यो शान्त, कल्याणकारी, सांसारिक व्याधिबाट निवृत्त गराउनेवाला र शारीरिक कष्ट पनि हटाइदिने परम औषधीरूप विग्रह छ त्यसबाट हाम्रो जीवनलाई सुखी बनाइदिनुहवस् ॥४९॥ रुद्रदेवका हतियारहरूले हामीलाई त्यागिदिऊन् । रिसाहा मानिसका दुर्बुद्धिले पनि हामीलाई छोडिदिऊन् । अर्थात् हामीलाई दुःख नदिऊन् । इच्छानुसारका वस्तु दिनेवाला हे रुद्रदेव ! हजुरले आफ्नो धनुलाई ताँदोरहित बनाई यजमानको भय हटाइदिनुहोस् र यिनका पुत्र पौत्रादिहरूलाई सुखी बनाइदिनुहओस् ॥५०॥ अभीष्ट फल र कल्याणको वृष्टि गर्नेवाला हे रुद्रदेव ! हजुर हामीमाथि प्रसन्न रहनुहोस् । आफ्ना त्रिशूल आदि हतियारहरू टाढै रुखमा राखिदिनुहोस् । गजचर्म धारण गरी तपस्या गर्नुहोस् र केवल शोभाका निमित्त धनुर्धारण गर्दै हामीलाई दर्शन दिन आउनुहोस् ॥५१॥ अनेक प्रकारका उपद्रवहरूलाई नष्ट गरिदिनेवाला, शुद्धस्वरूपवाला हे रुद्रदेव ! हामी हजुरलाई प्रणाम गर्दछौं । हजुरका असङ्ख्य हतियारहरू हामीभन्दा अन्यत्र अरुमाथि परून् ॥५२॥

सहस्राणिसहस्रशोबाह्वोस्तवहेतयः॥
तासामीशानोभगवःपराचीनामुखाकृधि॥५३॥
असङ्ख्यातासहस्राणियेरुद्द्राऽअधिभूम्म्याम्॥
तेषाᳪंसहस्रयोजनेवधन्न्वानितन्न्मसि॥५४॥
अस्म्मिन्न्महत्त्यर्ण्णवेन्तरिक्षेभवाऽअधि॥
तेषाᳪंसहस्रयोजनेवधन्न्वानितन्न्मसि॥५५॥
नीलग्ग्रीवाःशितिकण्ठादिवᳪंरुद्द्राऽउपश्रिताः॥
तेषाᳪंसहस्रयोजनेवधन्न्वानितन्न्मसि॥५६॥
नीलग्ग्रीवाःशितिकण्ठाःशर्वाऽअधःक्षमाचराः॥
तेषाᳪंसहस्रयोजनेवधन्न्वानितन्न्मसि॥५७॥
येवृक्षेषुशष्प्पिञ्जरानीलग्ग्रीवाविलोहिताः॥
तेषाᳪंसहस्रयोजनेवधन्न्वानितन्न्मसि॥५८॥

गुण र ऐश्वर्यले युक्त हे जगत्पति रुद्रदेव ! हजुरका हातमा जो हजारौं प्रकारका हतियारहरू छन्, तिनका टुप्पा हामीभन्दा विपरीत दिशातिर उन्मुख गराइदिनुहोस्। अर्थात् हामीतिर नफर्काइदिनुहोस् ॥५३॥ पृथिवीमा जति असङ्ख्य रुद्रहरू रहन्छन् तिनका अपरिगणित धनुषहरूलाई ताँदोरहित बनाई हामीभन्दा हजारौं कोश टाढाको बाटोमा लगेर राखिदिन्छौं ॥५४॥ बादलले भरिएको यो महान् अन्तरिक्षमा जति रुद्रहरू रहन्छन् तिनीहरूका असङ्ख्य धनुषहरूलाई ताँदोरहित बनाई हामीभन्दा हजारौं कोश टाढाको बाटोमा लगेर राखिदिन्छौं ॥५५॥ जसको गलाको केही भाग नीलो र बाँकी भाग सेतो वर्णको छ, जो द्युलोकमा रहन्छन् ती रुद्रहरूका असङ्ख्य धनुषहरूलाई ताँदोरहित बनाई हामीभन्दा हजारौं कोश टाढाको बाटोमा लगेर राखिदिन्छौं ॥५६॥ कतै नीलो र कतै सेतो वर्णको कण्ठ भएका, भूमिको तल्लो भागमा पाताललोकमा निवास गर्ने रुद्रदेवका असङ्ख्य धनुषहरूलाई ताँदोरहित बनाई हामीभन्दा हजारौं कोश टाढाको बाटोमा लगेर राखिदिन्छौं ॥५७॥ किललो घाँसजस्तै हरियो वर्ण भएका र कहीँ नीलो, कही सेतो वर्णवाला गला भएका जुन रुद्रदेव रक्तमांस आदि रहित तेजोमय शरीरवाला छन् र पिपल आदि वृक्षमा रहन्छन् ती रुद्रदेवका असङ्ख्य धनुषहरूलाई ताँदोरहित बनाई हामीभन्दा हजारौं कोश टाढाको बाटोमा लगेर राखिदिन्छौं ॥५८॥

येभूतानामधिपतयोविशिखासःकपर्दिनः॥
तेषाꣳसहस्रयोजनेवधन्वानितन्मसि॥५९॥
येपथाम्पथिरक्षयऽऐलवृदाऽआयुर्युधः॥
तेषाꣳसहस्रयोजनेवधन्वानितन्मसि॥६०॥
येतीर्थानिप्प्रचरन्तिसृकाहस्तानिषङ्गिणः॥
तेषाꣳसहस्रयोजनेवधन्वानितन्मसि॥६१॥
येन्नेषुविविद्ध्यन्तिपात्रेषुपिबतोजनान्॥
तेषाꣳसहस्रयोजनेवधन्वानितन्मसि॥६२॥
यऽएतावन्तश्च्चभूयाꣳसश्च्चदिशोरुद्द्राविंतस्थिरे॥
तेषाꣳसहस्रयोजनेवधन्वानितन्मसि॥६३॥

जसका शिरमा रौं छैनन् तर जसले जटाजूट धारण गरेका छन्। जो भूत-पिशाचका अधिपति हुन् ती रुद्रका धनुषहरूलाई ताँदोरहित बनाई हामीभन्दा हजारौं कोश टाढाको बाटोमा लगेर राखिदिन्छौं ॥५९॥ अन्न दिएर प्राणीहरूलाई पालन गर्ने, आजीवन युद्ध गर्ने, लौकिक वैदिक मार्गको रक्षा गर्ने र अधिपति भनिने जुन रुद्रदेव छन् तिनका धनुषहरूलाई ताँदोरहित बनाई हामीभन्दा हजारौं कोश टाढा रहेको बाटोमा लगेर राखिदिन्छौं ॥६०॥ हातमा वज्र र खड्ग आदि हतियार लिएर जुन रुद्र तीर्थमा घुम्नुहुन्छ उहाँका धनुषहरूलाई ताँदोरहित बनाई हामीभन्दा हजारौं कोश टाढाको बाटोमा लगेर राखिदिन्छौं ॥६१॥ खाइने अन्नमा रहेर जुन रुद्रले अन्नभोक्ता प्राणीहरूलाई नै पीडित गराइदिनुहुन्छ र भाँडोमा रहेको दुग्ध आदि पदार्थमा विराजमान जुन रुद्रदेवले त्यसलाई पिउनेवाला मानिसलाई रोग आदिद्वारा कष्ट दिनुहुन्छ त्यस्ता रुद्रदेवका धनुषहरूलाई ताँदोरहित बनाई हामीभन्दा हजारौं कोश टाढाको बाटोमा लगेर राखिदिन्छौ ॥६२॥ दशै दिशामा व्याप्त जो अनेक रुद्रहरू हुनुहुन्छ उहाँका धनुषहरूलाई ताँदोरहित बनाई हामीभन्दा हजारौं कोश टाढाको बाटोमा लगेर राखिदिन्छौं ॥६३॥जुन रुद्रदेव द्युलोकमा विद्यमान हुनुहुन्छ, जुन रुद्रदेवका बाणहरू वृष्टिरूप छन्,त्यस्ता रुद्रदेवलाई नमस्कार छ। ती रुद्रदेवका लागि पूर्वपट्टि दश औँला जोडी प्रणाम गर्दछु। यस्तै दक्षिणपट्टि दश औँला जोडी प्रणाम गर्दछु। पश्चिमपट्टि दश औँला जोडी प्रणाम गर्दछु। उत्तरपट्टि दश औँला जोडी प्रणाम गर्दछु। माथिपट्टि दश औँला जोडी प्रणाम गर्दछु। ती रुद्रदेवले हामीलाई रक्षा गरून् र हामीलाई सुखी बनाऊन्। ती रुद्रदेवले

नमोंस्तुरुद्द्रेब्भ्योयेदिवियेषांव्वर्षमिषवः॥ तेब्भ्योदशप्प्राचीर्दशदक्षिणा
दशप्प्रतीचीर्दशोदीचीर्दशोद्ध्र्वाः॥तेब्भ्योनमोऽअस्तुतेनोंवन्तुतेनोंमृड
यन्तुतेयन्द्दिष्ष्मोयश्च्चनोद्द्वेष्ट्टितमेंषाञ्जम्भेंदद्ध्मः॥६४॥
नमोंस्तुरुद्द्रेब्भ्योयेन्तरिक्षेयेषांव्वातऽइषवः॥ तेब्भ्योदशप्प्राचीर्दशदक्षिणा
दशप्प्रतीचीर्दशोदीचीर्दशोद्ध्र्वाः॥तेब्भ्योनमोऽअस्तुतेनोंवन्तुतेनोंमृड
यन्तुतेयन्द्दिष्ष्मोयश्च्चनोद्द्वेष्ट्टितमेंषाञ्जम्भेंदद्ध्मः॥६५॥
नमोंस्तुरुद्द्रेब्भ्योयेपृथिव्व्यांयेषामन्नमिषवः॥तेब्भ्योदशप्प्राचीर्दशदक्षिणा
दशप्प्रतीचीर्दशोदीचीर्दशोद्ध्र्वाः॥तेब्भ्योनमोऽअस्तुतेनोंवन्तुतेनोंमृड
यन्तुतेयद्द्विष्ष्मोयश्च्चनोद्द्वेष्ट्टितमेंषाञ्जम्भेंदद्ध्मः॥६६॥

*(पुनर्नमस्ते इत्यादि षोडशकं पठित्वा)*

## ॥ इति पञ्चमोऽध्यायः ॥

जसलाई द्वेष गर्दछन्, हामीहरू जसलाई द्वेष गर्दछौं र जसले हामीसंग द्वेष गर्दछन् त्यस्ता पुरुषलाई हामीहरू ती रुद्रका भयङ्कर दाँत भएका मुखमा हालिदिन्छौं ॥६४॥ जुन रुद्रदेव अन्तरिक्षमा विद्यमान हुनुहुन्छ । जुन रुद्रदेवका बाणहरू वायुरूप छन् । त्यस्ता रुद्रदेवलाई नमस्कार छ । ती रुद्रदेवका लागि पूर्वपट्टि दश औँला जोडी प्रणाम गर्दछु । यस्तै दक्षिणपट्टि दश औँला ज़ोडी प्रणाम गर्दछु । पश्चिमपट्टि दश औँला जोडी प्रणाम गर्दछु । उत्तरपट्टि दश औँला जोडी प्रणाम गर्दछु । माथिपट्टि दश औँला जोडी प्रणाम गर्दछु । ती रुद्रदेवले हामीलाई रक्षा गरून् र हामीलाई सुखी बनाऊन् । ती रुद्रदेवले जसलाई द्वेष गर्दछन्, हामीहरू जसलाई द्वेष गर्दछौं र जसले हामीसँग द्वेष गर्दछन् त्यस्ता पुरुषलाई हामीहरू ती रुद्रका भयङ्कर दाँत भएका मुखमा हालिदिन्छौं ॥६५॥ जुन रुद्रदेव पृथिवीमा विद्यमान हुनुहुन्छ,जुन रुद्रदेवका बाणहरू अन्नरूप छन्, त्यस्ता रुद्रदेवलाई नमस्कार छ । ती रुद्रदेवका लागि पूर्वपट्टि दश औँला जोडी प्रणाम गर्दछु । यस्तै दक्षिणपट्टि दश औँला जोडी प्रणाम गर्दछु । पश्चिमपट्टि दश औँला जोडी प्रणाम गर्दछु । उत्तरपट्टि दश औँला जोडी प्रणाम गर्दछु । माथिपट्टि दश औँला जोडी प्रणाम गर्दछु । ती रुद्रदेवले हामीलाई रक्षा गरून् र हामीलाई सुखी बनाऊन् । ती रुद्रदेवले जसलाई द्वेष गर्दछन्, हामीहरू जसलाई द्वेष गर्दछौं र जसले हामीसंग द्वेष गर्दछन् त्यस्ता पुरुषलाई हामीहरू ती रुद्रका भयङ्कर दाँत भएका मुखमा हालिदिन्छौं ॥६६॥

*॥ पञ्चम अध्याय समाप्त ॥*

# अथ षष्ठोऽध्यायः

हरिः ॐ एषतेरुद्द्रभागः सहस्वस्राम्बिकयातञ्जुषस्वस्वाहैषते
रुद्द्रभागऽआखुस्तेपशुः ॥१॥
अवरुद्द्रमदीमह्यवदेवन्त्र्यम्बकम् ॥
यथानोवस्यसस्क्करद्यथानःश्श्रेयसस्क्करद्यथानोव्यवसाययात् ॥२॥
नमस्तेरुद्द्रमन्न्यवऽउतोतऽइषवेनमः ॥ बाहुब्भ्यामुततेनमः ॥३॥
यातेरुद्द्रशिवातनूरघोरापापकाशिनी ॥
तयानस्तन्न्वाशन्तमयागिरिशन्ताभिचाकशीहि ॥४॥
नतंव्विदाथयऽइमाजजानान्न्यद्युष्माकमन्तरम्बभूव ॥
नीहारेणप्प्रावृताजल्प्याचासुतृपऽउक्क्थशासश्चरन्ति ॥५॥
व्विश्श्वकर्म्माह्यजनिष्टदेवऽआदिद्गन्धर्वोऽअभवद्द्वितीयः ॥
तृतीयःपिताजनितौषधीनामपाङ्गर्भंव्यदधात्पुरुत्रा ॥६॥
मीढुष्टमशिवतमशिवोनःसुमनाभव ॥

## छैठौं अध्याय

*महच्छिरःसूक्त–*

हे रुद्रदेव ! हामीले दिएको यो पुरोडाश (हवि) हजुरको भाग हो । हजुरले आफ्नी बहिनी अम्बिकाका साथ यसलाई स्वीकार गर्नुहोस् । यो हवि सुहुत बनोस् । हामीद्वारा अवकीर्ण भएको यो पुरोडाश हजुरको भाग हो । हजुरले यसको सेवन गर्नुहोस् । हजुरको नजिकमा रहने मूषक पनि रक्षणीय छ ॥१॥ चित्तमा रुद्र र त्र्यम्बकको ध्यान गर्दै (अन्य देवताभन्दा पृथक् गर्दै) हामी रुद्रदेवलाई अन्न अर्पण गर्दछौं । ती रुद्रदेवले हामीलाई निवसनशील र बान्धवहरूमा श्रेष्ठ बनाइदिऊन् र तिनले हामीलाई सम्पूर्ण कार्यमा शीघ्र निर्णय लिन सक्ने शक्ति प्रदान गरून् । यसैका लागि हामी उनको उपासना गर्दछौं ॥२॥(३-४ को अर्थ पृ.५८ मा) हे प्राणीहरू हो ! यो सम्पूर्ण पञ्चमहाभूत र यहाँका प्राणीलाई उत्पन्न गर्ने सबैभित्र व्याप्त परमात्मालाई तिमीहरू चिन्दैनौ । जसरी कुहिरोले ढाकिएको वस्तु देखिंदैन त्यसरी अज्ञानावृत तिमीहरूले जीवभावबाट आच्छन्न भई वेकारका अहङ्कार र ममता गरी बस्दछौ र यज्ञमा ऐहलौकिक एवं पारलौकिक भोगपरक वाक्यहरू उच्चारण गरी मख्ख भई घुमिरहन्छौ ॥५॥ ब्रह्माण्डमा सर्वप्रथम तिनै विश्वकर्मा पुरुषको रूपमा प्रादुर्भाव भए र त्यसपछि देवता, त्यसपछि गन्धर्व आदिको रूपमा उत्पन्न हुने काम गरे । यो दोस्रो

प॒रमे॒वृ॒क्षऽआयु॑धन्नि॒धाय॒कृत्तिं॒वसा॑न॒ऽआच॑र॒पिना॑क॒म्बिब्भ्र॒दाग॑हि॥७॥
विकि॑रिद्र॒विलो॑हित॒नम॑स्तेऽअस्तुभगवः॥
यास्ते॑स॒हस्र॑ꣳहे॒तयो॒ऽन्यम॒स्मन्निव॑पन्तु॒ताः॥८॥
स॒हस्रा॑णिसहस्र॒शोबा॒ह्वोस्तव॑हे॒तयः॑॥
तास॒मीशा॑नोभगवःप॒रा॒चीना॒मुखा॑कृधि॥९॥
अस॒ङ्ख्यातास॒हस्रा॑णि॒येरु॒द्द्राऽअधि॒भूम्म्या॑म्॥
तेषा॑ꣳसहस्रयोज॒नेव॒धन्न्वा॑नितन्म्मसि॥१०॥

(चमकाध्यायपाठे इतः षष्ठाध्यायः प्रारभ्यते)

व॒यꣳसो॑मव्र॒तेतव॒मन॑स्त॒नूषु॒बिब्भ्र॑तः॥ प्र॒जाव॑न्तःसचमेहि॥११॥
ए॒षते॑रुद्द्रभा॒गःस॒हस्व॒स्राम्बि॑कया॒तञ्जु॑षस्व॒स्वाहै॒षते॑
रुद्द्रभा॒गऽआ॒खुस्ते॑प॒शुः॥१२॥
अव॑रु॒द्द्रम॑दीम॒ह्यव॑दे॒वन्त्र्य॑म्बकम्॥

सृष्टि हो। त्यसपछि औषधीलाई उत्पन्न गरे र तिनलाई पनि पोषण गर्न जल उत्पन्न गरे। यो उनको तेस्रो सृष्टि हो। यिनै पर्जन्यले विविध जलद्वारा अनेक तरिकाले गर्भधारण गराउने र सृष्टि विस्तार गर्ने गर्दछन्॥६॥ (७-१० को अर्थ पृ.७१ मा) हे सोमदेव ! हामी यजमानहरू पुत्रपौत्रादिले सम्पन्न भई यज्ञ र व्रतमा हजुरको स्वरूपमा चित्त लगाई हजुरकै कृपास्वरूप प्राप्त वस्तुहरूको सेवन गरौं ॥११॥(१२-१३ को अर्थ पृ.७५ मा) हे रुद्रदेव ! हजुर औषधीसमान सम्पूर्ण उपद्रवहरूलाई नष्ट गर्नेवाला हुनुहुन्छ। त्यसैले हाम्रा गाई, घोडा र नोकर चाकर आदिलाई सम्पूर्ण रोग निवारण गर्ने औषधि दिनुहोस् र हाम्रा भेडाभेडी आदि सम्पूर्ण पशुहरूलाई सुख दिनुहोस्॥१४॥ दिव्यगन्धले युक्त मृत्यु–रहित धनधान्य दिने तीन नेत्र भएका रुद्रदेवलाई हामी पूजा गर्दछौं। ती रुद्रदेवले हामीलाई अपमृत्युबाट (जन्ममृत्युको चक्रबाट) मुक्त गरिदिनुहोस्। जसरी काँक्रोको फल ज्यादै पाकेपछि आफैं भेट्नाबाट छुट्छ, त्यसरी नै हामी पनि मृत्युको बन्धनबाट छुटौं, तर अभ्युदय र निश्रेयसरूप अमृतत्वसंग हाम्रो सम्बन्ध नछुटोस्। पति दिलाउने सुगन्धविशिष्ट त्रिनेत्र रुद्रदेवको हामी पूजा गर्दछौं। जसरी काँक्रोको फल ज्यादै पाकेपछि आफैं भेट्नाबाट छुट्छ, त्यसरी नै हामी कुमारीहरू (जीवात्माहरू) मातापिता, भाइबन्धु आदिको सम्बन्धबाट छुटौं, तर शिवको प्रसादले आफ्ना पति (शिवजी) संग हाम्रो सम्बन्ध नछुटोस्॥१५॥ हे रुद्रदेव ! हजुरको यो अवस नामक हविशेष (यात्रामा भोजनयोग्य ओदनविशेष) भोज्य छ, त्यसले युक्त

यथानोवस्यसस्करद्यथानःश्रेयसस्करद्यथानोव्यवसाययात्॥१३॥
भेषजमसिभेषजङ्गवेश्वायपुरुषायभेषजम्॥सुखम्मेषायमेष्यै॥१४॥
त्र्यम्बकंयजामहेसुगन्धिम्पुष्टिवर्द्धनम्॥
उर्वारुकमिवबन्धनान्मृत्योर्मुक्षीयमामृतात्॥
त्र्यम्बकंयजामहेसुगन्धिम्पतिवेदनम्॥
उर्वारुकमिवबन्धनादितोमुक्षीयमामुतः॥१५॥
एतत्तेरुद्रावसन्तेनपरोमूजवतोतीहि॥
अवततधन्वापिनाकावसःकृत्तिवासाऽअहिंसन्नःशिवोतीहि॥१६॥
त्र्यायुषञ्जमदग्नेःकश्यपस्यत्र्यायुषम्॥
यद्देवेषुत्र्यायुषन्तन्नोऽअस्तुत्र्यायुषम्॥१७॥
शिवोनामासिस्वधितिस्तेपितानमस्तेऽअस्तुमामाहिंसीः॥ निर्वर्त्तया
म्म्यायुषेन्नाद्यायप्प्रजननायरायस्प्पोषायसुप्प्रजास्त्वायसुवीर्य्याय॥१८॥

॥ इति षष्ठोऽध्यायः ॥

भई हजुरले आफ्नो धनुको ताँदो हटाई मुञ्जवान् पर्वतका पल्लो छेउमा जानुहोस्। त्यहाँ रहँदा हजुरले आफ्नो पिनाक धनुलाई सबैतिरबाट ढाकिदिनुहोस्। जसबाट कोही पनि हजुरको धनुदेखि भयभीत नबनून्। हे रुद्रदेव ! हजुरले चर्मवस्त्र धारण गरी अहिंसक बनी हाम्रो पूजाबाट सन्तुष्ट हुँदै मुञ्जवान् पर्वतलाई उल्लङ्घन गर्न समर्थ हुनुहोस्॥१६॥ जगदग्नि ऋषिको बाल्य, यौवन र वृद्धावस्थाका जुन उत्तम चरित्रहरू छन्, कश्यप प्रजापतिका तीनै अवस्थाका जुन चरित्र छन्, त्यस्तै देवगणमा पनि तीनै अवस्थामा रहेका जुन प्रशंसनीय चरित्रहरू छन्। त्यस्तै चरित्र हामी यजमानमा पनि हओस्॥१७॥ हे क्षुराधिष्ठातृ देव ! तिम्रो नाम शान्त हो। वज्र तिम्रो पिता हो। म तिमीलाई नमन् गर्दछु। तिमीले मेरो हिंसा नगर्नू। हे यजमान ! धेरै दिनसम्म बाँच्न, अन्नभक्षण गर्न, सन्तति प्राप्त गर्न, सम्पत्तिको अभिवृद्धिका लागि, योग्य सन्तति उत्पन्न गर्नका लागि र उत्तम सामर्थ्यका लागि म तिम्रो मुण्डन गर्दछु॥१८॥

॥ छैठौँ अध्याय समाप्त ॥

ईश्वरो वरदो नित्यं वृषगामी त्रिशूलधृक्।
त्रिनेत्रो दक्षमथनो रुद्रः शान्तिं ददातु मे॥
शुभं रुद्रः सुप्रसन्नः सुप्रीतो वरदो भव॥

# अथ सप्तमोऽध्यायः

हरिः ॐ उग्रश्च भीमश्च ध्वान्तश्च धुनिश्च ॥
सासह्वाँश्चाभियुग्वा च विक्षिपः स्वाहा ॥ १ ॥
अग्निꣳ हृदयेनाशनिꣳ हृदयाग्रेण पशुपतिं कृत्स्नहृदयेन भवं यक्ना ॥
शर्वं मतस्नाभ्यामीशानं मन्युना महादेवमन्तः पर्शव्येनोग्रं देवं
वनिष्ठुना वसिष्ठहनुः शिङ्गीनि कोश्याभ्याम् ॥ २ ॥
उग्रँल्लोहितेन मित्रꣳ सौव्रत्येन रुद्रं दौर्व्रत्येनेन्द्रं प्रक्रीडेन मरुतो ब
लेन साध्यान्प्रमुदा ॥ भवस्य कण्ठ्यꣳ रुद्रस्यान्तः पार्श्व्यं महादेवस्य
यकृच्छर्वस्य वनिष्ठुः पशुपतेः पुरीतत् ॥ ३ ॥
वाजश्च मे प्रसवश्च मे प्रयतिश्च मे प्रसितिश्च मे धीतिश्च मे क्रतु
श्च मे स्वरश्च मे श्लोकश्च मे श्रवश्च मे श्रुतिश्च मे ज्योतिश्च मे
स्वश्च मे यज्ञेन कल्पन्ताम् ॥४॥

## सातौँ अध्याय

रुद्रजटासूक्त–

उग्र स्वभाववाला, डरलाग्दा, चर्को आवाज दिने, शत्रुलाई थर्काइदिने, शत्रुलाई तिरस्कृत गरिदिने, हाम्रा सामु योग प्राप्त गर्ने, दूषित पदार्थहरूलाई फ्याँकिदिन सक्ने जुन सात मरुत्देवहरू छन् उनीहरूका लागि म यो श्रेष्ठ आहुति समर्पित गर्दछु ॥१॥ म अग्निलाई हृदयद्वारा, अशनिदेवलाई हृदयको अग्रभागबाट, पशुपतिलाई पूरै हृदयबाट, भवदेवलाई यकृत्‌बाट, सर्वदेवलाई मतस्ना नामक हृदयकोणबाट, ईशानदेवलाई क्रोधबाट, महादेवलाई कोखाको अन्तर्भागको मांसविशेषबाट, उग्रदेवतालाई ठूलो आन्द्राबाट र सिंगीनीदेवलाई हृदयकोशको मांसपिण्डबाट प्रसन्न गराउँदछु ॥२॥ उग्रदेवतालाई रगतले, मित्रदेवतालाई शुभकर्मानुष्ठानले, रुद्रदेवलाई अशोभन कर्मले, इन्द्र देवलाई उत्कृष्ट क्रीडाहरूले, मरुत्देवतालाई बलले, साध्यदेवतालाई हर्षले, भवदेवतालाई कण्ठभागले, रुद्रदेवतालाई कोखाको अन्तर्भागको मांसविशेषले, महादेवलाई यकृत्‌ले सर्वदेवतालाई ठूलो आन्द्राले र पशुपतिदेवलाई पुरीतत् (हृदयसम्बन्धी अवयवविशेषले) सन्तुष्ट गराउँदछु ॥३॥ यो यज्ञद्वारा फलको रूपमा अन्न, अन्नदान सम्बन्धी अनुज्ञा, शुद्धता, अन्नविषयक उत्कण्ठा, ध्यान, सत्सङ्कल्प, सुन्दर शब्द, स्तुतिसामर्थ्य, वेदमन्त्र वा श्रवणशक्ति, ब्राह्मण, प्रकाश वा स्वर्ग यी सबै मलाई प्राप्त होऊन् ॥४॥

प्प्राणश्च्चमेपानश्च्चमेव्यानश्च्चमेसुश्च्चमेचित्तञ्चमऽआधीत ञ्चमेव्वाक्च्चमेमनश्च्चमेचक्षुश्च्चमेश्श्रोत्रञ्चमेदक्षश्च्चमेबलञ्चमे य्यज्ञेनकल्प्पन्ताम् ॥५॥

इमामेऽअग्ग्नइष्ट्टकाधेनवः सन्त्वेकाचदशचदशचशतञ्चशतञ्च सहस्रञ्चसहस्रञ्चायुतञ्चायुतञ्चनियुतञ्चनियुतञ्चप्प्रयुतञ्चार्ब्बुद ञ्चन्न्यर्ब्बुदञ्चसमुद्द्रश्च्चमद्ध्यञ्चान्तश्च्चपरार्द्धश्च्चैतामे ऽअग्ग्नऽइष्ट्टकाधेनवः सन्त्वमुत्रामुष्मिँल्लोके ॥६॥

व्विश्श्वतश्चक्षुरुतव्विश्श्वतोमुखोव्विश्श्वतोबाहुरुतव्विश्श्वतस्पात् ॥ सम्बाहुब्भ्यान्धमतिसम्पतत्रैर्द्यावाभूमीजनयन्देवऽएकः ॥७॥

॥ इति सप्तमोऽध्यायः ॥

मैले अनुष्ठान गरिएका यज्ञद्वारा प्राण (शरीरभित्र रहने वायु), अपान (शरीरको अधोदेशमा रहने वायु) , व्यान (सबै शरीरमा रहने वायु), असु (मानिसलाई प्रवृत्त गराउने वायु), मानससङ्कल्प (बाह्यविषयसम्बन्धी ज्ञान) वाणी, शुद्ध मन, पवित्र दृष्टि, श्रवण सामर्थ्य, ज्ञानेन्द्रियको कुशलता र कर्मेन्द्रियसम्बन्धी बल यी सबै मलाई प्राप्त होऊन् ॥५॥ हे अग्निदेव ! यज्ञका निमित्त स्थापित यी पाँच इष्टकाहरू मलाई अभीष्ट फल दिनेवाला बनून् । यी फलहरू इष्टकाझैं क्रमशः दश–दश, सय–सय, हजार–हजार, दशौंहजार, लाखौं-लाखौं, दशौं लाख, करोडौं–करोडौं, दशौं करोड, अरबौं– अरबौं, समुद्रौं, मध्यौं, अन्तौं र यतिमात्र होइन पराधौं सङ्ख्याका छन् । हे अग्निदेव ! यी कामधेनु जस्ता इष्टफलहरू यस लोकमा र परलोकमा पनि हामीलाई प्राप्त होऊन् ॥६॥ ती परमात्मा सबैतिर चक्षु भएका सर्वद्रष्टा, सबैतिर मुख भएका विश्वतोमुख, सबैकाम गर्न सक्ने विश्वतोबाहु र सबैतिर पुग्न सक्ने विश्वतस्पात् हुनुहुन्छ । यस्ता एक अद्वितीय परमात्माले आफ्ना हातहरूद्वारा सबै तत्त्वहरूलाई समायोजन गर्दै आफ्ना चरणद्वारा देवलोक र मनुष्यलोक लगायत चराचर जगत्लाई उत्पन्न गर्नुहुन्छ ॥७॥

॥ सातौं अध्याय समाप्त ॥

# अथाष्टमोऽध्यायः

हरिः॑ॐ ऋचं॑वाच॒म्प्रप॑द्ये॒मनो॒यजु॑ःप्रप॑द्ये॒साम॑प्प्रा॒णम्प्रप॑द्ये॒चक्षु॑
श्श्रोत्र॒म्प्रप॑द्ये ॥वागोजः॑स॒हौजो॒मयि॑प्प्राणापा॒नौ ॥ १ ॥
यन्मे॑छि॒द्रञ्चक्षु॑षो॒हृद॑यस्य॒मन॑सो॒वाति॑तृण॒म्बृह॒स्पति॑र्मे॒तद्द॑धातु ॥
शन्नो॑भवतु॒भुव॑नस्य॒यस्पति॑ः ॥ २ ॥
भूर्भुव॒ःस्व॒ः ॥ तत्स॑वि॒तुर्वरे॑ण्य॒म्भर्गो॑दे॒वस्य॑धीमहि ॥
धियो॒योनः॑प्प्रचो॒दया॑त् ॥ ३ ॥
कया॑नश्चि॒त्रऽआभु॑वदू॒तीस॒दावृ॑ध॒ःसखा॑ ॥कया॒शचि॑ष्ठया॒वृता ॥ ४ ॥
कस्त्वा॑स॒त्योमदा॑ना॒म्मꣳहि॑ष्ठोमत्स॒दन्ध॑सः ॥दृ॒ढाचि॑दा॒रुजे॒वसु ॥ ५ ॥
अ॒भीषु॒णःसखी॑नामवि॒ताज॑रितॄ॒णाम् ॥श॒तम्भ॑वास्यू॒तिभि॑ः ॥ ६ ॥

## *आठौं अध्याय*

*शान्तिसूक्त*

म ऋचारूप वाणीको शरणमा जान्छु, यजुःस्वरूप मनको शरणमा जान्छु, प्राणरूप सामको शरणमा जान्छु र म चक्षु र श्रोत्र इन्द्रियको शरणमा जान्छु । ममा वाक् शक्ति, शरीरशक्ति र प्राण अपान वायु सबै सुस्थिर बनून् ॥१॥ मेरा नेत्रेन्द्रिय र हृदयमा जो कमी छ, मनमा जो व्याकुलता छ ती सबै दोषलाई बृहस्पतिले हटाइदिऊन् । अथवा यज्ञसमयमा मबाट शरीर, इन्द्रिय र मनसम्बन्धी त्रुटि भएको भए बृहस्पतिले क्षमा गरून् । सबै भुवनका मालिक यज्ञपुरुष भगवान् हाम्रा लागि कल्याणकारी बनून् ॥२॥ ती प्रकाशरूप जगत्स्रष्टा सवितादेवको तिनै लोकमा व्याप्त रहने सर्वोत्तम तेजको हामी ध्यान गर्दछौं । जो उनले हाम्रा बुद्धिलाई सत्कर्ममा निरन्तर प्रेरित गरून् ॥३॥ सँधै सबैलाई समृद्ध गर्न आश्चर्यरूप परमेश्वर कसरी कुन स्तुतिद्वारा आफ्नो शक्तिका साथ हाम्रा मित्र बन्लान् ? । अर्थात् हामीले उनको प्रीतिका लागि कस्ता उत्तम कर्म गरौं ? जसद्वारा उनी हाम्रा सहायक होलान् र आफ्नो पालनशक्तिबाट हामीलाई वृद्धि गर्ने सखा बन्लान् ? ॥४॥ हे परमेश्वर ! मदजनक हविहरूमा श्रेष्ठ सोमरूप अन्नको कुन भागले हजुरलाई बढी खुसी बनाउला ? हामीहरू हजुरको प्रसन्नताका लागि धन आदि वस्तुहरू हजुरलाई अर्पण गर्न चाहन्छौं ॥५॥ हे परमेश्वर ! हजुर मित्रलाई स्तुति गर्ने हामी ऋत्विक्हरूको रक्षक हुनुहुन्छ र हाम्रो रक्षाका लागि अभिमुख हुँदै हजुरले अनन्तरूप धारण गर्नुहुन्छ ॥६॥

कयात्वन्नऽऊत्त्याभिप्प्रमन्दसेवृषन्॥कयास्तोतृब्भ्यऽआभर॥७॥
इन्द्रोविश्श्वस्यराजति॥शन्नोऽअस्तुद्विपदेशञ्चतुष्प्पदे॥८॥
शन्नोमित्रश्शंवरुणशन्नोभवत्त्वर्य्यमा॥
शन्नऽइन्द्रोबृहस्प्पतिःशन्नोविष्णुरुरुक्क्रमः॥९॥
शन्नोवातःपवताᳯशन्नस्तपतुसूर्य्यः॥
शन्नःकनिक्क्रदद्देवःपर्ज्जन्न्योऽअभिवर्षतु॥१०॥
अहानिशम्भवन्तुनःशᳯरात्रीःप्प्रतिधीयताम्॥
शन्नऽइन्द्राग्ग्नीभवतामवोभिःशन्नऽइन्द्रावरुणारातहव्व्या॥
शन्नऽइन्द्रापूषणावाजसातौशमिन्द्रासोमासुवितायशंय्योः॥११॥
शन्नोदेवीरभिष्ट्टयऽआपोभवन्तुपीतये॥शंय्योरभिस्रवन्तुनः॥१२॥
स्योनापृथिविनोभवानृक्षरानिवेशनी॥यच्छानःशर्म्मसप्प्रथाः॥१३॥

हे इन्द्रदेव ! हजुर कुन तृप्तिद्वारा हामीलाई प्रसन्न बनाउनुहुन्छ ? र कुन दिव्यरूप धारण गरी हजुरको स्तुति गर्नेवाला हामी उपासकहरूको कामनालाई पूरा गर्नुहुन्छ ? ॥७॥ सबैका मालिक भएका परमेश्वर चारैतिर प्रकाशमान छन् । उनी हाम्रा पुत्र आदि द्विपाद् परिजनको र गाई आदि चतुष्पात् प्राणीहरूको कल्याण गर्ने बनून् ॥८॥ मित्रदेवताले हामीलाई कल्याण गरून् । वरुण देवताले र अर्यमाले कल्याण गरून् । इन्द्रदेवताले कल्याण गरून् । बृहस्पतिले कल्याण गरून् र विस्तीर्ण चरणवाला विष्णु भगवान्ले पनि हामीलाई कल्याण गरून् ॥९॥ वायुदेव हाम्रा लागि सुखकारी बनेर प्रवाहित होऊन् । सूर्यदेव हाम्रा लागि सुखदायी बनेर तपित होऊन् र पर्जन्य देवताले सुशब्द गर्दै हाम्रा लागि सखदायी भई वर्षा गरून् ॥१०॥ दिन हाम्रा लागि सुखकारी बनून् । रात्रि पनि हाम्रा लागि सुखदायी बनून् । हाम्रो रक्षा गर्ने इन्द्र र अग्नि शुभ होऊन् । हविद्वारा सन्तुष्ट इन्द्र र वरुण हाम्रा लागि कल्याणकारी होऊन् । अन्न उत्पादन गर्ने इन्द्र र पूषा देवता हाम्रा सुखकारी बनून् । यस्तै इन्द्र र सोमदेवता श्रेष्ठ उत्पादन गर्न, रोग नाश गर्न र भय हटाउन हाम्रा लागि कल्याणकारी बनून् ॥११॥ दीप्तिमान् जल हाम्रा अभीष्ट स्नानका लागि सुखकर बनून् । पिउदा स्वादिष्ट र स्वास्थ्यकर होऊन् । यी जलले हाम्रा रोगशोक हटाउँदै निरन्तर प्रवाहित भइरहून् ॥१२॥ हे पृथिवी ! हजुर कण्टकरहित वा दुःख नदिने बनी विस्तारयुक्त भई हाम्रा लागि सँधै सुखदायी हुनुहोस् र हामीलाई शरण दिनुहोस् ॥१३॥

आपोहिष्ठामयोभुवस्तानऽऊर्ज्जेदधातन॥महेरणायचक्षसे॥१४॥
योवःशिवतमोरसस्तस्यभाजयतेहनः॥उशतीरिवमातरः॥१५॥
तस्माऽअरङ्गमामवोयस्यक्षयायजिन्वथ॥आपोजनयथाचनः॥१६॥
द्यौःशान्तिरन्तरिक्षꣳशान्तिःपृथिवीशान्तिरापःशान्तिरोषधयःशान्तिः॥
वनस्पतयःशान्तिर्विश्वेदेवाःशान्तिर्ब्रह्मशान्तिःसर्वꣳशान्तिः
शान्तिरेवशान्तिःसामाशान्तिरेधि॥१७॥
दृतेदृꣳहमामित्रस्यमाचक्षुषासर्वाणिभूतानिसमीक्षन्ताम्॥
मित्रस्याहञ्चक्षुषासर्वाणिभूतानिसमीक्षे॥
मित्रस्यचक्षुषासमीक्षामहे॥१८॥
दृतेदृꣳहमाज्ज्योक्त्तेसन्दृशिजीव्यासञ्ज्योक्त्ते॥
सन्दृशिजीव्यासम्॥१९॥

हे जलदेव ! हजुर जल दिनेवाला हुनुहुन्छ । सुख चाहने व्यक्तिलाई स्नानपानादिद्वारा सुख दिनुहुन्छ । हाम्रो रमणीय दर्शनका लागि ब्रह्मानन्दको अनुभवको स्वरूपमा हाम्रा सामु स्थापित हुनुहोस् ॥१४॥ हे जलदेवता हजुरको जो शान्त परमसुखको हेतुभूत रस यहाँ रहेको छ । हामी त्यस सुखका भागी त्यसरी नै बनौं, जसरी आमाले खुसी भई आफ्ना बच्चालाई दूध पिलाउनुहुन्छ ॥१५॥ हे जलदेव ! हजुरको त्यो रसप्राप्तिका लागि हामी छिटो यात्रा गर्न चाहन्छौं । जसबाट हजुरले सम्पूर्ण जगत्लाई तृप्त बनाउनुहुन्छ र हामीलाई उत्पन्न गराउनुहुन्छ ॥१६॥ द्युलोकरूप शान्ति, अन्तरिक्ष रूप शान्ति, भूलोकरूप शान्ति, जलरूप शान्ति, ओषधीरूप शान्ति, वनस्पतिरूप शान्ति, सर्वदेवरूप शान्ति, ब्रह्मरूप शान्ति, सर्वजगत्रूप शान्ति र संसारको जो स्वाभाविक शान्ति छ त्यो शान्ति परमात्माको कृपाले मलाई प्राप्त हओस् ॥१७॥ हे परमेश्वर ! हजुरले मलाई दृढ बनाइदिनुहवस् । सबै प्राणीहरूले मलाई मित्रदृष्टिले हेरून् र मैले पनि सबैलाई मित्रवत् देख्न सकूँ । हामी सबै पारस्परिक द्रोहभावले रहित भएर सबैलाई मित्रवत् व्यवहार गर्न सकौं ॥१८॥ हे भगवन् ! हजुरले मलाई सर्वतोभावेन दृढ बनाउनुहोस् । हजुरको दर्शनले अथवा कृपादृष्टिले म दीर्घकालसम्म जीवित रहन सकूँ ॥१९॥ हे अग्निदेव ! सबै रसलाई आकर्षित गर्ने हजुरको तेजस्वी ज्वालालाई नमस्कार गर्दछु । हजुरको प्रकाशरूप । । पनि नमस्कार गर्दछु । हजुरको ज्वालाले हामीलाई होइन अरुलाई नै तप्त

नर्मस्तेहर॑सेशो॒चिषे॒नर्मस्तेऽअस्त्व॒र्च्चिर्षे॑॥
अ॒न्न्याँस्तेऽअ॒स्म्मत्त॑पन्तुहे॒तय॑ःपाव॒कोऽअ॒स्म्मब्भ्य॑ᳫशि॒वोभ॑व॥२०॥
नर्मस्तेऽअस्तुवि॒द्युते॒नर्मस्तेस्तनयि॒त्नवे॑॥
नर्मस्तेभगवन्नस्तु॒यत॒ःस्व॒ःस॒मीह॑से॥२१॥
यतो॑यत॒ःस॒मीह॑से॒ततो॑नो॒ऽअभ॑यङ्कुरु॥
शन्न॑ःकुरुप्प्र॒जाब्भ्योभ॑यन्न॒ःप॒शुब्भ्य॑ः॥२२॥
सु॒मि॒त्त्रि॒यान॒ऽआप॒ऽओष॑धयःसन्तुदु॒र्म्मित्त्रि॒यास्तस्म्मै
सन्तु॒यो॒स्म्मान्द्वेष्ट्टि॒यञ्च॑व॒यन्द्वि॒ष्म्मः॥२३॥
तच्च॒क्षुर्द्दे॒वहि॑तम्पु॒रस्ता॑च्छु॒क्क्रमु॒च्च॑रत्॥
पश्ये॑मश॒रद॑ःश॒तञ्जीवे॑मश॒रद॑ःश॒तᳫशृणु॑यामश॒रद॑ःश॒तम्प्रब्ब्र॑वाम
श॒रद॑ःश॒तमदी॑नाःस्यामश॒रद॑ःश॒तम्भूय॑श्च्च॒श॒रद॑ःश॒तात्॥२४॥

॥ इत्यष्टमोऽध्यायः ॥

गराओस् र हजुरले हाम्रो चित्तशुद्धिको कारण बनी हाम्रो कल्याण गर्नुहोस् ॥२०॥ विद्युत्‌रूपी हजुरलाई नमस्कार छ । गर्जना गर्ने मेघरूप हजुरलाई नमस्कार छ । हजुर सबै प्राणीलाई स्वर्गीय सुख दिने चेष्टा गर्नुहुन्छ । अतः हजुरलाई नमस्कार छ ॥२१॥ हे परमेश्वर ! हजुर जता–जताबाट हाम्रो कल्याण गर्न चाहनुहुन्छ त्यतै–त्यतैबाट भयरहित बनाइदिनुहोस् । हामा सन्ततिहरूको कल्याण गर्नुहोस् र हाम्रा पशुहरूलाई पनि भयमुक्त गरिदिनुहोस् ॥२२॥ जल र औषधिहरू हाम्रा लागि कल्याणकारी बनून् भने हाम्रा शत्रुहरूप्रति अमङ्गलकारी बनून् जसले हामीमाथि द्वेषभाव राख्छन् एवं हामी जसमाथि द्वेषभाव राख्दछौं ॥२३॥ देवताहरूद्वारा प्रतिष्ठित जगत्का नेत्ररूप भएका दिव्य, तेजोमय भगवान् आदित्य पूर्वतिर उदाइ–रहनुभएको छ । वहाँको कृपाले हामीहरू सयौं वर्षसम्म देख्न सकौं अर्थात् हाम्रा चक्षुरिन्द्रय ज्योतिर्मय बनिरहून् । सयौं वर्षसम्म सुखपूर्वक बाँच्न सकौं । सयौं वर्षसम्म हाम्रा श्रोत्रेन्द्रियले सुन्न सकून् । सयौं वर्षसम्म हाम्रा वाणीहरू अस्खलित बनून् । हामी सयौं वर्षसम्म दीनहीन नबनौं । सयौं वर्षभन्दा पनि धेरै हामीहरू इन्द्रियका शक्तिले युक्त भई कल्याणमय कर्ममा जीवन लगाइरहन सकौं ॥२४॥

॥ आठौँ अध्याय समाप्त ॥

# अथ स्वस्तिप्रार्थनामन्त्राः

हरिः ॐ स्वुस्तिनुऽइन्द्रोवृद्धश्रवाः स्वुस्तिनः पूषाविश्ववेदाः ॥
स्वुस्तिनुस्तार्क्ष्योऽअरिष्टनेमिः स्वुस्तिनोबृहुस्पतिर्दधातु ॥१॥
पयः पृथिव्याम्पयुऽओषधीषुपयोदिव्युन्तरिक्षेपयोधाः ॥
पयस्वतीः प्प्रदिशः सन्तुमह्यम् ॥२॥
विष्णोर्रराटमसिविष्णोः श्नप्त्रेस्थोविष्णोः
स्यूरसिविष्णोर्ध्रुवोसि ॥ वैष्णवमसिविष्णवेत्त्वा ॥३॥
अग्ग्निर्देवताव्वातोदेवतासूर्य्योदेवताचन्द्रमादेवताव्वसवोदेवता
रुद्रादेवतादित्यादेवतामरुतोदेवताव्विश्श्वेदेवादेवताबृहुस्पतिर्देव
तेन्द्रोदेवताव्वरुणोदेवता ॥४॥

## *स्वस्ति प्रार्थनाका मन्त्रहरू*

कीर्तियुक्त इन्द्रले हाम्रो कल्याण गरून् । सर्वज्ञ पूषा(सूर्य)देवले कल्याण गरून् । चक्रधाराझैँ अप्रतिहत गति भएका तार्क्ष्य भगवान्ले हामीलाई कल्याण गरून् । वाणीका अधिष्ठाता देवता बृहस्पतिले हामीमाथि कल्याण गरून् ॥१॥ हे अग्निदेव ! हजुरले हाम्रा लागि पृथिवीमा रसधारण गर्नुहोस् । औषधीहरूमा रस भरिदिनुहोस् । स्वर्ग र अन्तरिक्षमा रस स्थापित गर्नुहोस् । हामीले दिइएका आहुतिद्वारा दिशा र विदिशाहरू हाम्रा लागि रसपूर्ण बनून् ॥२॥ हे वंश ! तिमी यज्ञरूप व्यापक विष्णुदेवका ललाटस्थानीय हौ । ललाटका प्रान्तद्वय यज्ञरूप विष्णुका ओष्ठसन्धि हौ । हे बृहत्सूचि तिमी यज्ञमण्डपका सूचि हौ । हे ग्रन्थि ! तिमी विष्णुरूप मण्डपका ग्रन्थि हौ । हे हविर्धान ! तिमी विष्णुसम्बन्धी हौ । अतः विष्णुप्रीत्यर्थ म तिमीलाई स्पर्श गर्दछु ॥३॥ अग्निदेवता, वायुदेवता, सूर्यदेवता, चन्द्रदेवता, वसुदेवता, रुद्रदेवता, आदित्यदेवता, मरुत्देवता, विश्वेदेवदेवता, बृहस्पतिदेवता, इन्द्रदेवता र वरुणदेवताको सम्झना गर्दै म यी इष्टकाको स्थापना गर्दछु ॥४॥

ॐ सद्योजातं प्रपद्यामि सद्योजाताय वै नमो नमः ।
भवे भवे नाति भवे भवस्व मां भवोद्भवाय नम ॥५॥
वामदेवाय नमो ज्येष्ठाय नमः श्रेष्ठाय नमो रुद्राय नमः ।
कालाय नमः कलविकरणाय नमो बलविकरणाय नमो बलाय नमो
बलप्रमथनाय नमः सर्वभूतदमनाय नमो मनोन्मनाय नमः ॥६॥
अघोरेभ्योऽथघोरेभ्यो घोरघोरतरेभ्यः ।
सर्वेभ्यः सर्वशर्वेभ्यो नमस्तेऽअस्तु रुद्ररूपेभ्यः ॥७॥
तत्पुरुषाय विद्महे महादेवाय धीमहि तन्नो रुद्रः प्रचोदयात् ॥८॥
ईशानः सर्वविद्यानामीश्वरः सर्वभूतानाम् ।
ब्रह्माधिपतिर्ब्रह्मणोऽधिपतिर्ब्रह्माशिवोमेऽअस्तुसदाशिवोम् ॥९॥

---

म सद्योजात नामक परमेश्वरका शरणमा जान्छु । पश्चिमाभिमुख सद्योजात भगवान्लाई नमस्कार छ । हे रुद्रदेव ! मलाई बारम्बार जन्म दिने काम नगरिदिनुहोस् । संसारबाट उद्धार गर्ने हजुरलाई नमस्कार छ ॥५॥ उत्तराभिमुख वामदेव भगवान्लाई नमस्कार छ । ज्येष्ठ, श्रेष्ठ, रुद्र, काल, कलविकरण, बलविकरण, बल, बलप्रमथन, सर्वभूतदमन र मनोन्मन यी हजुरका स्वरूप हुन् । यिनै तत्त्वका अधिष्ठाता हजुरलाई नमस्कार छ ॥६॥ दक्षिणाभिमुख सत्त्वगुणयुक्त अघोर भगवान्लाई नमस्कार छ । यसैगरी रजोगुणयुक्त घोर र तमोगुणयुक्त घोरतर रुद्र भगवान्लाई नमस्कार छ । हे सर्वदेव ! हजुरका रुद्र आदि सम्पूर्ण रूपहरूलाई नमस्कार छ ॥७॥ हामी पूर्वाभिमुख तत्पुरुष भगवान्लाई गुरुवचन र शास्त्रप्रमाणबाट जान्दछौं । त्यस्ता भगवान्को ध्यान गर्दछौं । ती रुद्रदेवले हामीलाई सत्कर्ममा प्रेरित गरून् ॥८॥ ऊर्ध्वमुखी ईशान भगवान्लाई नमस्कार छ । जो सम्पूर्ण विद्याका र सम्पूर्ण प्राणीका मालिक हुनुहुन्छ । ब्रह्मारूप परमात्मालाई र ब्रह्माका मालिक परमात्मालाई मेरो सदा सर्वदा नमस्कार छ । उनका कृपाले मेरो सँधै कल्याण होस् ॥९॥

शिवोनामासिस्वधितिस्तेपितानमस्तेऽअस्तुमामाहिꣳसीः ॥ निवर्त्तयाम्म्यायुषेन्नाद्यायप्प्रजननायरायस्पोषायसुप्प्रजास्त्वायसुवीर्य्याय ॥१०॥
विश्श्वानिदेवसवितर्द्दुरितानिपरासुव ॥ यद्भद्रन्तन्नऽआसुव ॥११॥
द्यौः शान्तिरन्तरिक्षꣳशान्तिः पृथिवीशान्तिरापःशान्तिरोषधयःशान्तिः ॥ व्वनस्प्पतयःशान्तिर्व्विश्श्वेदेवाःशान्तिर्ब्ब्रह्मशान्तिःसर्व्वꣳशान्तिः शान्तिरेवशान्तिःसामाशान्तिरेधि ॥१२॥
ॐ सर्व्वेषां वा एष व्वेदानाꣳ रसोयत्सामसर्व्वेषामेवैनमेतद्व्वेदानाꣳ रसेनाभिषिञ्चति ॥१३॥

इति स्वस्तिप्रार्थनमन्त्राः ॥ ॐ शान्तिः शान्तिः शान्तिः ॥

*ॐ हर ! हर !! हर !!! महादेव शम्भो ! श्रीसाम्बसदाशिवार्पणमस्तु ॥*

---

(१० औँ मन्त्रको अर्थ पृ. ७७ मा) हे सूर्य भगवन् ! हजुरले मेरा सबै पाप नाश गरिदिनुहोस् र मेरो लागि जे कल्याणकारी छ, त्यो प्रदान गर्नुहोस् ॥११॥ (१२ औँ मन्त्रको अर्थ पृ. ८२ मा) सबै वेदका तत्त्वरूप रस जो सामवेदरूप भगवान् हुनुहुन्छ उनै भगवानले उक्त भगवद्रसद्वारा सबै वेदको अभिषिञ्चन गर्नुहुन्छ ॥१३॥

॥ भगवान्का अनुग्रहले तीन तापहरू शान्त होऊन् ॥

pdf.upayogibooks.com

# चमकाध्यायपाठः

*चमकाध्यायपाठपक्षे पूर्वोक्तं सप्तममध्यायमपठित्वा उग्रश्चेति सप्त, वाजश्च मे इत्याद्या एकोनत्रिंशत् कण्डिकाश्च पठ्यन्ते । ताश्च यथा–*

## अथ सप्तमोऽध्यायः

हरिः ॐ उग्रश्चभीमश्चध्वान्तश्चधुनिश्च॥
सासह्वाँश्चाभियुग्वाचविक्षिपः स्वाहा॥१॥
अग्निꣳहृदयेनाशनिꣳहृदयाग्रेणपशुपतिङ्कृत्स्नहृदयेनभवंय्यक्ना॥
शर्वम्मतस्नाभ्यामीशानम्मन्युनामहादेवमन्तः पर्शव्येनोग्रन्देवं
वनिष्ठुनावसिष्ठहनुः शिङ्गीनिकोश्याभ्याम्॥२॥
उग्रँल्लोहितेनमित्रꣳसौव्रत्त्येनरुद्रन्दौर्व्व्रीत्त्येनेन्द्रम्प्रक्क्रीडेनमरुतोब
लेनसाद्ध्यान्प्रमुदा॥ भवस्यकण्ठ्यꣳरुद्रस्यान्तः पार्श्व्यम्महादेवस्य
यकृच्छर्वस्यवनिष्ठुः पशुपतेः पुरीतत्॥३॥
लोमभ्यः स्वाहालोमभ्यः स्वाहात्वचेस्वाहात्वचेस्वाहालोहिताय
स्वाहालोहितायस्वाहामेदोभ्यः स्वाहामेदोभ्यः स्वाहा॥ माꣳसेभ्यः
स्वाहामाꣳसेभ्यः स्वाहास्नावभ्यः स्वाहास्नावभ्यः स्वाहा
स्त्थभ्यः स्वाहास्त्थभ्यः स्वाहामज्जाभ्यः स्वाहामज्जाभ्यः
स्वाहा॥ रेतसेस्वाहापायवेस्वाहा॥४॥
आयासायस्वाहाप्प्रायासायस्वाहासंय्यासायस्वाहावियासायस्वाहोद्या-
सायस्वाहा॥शुचेस्वाहाशोचतेस्वाहाशोचमानायस्वाहाशोकायस्वाहा॥५॥

---

### *सातौँ अध्याय*

(१-३ को अर्थ पृ. ७८ मा) समष्टि रौँ र व्यष्टि रौँको लागि म यो श्रेष्ठ आहुति प्रदान गर्छु। समष्टि छालाको लागि र व्यष्टि छालाको लागि, समष्टि रगतको लागि, व्यष्टि रगतको लागि, समष्टि बोसोको लागि, व्यष्टि बोसोको लागि, समष्टि मासुको लागि, व्यष्टि मासुको लागि, समष्टि नसाको लागि, व्यष्टि नसाको लागि, समष्टि हड्डीको लागि, व्यष्टि हड्डीको लागि, समष्टि मज्जाको लागि, व्यष्टि मज्जाको लागि, वीर्यको लागि, गुदद्वारको लागि म यो श्रेष्ठ आहुति प्रदान गर्दछु ॥४॥ देहको श्रमका अधिष्ठाता आयास देवताको लागि, इन्द्रियजन्य श्रमरूप प्रयास देवताको लागि, मन र श्रमरूप संयास देवताको लागि, बौद्धिक श्रमरूप वियास देवताको लागि र प्राणीको श्रमरूप उद्यास देवताको लागि, शुचिको लागि, शोचत्को लागि, शोचमानको लागि र शोकको लागि म यो श्रेष्ठ आहुति प्रदान गर्दछु ॥५॥

तपसेस्वाहातप्प्यतेस्वाहातप्प्यमानायस्वाहातुप्तायस्वाहाघर्म्मीय
स्वाहा॥ निष्कृत्यैस्वाहाप्प्रायश्चित्यैस्वाहाभेषजायस्वाहा॥६॥
यमायस्वाहान्तकायस्वाहामृत्यवेस्वाहाब्ब्रह्मणेस्वाहाब्ब्रह्महत्यायै
स्वाहा॥ विश्श्वेब्भ्योदेवेब्भ्यः स्वाहाद्यावापृथिवीब्भ्याᳬ स्वाहा॥७॥

# अथाष्टमोऽध्यायः

हरिःॐ व्वाजश्च्चमेप्प्रसवश्च्चमेप्प्रयतिश्च्चमेप्प्रसितिश्च्चमेधीतिश्च्चमेक्क्रतुश्च्चमेस्वरश्च्चमेश्श्लोकश्च्चमेश्श्रवश्च्चमेश्श्रुतिश्च्चमेज्ज्योतिश्च्चमेस्वश्च्चमेयज्ञेनकल्प्पन्ताम्॥१॥

प्प्राणश्च्चमेपानश्च्चमेव्व्यानश्च्चमेसुश्च्चमेचित्तञ्चमऽआधीतञ्चमेव्वाक्च्चमेमनश्च्चमेचक्षुश्च्चमेश्श्रोत्रञ्चमेदक्षश्च्चमेबलञ्चमेयज्ञेनकल्प्पन्ताम्॥२॥

ओजश्च्चमेसहश्च्चमऽआत्माचमेतनूश्च्चमेशर्म्मचमेव्वर्म्मचमेङ्गानिचमेस्थीनिचमेपरूᳬषिचमेशरीराणिचमऽआयुश्च्चमेजराचमेयज्ञेनकल्प्पन्ताम्॥३॥

ज्यैष्ठ्यञ्चमऽआधिपत्त्यञ्चमेमन्न्युश्च्चमेभामश्च्चमेमश्च्चमेम्भश्च्चमेजेमाचमेमहिमाचमेव्वरिमाचमेप्प्रथिमाचमेव्वर्षिमाचमेद्राघिमाचमेव्वृद्धञ्चमेव्वृद्धिश्च्चचमेयज्ञेनकल्प्पन्ताम्॥४॥ (१)

---

तपको लागि, तपकर्ताको लागि, तप्यमानको लागि, तप्तको लागि, घर्मको लागि, निष्कृतिको लागि, प्रायश्चित्तको लागि र औषधिको लागि म यो श्रेष्ठ आहुति प्रदान गर्दछु ॥६॥ यमको लागि, अन्तकको लागि, मृत्युको लागि, ब्रह्माको लागि, ब्रह्महत्याको लागि, विश्वदेवहरूको लागि, द्युलोकको लागि र पृथ्वीलोकको लागि म यो श्रेष्ठ आहुति प्रदान गर्दछु ॥७॥

## *आठौँ अध्याय*

*चमकानुवाकः–*

(१-२ को अर्थ पृ. ७८ मा) बलको कारण भएको ओज, देहबल, आत्मज्ञान, सुन्दर शरीर, सुख, कवच, हृष्टपुष्ट अङ्ग, सुदृढ हाडहरू, बलिया औँलाहरू, नीरोग शरीर, जीवन र वृद्धावस्थासम्मको आयु यी सबै मैले गरेको यस यज्ञको फलको रूपमा मलाई प्राप्त होस् ॥३॥ श्रेष्ठता, स्वामित्व, दोषहरूप्रति रिस, अपराधप्रति क्रोध, अपरिमेयता, शीतल मधुर जल, जित्ने शक्ति, प्रतिष्ठा, सन्तानवृद्धि, घरबारीको विस्तार, लामो जीवन,

( पुनर्नमस्ते० इत्यादि ६६ मन्त्रात्मको नमकाध्यायः पठनीयः )

हरिः ॐ सत्त्यञ्चमेश्श्रद्धाचमेजगच्चमेधनञ्चमेविश्श्वञ्चमेमहश्च्च
मेक्क्रीडाचमेमोदश्च्चमेजातञ्चमेजनिष्ष्यमाणञ्चमेसूक्क्तञ्चमे
सुकृतञ्चमेयज्ञेनकल्प्पन्ताम्॥५॥

ऋतञ्चमेमृतञ्चमेयक्ष्मञ्चमेनामयच्चमेजीवातुश्च्चमेदीर्घायुत्त्वञ्चमेनमित्त्रञ्च
मेभयञ्चमेसुखञ्चमेशयनञ्चमेसूषाश्च्चमेसुदिनञ्चमेयज्ञेनकल्प्पन्ताम्॥६॥

यन्ताचमेधर्त्ताचमेक्षेमश्च्चमेधृतिश्च्चमेविश्श्वञ्चमेमहश्च्चमेसंविच्च
मेज्ज्ञात्रञ्चमेसूश्च्चमेप्रसूश्च्चमेसीरञ्चमेलयश्च्चमेयज्ञेनकल्प्पन्ताम्॥७॥

शञ्चमेमयश्च्चमेप्प्रियञ्चमेनुकामश्च्चमेकामश्च्चमेसौमनसश्च्चमेभग
श्च्चमेद्द्रविणञ्चमेभद्द्रञ्चमेश्श्रेयश्च्चमेवसीयश्च्चमेयशश्च्चमेयज्ञेन
कल्प्पन्ताम्॥८॥ (२)

अटुट वंशपरम्परा, धनधान्यको वृद्धि र विद्या आदि गुणहरूका उत्कर्ष यी सबै मैले गरेको यस यज्ञको रूपमा मलाई प्राप्त होऊन् ॥४॥ साँचो बोली, परलोकमा विश्वास, गाई आदि पशु, सुवर्ण आदि धन, अचल पदार्थ, कीर्ति, क्रीडा, क्रीडादर्शनबाट हुने आनन्द, पुत्रबाट उत्पन्न सन्तान, जन्मने सन्तान, शुभदायक मन्त्रहरूको समूह र मन्त्रहरूको पाठबाट हुने शुभ फल यी सम्पूर्ण मैले गरेको यज्ञको फलको रूपमा मलाई प्राप्त होऊन् ॥५॥ यज्ञ आदि कर्म र त्यसको स्वर्गादि फल, धातुक्षय आदि रोगहरूको अभाव र सामान्य व्याधिहरू नरहनु, आयु बढाउने साधन, दीर्घायु, शत्रुहरूको अभाव, निर्भयता, सुख, सुसज्जित ओछ्यान, सन्ध्यावन्दनबाट युक्त भएको बिहानी र यज्ञ, दान, अध्ययन आदिले युक्त भएको दिन यी सबै मैले गरेको यज्ञको फलको रूपमा मलाई प्राप्त होऊन् ॥६॥ घोडा आदिको नियन्तृत्व र प्रजापालनको क्षमता, वर्तमान धनको रक्षणशक्ति, आपत्तिमा चित्तको स्थिरता, सबैको अनुकूलता, पूजासत्कार, वेदशास्त्र आदिको ज्ञान, विज्ञानसामर्थ्य, पुत्र आदिलाई प्रेरित गर्ने क्षमता, पुत्रोत्पत्ति आदिका लागि सामर्थ्य, हलो आदिद्वारा कृषिबाट अन्न उत्पादन र कृषिमा अनावृष्टि आदि विघ्नहरूको विनाश, यी सबै मैले गरेको यज्ञको फलको रूपमा मलाई प्राप्त होऊन् ॥७॥ यो लोकको सुख, परलोकको सुख, प्रेम उत्पादक वस्तु, सजिलो परिश्रमबाट प्राप्त हुने पदार्थ, विषयभोगबाट प्राप्त हुने सुख, मनलाई स्वस्थ गराउने बन्धुबान्धव, सौभाग्य, धन, यो लोक र परलोकमा कल्याण, धनले भरिएको बस्न योग्य घर तथा कीर्ति यी सबै मैले गरेको यज्ञको फलको रूपमा मलाई प्राप्त होऊन् ॥८॥

( पुनर्नमस्ते० इत्यादि ६६ मन्त्रात्मको नमकाध्यायः पठनीयः )

हरिः ॐ ऊर्क्कचमेसूनृताचमेपयश्चमेरसश्चमेघृतञ्चमेमधुचमेसग्धि
श्चमेसपीतिश्चमेकृषिश्चमेवृष्टिश्चमेजैत्रञ्चमऽऔद्भिद्यञ्चमेयज्ञेन
कल्प्पन्ताम्॥९॥

रयिश्चमेरायश्चमेपुष्टञ्चमेपुष्टिश्चमेविभुचमेप्प्रभुचमेपूर्णञ्चमे
पूर्णतरञ्चमेकुयवञ्चमेक्षितञ्चमेन्नञ्चमेक्षुच्चमेयज्ञेनकल्प्पन्ताम्॥१०॥

वित्तञ्चमेवेद्यञ्चमेभूतञ्चमेभविष्यच्चमेसुगञ्चमेसुपत्थ्यञ्चमऽऋद्धञ्च
मऽऋद्धिश्चमेक्लृप्तञ्चमेक्लृप्तिश्चमेमतिश्चमेसुमतिश्चमेयज्ञेन
कल्प्पन्ताम्॥११॥

व्रीहयश्चमेयवाश्चमेमाषाश्चमेतिलाश्चमेमुद्गाश्चमेखल्वाश्चमेप्रि
यङ्गवश्च्चमेणवश्चमेश्यामाकाश्चमेनीवाराश्चमेगोधूमाश्चमेमसूरा
श्चमेयज्ञेनकल्प्पन्ताम्॥१२॥ (३)

---

शङ्करं शङ्कराचार्यं केशवं बादरायणम् ।
सूत्रभाष्यकृतौ वन्दे भगवन्तौ पुनः पुनः ॥
ईश्वरो गुरुरात्मेति मूर्तिभेदविभागिने ।
व्योमवद् व्याप्तदेहाय दक्षिणामूर्तये नमः ॥
अज्ञानतिमिरान्धस्य ज्ञानाञ्जनशलाकया ।
चक्षुरुन्मीलितं येन तस्मै श्रीगुरवे नमः ॥

ॐ

॥ ॐ नमः शिवाय ॥

# श्रीशिवमहिम्नःस्तोत्रम्

**गजाननं भूतगणाधिसेवितं कपित्थजम्बूफलचारुभक्षणम् ॥**
**उमासुतं शोकविनाशकारकं नमामि विघ्नेश्वरपादपङ्कजम् ॥**

विघ्ननाशक मङ्गलमय पार्वतीपुत्र गणेश भगवान्लाई प्रणाम गरेर स्तोत्रको प्रारम्भ हुन्छ । भगवान् शिवका गुण अनन्त र अपरिमेय छन् । त्यस्ता प्रभुको महिमालाई कसैले जान्न सक्दैन । जसको गुण नै जान्न सकिँदैन त्यस्ता प्रभुको गुणकथनरूप स्तुति कसरी हुन सक्ला? भन्ने जिज्ञासा उठाएर शास्त्रीय युक्तिद्वारा त्यसको समाधान गर्दै गन्धर्वराज पुष्पदन्त स्तोत्रको प्रारम्भ गर्नुहुन्छ–

*श्रीपुष्पदन्त उवाच*

**महिम्नः पारन्ते परमविदुषो यद्यसदृशी**
**स्तुतिर्ब्रह्मादीनामपि तदवसन्नास्त्वयि गिरः ।**
**अथावाच्यः सर्वः स्वमतिपरिणामावधि गृणन्**
**ममाप्येष स्तोत्रे हर ! निरपवादः परिकरः ॥१॥**

अविद्या र अविद्याको कार्यरूप प्रपञ्चलाई नाश गर्ने हे शिव ! हजुरको महिमालाई ब्रह्मादि देवताले पनि जान्न सक्दैनन् भने हामीले त जान्ने कुरै आएन । यदि प्रभुको अपरम्पार महिमा थाहा नपाई स्तुति गर्न नमिल्ने हुँदा हामी जस्ता केही नजान्नेले स्तुति गर्नु बेकार छ भने ब्रह्मा आदिको स्तुति पनि प्रभुका विषयमा अयोग्य हुने भयो । यदि प्रभुको पूरै महिमालाई जान्नेले मात्र स्तुति गर्ने हो भने स्तुति गर्ने कोही पनि नहोलान् किनभने कसैले पनि प्रभुलाई पूर्णरूपमा जान्न सक्दैनन् । यदि आफ्नो बुद्धिले ग्रहण गर्न सकेजति मात्रै भए पनि स्तुति गर्न सकिन्छ भने म पनि त आफ्नो बुद्धि अनुसार स्तुति गर्न सक्छु । यसमा मेरो स्तुतिप्रयासलाई दोष दिन मिल्दैन । (जस्तै आकाशको सीमा नजान्ने चरा पनि आफ्नो शक्ति अनुसार उड्दछ, त्यस्तै प्रभुको महिमालाई पूर्णतया नजाने पनि म आफ्नो बुद्धि अनुसार स्तुति गर्दछु) ॥१॥

अवाङ्मनोगोचर प्रभुको पनि सगुण रूपको भने सजिलै स्तुति गर्न सकिन्छ भनी स्तुति गरिन्छ –

**अतीतः पन्थानं तव च महिमा वाङ्मनसयो–**
**रतद्व्यावृत्त्या यं चकितमभिधत्ते श्रुतिरपि ।**
**स कस्य स्तोतव्यः कतिविधगुणः कस्य विषयः**
**पदे त्वर्वाचीने पतति न मनः कस्य न वचः ॥२॥**

प्रभुको महिमा मन र वचनको क्षमतादेखि पर छ । जसलाई वेदले पनि अभिधावृत्तिद्वारा (स्पष्ट शब्दले) वर्णन गर्दा त्रुटि हुन्छ कि भनी डराउँदै सगुण रूपमा **"सर्वं खल्विदं ब्रह्म"** भनेर र निर्गुणरूपमा ब्रह्ममा अविद्या र अविद्याको कार्यरूप उपाधिलाई निषेध गर्दै (नेति नेति भन्दै) महावाक्यादिबाट जहदजहल्लक्षणा (भागत्यागवृत्ति) द्वारा प्रतिपादन गर्दछन् । त्यस्ता अचिन्त्य प्रभुलाई हाम्रो मन र वचनले स्तुति गर्न सक्ने कुरै आएन । (वेदले पनि वर्णन गर्न नसकेकालाई अरु कसले सक्ने ?) । तर लीलाद्वारा स्वीकार गरिएको, सबैलाई मन पर्ने, भक्तलाई अनुग्रह गर्न लिइएको यो नयाँ सगुण साकार रूपको स्तुति, चिन्तन, गुणगान र भजन कीर्तन गर्न भने सबैको मन र वचनले रहर गर्दछ ॥२॥

सर्वज्ञ प्रभुलाई यी तुच्छ वचनले के प्रसन्न पार्न सकिन्छ र स्तुति गर्ने ? भन्ने आक्षेपको समाधान गर्दै स्तुतिको प्रयोजन बताइन्छ–

**मधुस्फीता वाचः परमममृतं निर्मितवत–**
**स्तव ब्रह्मन् किं वागपि सुरगुरोर्विस्मयपदम् ।**
**मम त्वेतां वाणीं गुणकथनपुण्येन भवतः**
**पुनामीत्यर्थेऽस्मिन् पुरमथन बुद्धिर्व्यवसिता ॥३॥**

हे ब्रह्मरूप भगवन् ! चास्नीमा डुबाइएको मिठाई जस्तै सुमधुर, माधुर्यादि गुण एवं शब्द र अर्थगत अलङ्कारले युक्त भएको, अत्यन्त मीठो, अमृत जस्तो, उत्तम मोक्षपदवी समेत दिलाउने वेदवाणीलाई श्वास लिँएझैं विनापरिश्रमै रचना गर्ने हजुरै होइबक्सिन्छ । यस्ता प्रभुलाई साक्षात् बृहस्पतिको स्तुतिले पनि चमत्कृत पार्न सक्दैन भने म जस्तो मूर्ख, बुद्धि नभएको, केही नजान्नेले गरेको स्तुतिले के प्रसन्न पार्न सक्ला र ? तैपनि प्रभुलाई प्रसन्न पार्ने अभिमानले होइन केवल आफ्नो अनादिकालदेखिको विषयवासनारूप धूलोले धमिलो भएको वाणीलाई पवित्र पार्छु भनी म प्रभुको स्तुति गर्न लागेको हुँ । प्रभुको स्तुतिले वचन शुद्ध हुन्छ, वचन पवित्र भए मन पवित्र हुन्छ र पवित्र मनमा परमात्माको स्वतः अपरोक्ष साक्षात्कार हुन्छ । यही मेरो स्तुतिको प्रयोजन हो ॥३॥

श्रुतिसिद्ध व्यापक प्रभुसत्तालाई नमान्ने नास्तिकहरूको चाल देखाइन्छ -

**तवैश्वर्यं यत्तज्जगदुदयरक्षाप्रलयकृत्**
**त्रयीवस्तु व्यस्तं तिसृषु गुणभिन्नासु तनुषु ।**
**अभव्यानामस्मिन् वरद रमणीयामरमणीं**
**विहन्तुं व्याक्रोशीं विदधत इहैके जडधियः ॥४॥**

हे वरदाता शिव ! हजुरले नै आफ्नी अनिर्वचनीय त्रिगुणात्मिका मायालाई स्वीकार गरी जगत्को उत्पत्ति, पालन र संहार गरिबक्सिन्छ । तीनै वेदले प्रतिपादन गरिने परमतत्त्व पनि हजुर नै होइबक्सिन्छ । यस्ता प्रभुलाई जगत्को सृष्टि स्थिति र प्रलयरूप कार्य देखेर कर्ताको रूपमा अनुमान प्रमाणद्वारा पनि जान्न सकिन्छ । त्यस्तो सत्त्व रज र तमोगुणका भेदले विष्णु, ब्रह्मा र रुद्ररूप तीन मूर्तिमा बाँडिएको जुन हजुरको ठूलो ऐश्वर्यसत्ता हो त्यसलाई खण्डन गर्न अभागी मूर्खहरू कुतर्क गर्दछन् र आक्षेपपूर्ण दोष दिने गर्दछन् । उनीहरूको त्यस्तो भनाइ अभागी मूर्खलाई मीठो लागेपनि वास्तवमा कल्याणकारी हुँदैन । त्यस्तो कुतर्क गरी दोष लगाउनेको कहिल्यै पनि उद्धार हुँदैन ॥४॥

तर्कबाट पत्तो नलाग्ने प्रभुसत्तालाई मूर्खहरू कसरी खण्डन गर्दछन् भनी बताइन्छ–

**किमीहः किङ्कायः स खलु किमुपायस्त्रिभुवनं**
**किमाधारो धाता सृजति किमुपादान इति च ।**
**अतर्क्यैश्वर्ये त्वय्यनवसरदुःस्थो हतधियः**
**कुतर्कोऽयं कांश्चिन्मुखरयति मोहाय जगतः ॥५॥**

अतर्क्यलीला भएका प्रभुको सत्तालाई खण्डन गरी मानिसलाई भ्रममा पार्न मूर्खहरू कुतर्क गर्दछन् । उनीहरू भन्दछन् –"जगत्कर्ता ईश्वर होइन, ऊ कुनै उपायले पनि सिद्ध हुन सक्दैन । जस्तै– लोकमा मनुष्यशरीरवाला कुमालेले घडा बनाउने इच्छाले दण्ड, चक्र, आदि साधनद्वारा घडाको उपादानकारण माटोबाट कहीँ (भुईँमा) बसेर चक्का घुमाई घडा बनाउँछ । त्यस्तै कुनै जगत्कर्ता भए उसको शरीर, इच्छा, साधन, कारण, तरिका र बनाउने आधार पनि त हुनुपर्ने । यदि ईश्वरले नै जगत् बनाएको हो भने उसको शरीर कस्तो छ ? कसरी बनाउँछ ? कुन–कुन साधनहरू चाहिन्छन् ? कुन कुन वस्तुद्वारा कहाँ बसेर के के काम गरी जगत् बनाउँछ त ? यदि कुनै शरीर लिएर कुनै साधन जम्मा गरी जगत् बनाउँछ

भने त्यस्तो ईश्वरमा र हामीमा के भिन्नता भयो त। यदि उक्त साधन विना जगत् बनाउँछ भने त्यसरी कार्य उत्पन्न हुनै नसक्ने भएकाले जगत्‌को कर्ता ईश्वर हुनै सक्दैन" इत्यादि।

परन्तु मायामात्रले इच्छाशक्तिद्वारा असङ्ख्य जगत्‌को सृष्टि स्थिति र प्रलय गर्न सक्ने अचिन्त्य ऐश्वर्यशक्तिले सम्पन्न ईश्वरमा यी कुतर्कहरूको कनै औचित्य छैन। किनभने बुद्धिको विषय नभएका वस्तुमा तर्क गर्नै मिल्दैन। यदि तर्कै गर्ने हो भने पनि यी तर्क स्वतः असिद्ध छन्। किनभने घडाको र जगत्‌को सृष्टिमा समान व्याप्ति गरी सबै साधनको समावेश गर्न सकिँदैन। यदि घडाको कर्तालाई जस्तै जगत्‌को कर्तालाई पनि उस्तै साधन र सामग्रीको आवश्यकता हुन्छ भनी एउटै व्याप्तिज्ञानबाट सबै साधनको समेत अनुमान गर्ने हो भने पर्वतमा अग्निको अनुमान गर्न भान्साघरको धुँवा र अग्निको साहचर्य रूप व्याप्ति गर्दा अग्निको साथै चूल्हो, दाल, भात र सब्जीको समेत अनुमान हुनुपर्ने हुन्छ, तर त्यसो गरिँदैन। त्यसो गर्दा त झन् अनुमानको प्रामाण्य नै समाप्त हुन्छ। अतः अनुमानमा अन्य साधनको समावेश गर्नु असत्तर्क हो। यस्ता कुतर्कबाट साध्य सिद्धि गर्न खोज्नु नै पागलपन हो। त्यसकारण तर्कको विषय नभएका, मायाशक्तिबाट जगत्‌को रचना गर्ने प्रभुमा बेकारका कुतर्क नगर्नू। विचारको लागि त वेदानुकूल तर्क गर्नुपर्छ।

अब श्रुतिअनुकूल तर्कबाट ईश्वरसिद्धि गरिन्छ –

**अजन्मानो लोकाः किमवयववन्तोऽपि जगता–**
**मधिष्ठातारं किं भवविधिरनादृत्य भवति ।**
**अनीशो वा कुर्याद् भुवनजनने कः परिकरो**
**यतो मन्दास्त्वां प्रत्यमरवर ! संशेरत इमे ॥६॥**

देवतामा श्रेष्ठ हे भगवन्! जस्तै संसारका नाशवान् अवयवी घट वस्त्र आदि पदार्थहरू उत्पत्तिवाला छन् त्यस्तै अवयववाला संसारको पनि अवश्य उत्पत्ति भएको हुनुपर्छ। सांसारिक घट आदि वस्तु झै संसारको उत्पत्ति पनि कर्ता र कारण विना हुन सक्दैन। यदि ईश्वरभिन्न सामान्य मानिसलाई जगत्कर्ता मानौं भने उसले कुन सामग्रीबाट जगत् बनाउने? ईश्वरले त सर्वशक्तिसम्पन्न भएकाले अन्य कुनै सामग्री नभई मायामात्रले बनाउनुहुन्छ। अर्थात् जगत्‌को उपादान र निमित्तकारण दुवै एउटै प्रभुमात्र हुनुहुन्छ। अरु आफ्नो शरीरको विषयमा पनि

नजान्ने जड तत्त्वले त्यसै कसरी जगत्‌को रचना गर्न सक्छ र ? यदि सक्छ भनी मान्ने हो भने कुन सामग्रीबाट कहाँ कसरी भन्ने पूर्वोक्त आशंकाहरू आउन सक्छन् । अतः ईश्वरलाई नै जगत्कर्ता मान्नुपर्ने हुन्छ । यी वेदानुकूल युक्तिहरूबाट अभिन्ननिमित्तोपादानरूप जगत्कर्ता ईश्वर सिद्ध हुनुहुन्छ । यस्ता प्रभुको विषयमा बेकारको सन्देह गर्ने मूर्ख नभए के हुन् त ?

सम्पूर्ण शास्त्रको तात्पर्य भगवत्प्रतिपादन हो भनी बताइन्छ–

**त्रयी सांख्यं योगः पशुपतिमतं वैष्णवमिति**
**प्रभिन्ने प्रस्थाने परमिदमदः पथ्यमिति च ।**
**रुचीनां वैचित्र्यादृजुकुटिलनानामथजुषां**
**नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव ॥७॥**

हे भगवन् ! वेदद्वारा प्रतिपादन गरिएको सनातन धर्म, कपिलको सांख्यशास्त्र, पतञ्जलिको योगमार्ग, पाशुपत शैवमत, वैष्णवमत आदि अनेकौं मतमतान्तरहरूले आ–आफ्नो सम्प्रदायलाई सबैभन्दा श्रेष्ठ र कल्याणकारी भनेर प्रशंसा गरेका छन् तर पनि रुचि र अधिकारका भेदले कुनै सोझा र कुनै घुमाउरा अलग अलग सम्प्रदायमा लागेका सबै मानिसहरूको एकमात्र प्राप्तव्य लक्ष्य हजुर होइबक्सिन्छ । जस्तै कुनै सीधा र कुनै घुमाउरो मार्गबाट बग्ने सबै नदीहरूको एउटै लक्ष्य समुद्र हुन्छ त्यस्तै जुन सम्प्रदाय या मार्गबाट गए पनि प्रभुलाई नै प्राप्त नगरेसम्म शान्ति मिल्दैन । यहाँ वैदिक सनातन धर्मलाई सीधा बाटो र अन्य सम्प्रदायलाई फेरो बाटो भनिएको छ ॥७॥

पूर्वोक्त द्वितीयश्लोकमा आएको भक्तवत्सल प्रभुको अर्वाचीन स्वरूप बताइन्छ –

**महोक्षः खट्वाङ्गं परशुरजिनं भस्म फणिनः**
**कपालं चेतीयत्तव वरद तन्त्रोपकरणम् ।**
**सुरास्तां तामृद्धिं विदधति भवद्भ्रूप्रणिहितां**
**न हि स्वात्मारामं विषयमृगतृष्णा भ्रमयति ॥८॥**

भक्तका सम्पूर्ण इच्छालाई नै नाश गरिदिने हे प्रभो ! अरुलाई वर दिने एवं देवताहरूलाई केवल वक्र हेराइले मात्र सम्पन्न पार्न सक्ने सर्वसमर्थ भएर पनि हजुरले आफ्ना लागि कुनै विषयको सङ्कलन गरिबक्सिएन । केवल बूढो गोरुको वाहन, मृग चर्मको आसन, भस्मको श्रृङ्गार, सर्पहरूको गहना आदि

मात्र लिइबक्स्यो । यसबाट के थाहा हुन्छ भने आत्मामा नै रमाउने ज्ञानीलाई तुच्छ र मृगतृष्णाको पानी जस्तो असत् विषयले भुलाउन नसक्ने रहेछन् । यस्ता शङ्करलाई भोग या मोक्ष जे चाहनेले पनि उपासना गर्नुपर्दछ ॥८॥

अब दार्शनिकहरूको आपसी मतभेद देखाउँदै स्तुति गरिन्छ–

**ध्रुवं कश्चित् सर्वं सकलमपरस्त्वध्रुवमिदं**
**परो ध्रौव्याध्रौव्ये जगति गदति व्यस्तविषये ।**
**समस्तेऽप्येतस्मिन् पुरमथन तैर्विस्मित इव**
**स्तुवञ्जिह्रेमि त्वां न खलु ननु धृष्टा मुखरता ॥९॥**

स्थूल, सूक्ष्म र कारणरूप तीन देहका अभिमानलाई नाश गर्ने हे शिव ! विभिन्न दार्शनिकहरू मध्ये कसैले यो स्थूल–सूक्ष्म सारा प्रपञ्चलाई उत्पत्तिविनाशरहित नित्य मान्दछन् । कसैले अनित्य र कसैले कार्यरूपमा अनित्य कारणरूपमा नित्य भनी खूब छलफल गरिरहन्छन् । तिनीहरूको विनाकामको विवादले आश्चर्यचकित भएर पनि विवर्तवादी वेदान्तको सिद्धान्तलाई लिएर छलफल गर्दा मलाई सङ्कोच भने लाग्दैन । किनभने दार्शनिक वादलाई लिएर छलफल गर्दा धृष्टताद्वारा लाजै नहुने रहेछ । अतः यिनै वादविवादबाट अभ्यस्त भएर नै हजुरको स्तुति गर्दछु ॥९॥

भगवद्भक्ति विना सफलता मिल्दैन भन्ने कुरा पौराणिक कथाको आधारमा अन्वय र व्यतिरेकबाट देखाइन्छ–

**तवैश्वर्यं यत्नाद्यदुपरि विरिञ्चिर्हरिरधः**
**परिच्छेत्तुं यातावनलमनलस्कन्धवपुषः ।**
**ततो भक्तिश्रद्धाभरगुरुगृणद्भ्यां गिरिश यत्**
**स्वयं तस्थे ताभ्यां तव किमनुवृत्तिर्न फलति ॥१०॥**

हे कैलाशवासी शिव ! एक पटक ब्रह्मा र विष्णुमा आ–आफ्नो महत्त्व बारे ठूलो विवाद चल्यो । विवादको फैसला गर्न तेजोमय ज्योतिर्लिङ्गको रूपमा हजुर नै प्रकट होइबक्स्यो । यस्ता प्रभुको अन्त्य पाउन दिव्य दशहजार वर्षसम्म ब्रह्माजीले माथितिर र विष्णुले तलतिर प्रयास गर्दा पनि दुवै असफल भए । परन्तु घमण्डलाई छाडी पश्चात्ताप गर्दै श्रद्धाका साथ स्तुति गर्दा भक्तवत्सल भगवान् हजुर प्रसन्न भई आफैं दर्शन दिन उपस्थित होइबक्स्यो । यसबाट के थाहा हुन्छ भने श्रद्धा विना गरिएका कर्महरू व्यर्थ हुन्छन् । श्रद्धा र भक्तिसाथ गरेका प्रभुका

गुणचिन्तन र स्तुतिहरू भने कहिल्यै व्यर्थ हुँदैनन् । प्रभुको अपरोक्ष साक्षात्कार पर्यन्तका सम्पूर्ण फल दिनेवाला हुन्छन् ॥१०॥

प्रभुको अनन्यभक्तिद्वारा नै रावणजस्ता असुरले पनि वैभव प्राप्त गरे भनी भक्तिको महिमा देखाइन्छ –

**अयत्नादापाद्य त्रिभुवनमवैरव्यतिकरं**
**दशास्यो यद् बाहूनभृत रणकण्डूपरवशान् ।**
**शिरः पद्मश्रेणीरचितचरणाम्भोरुहबलेः**
**स्थिरायास्त्वद्भक्तेस्त्रिपुरहर विस्फूर्जितमिदम् ॥११॥**

हे त्रिपुरान्तक शिव ! शक्तिशाली रावण यति बलवान् थियो कि उसको हाँकबाट डराएका शत्रुहरू युद्ध हुनुभन्दा पहिले नै भाग्ने गर्दथे । यसरी तीनै लोकलाई शत्रुरहित बनाएकाले रावणले कहीं पनि युद्ध गर्नै नपाएको हुँदा त्यसका बीसौं हात युद्ध गर्न सधैं उत्सुक रहन्थे । यसरी बलवान् रावणले तीनै भुवनलाई जो शत्रुरहित बनायो, त्यो त्यस्तो दृढभक्तिको प्रभाव हो जो कि उसले प्रभुलाई सर्वस्व मात्र नभएर कमलको फूल झैं गरी आफ्ना शिर नै चढाउन पनि पछि परेन । अर्थात् प्रभुको त्यस्तो दृढभक्तिबाट नै रावण शक्तिवान् बनेको हो । अतः शक्ति चाहनेले पनि दृढताका साथ प्रभुको भक्ति गर्नुपर्दछ ॥११॥

प्रभुको कृपाबाट प्राप्त शक्तिमा अभिमान भयो भने त दुर्गति हुन्छ भनी व्यतिरेकबाट देखाइन्छ–

**अमुष्य त्वत्सेवासमधिगतसारं भुजवनं**
**बलात्कैलाशेऽपि त्वदधिवसतौ विक्रमयतः ।**
**अलभ्या पातालेऽप्यलसचलिताङ्गुष्ठशिरसि**
**प्रतिष्ठा त्वय्यासीद्ध्रुवमुपचितो मुह्यति खलः ॥१२॥**

हे प्रभो ! एकपटक त्यही रावणले हजुरको सेवाबाट आफ्ना वनजस्ता बीसैवटा हातहरूमा ज्यादै बल प्राप्त गऱ्यो र त्यही बलले उन्मत्त भई बलपरीक्षा गर्न कैलाश पर्वतलाई नै उठाउन खोज्यो । त्यो थाहा पाएर हजुरले आफ्नो पाउको बूढी औंलाको टुप्पोले कैलाशपर्वतलाई सुस्त थिचिबक्स्यो । यत्तिकैमा अत्तालिएको रावण छटपटाउँदै त्यहाँबाट भाग्यो, तर पातालमा पुग्दा पनि सुरक्षित रहने ठाउँ पाएन । यस्तो रावणलाई दयालु हजुरले नै पछि उद्धार पनि गरिबक्स्यो । हो, विवेक नभएका मूर्खहरू यस्तै हुन्छन् । जसको आधारमा बढेका हुन् उसैलाई

वास्ता गर्दैनन्। अर्थात् आफूलाई समृद्ध पार्ने उपकारीको उपकारलाई बिर्सन्छन्। प्रभुले भने दयालु बनी भक्तको कल्याण गर्न उसको घमण्डलाई नै नाश गरिबक्सिन्छ ॥१२॥

अभिमान रहित भएर गरेको प्रभुको सेवाद्वारा ऐश्वर्यहरू स्वतः प्राप्त हुन्छन् भनी बताइन्छ –

**यदृद्धिं सुत्राम्णो वरद परमोच्चैरपि सती–**
**मधश्चक्रे बाणः परिजनविधेयत्रिभुवनः ।**
**न तच्चित्रं तस्मिन्वरिवसितरि त्वच्चरणयो–**
**र्न कस्या उन्नत्यै भवति शिरसस्त्वय्यवनतिः ॥१३॥**

इच्छा पूर्ण हुने गरी वरदान दिने हे शिव ! हजुरका भक्त बाणासुरले तीनै लोकलाई आफ्नो दासका अधीनमा रहने (सेवक) बनाइ दिए। यिनका लागि पाइनसक्नु इन्द्रको ठूलो सुखसयल र सम्पत्ति पनि थोरै वा तुच्छ देखिन्थ्यो। हे प्रभो ! हजुरको चरणमा भक्तिपूर्वक प्रणाम गर्ने बाणासुरमा यस्तो शक्ति हुनु कुनै आश्चर्यको कुरो होइन। हजुरलाई प्रणाम गर्दा कुन चाहिँ उन्नति या सम्पत्ति प्राप्त हुँदैन र ? भक्तिले नम्र बनी प्रभुका सामने शिर झुकाएर प्रणाम गर्दा सबैभन्दा उच्च बनिन्छ। यो प्रसङ्गबाट "सच्चा उन्नति चाहने जुनसुकै श्रेणीको साधकले पनि श्रद्धापूर्वक प्रभुका चरणमा अटल भक्ति गर्नुपर्दछ" भन्ने कुरा स्पष्ट हुन्छ ॥१३॥

दयालु भगवान्ले लोककल्याणका लागि कलङ्कलाई पनि सहर्ष स्वीकार गरिबक्सन्छ भनी देखाइन्छ–

**अकाण्ड-ब्रह्माण्ड-क्षय-चकित-देवासुरकृपा–**
**विधेयस्यासीद्यस्त्रिनयन ! विषं संहृतवतः ।**
**स कल्माषः कण्ठे तव न कुरुते न श्रियमहो**
**विकारोऽपि श्लाघ्यो भुवनभयभङ्गव्यसनिनः ॥१४॥**

पौराणिक कथा अनुसार एकपटक देवता र दानव मिलेर अमृतका लागि समुद्रमन्थन गरे। जसमा सुमेरु पर्वत मथानी र वासुकि नाग नेती थिए। यसरी समुद्रमन्थन गर्दा तिनै लोकलाई प्रलय गराउने किसिमको डरलाग्दो कालकूट नाम गरेको विष निस्क्यो। असमयमा नै सृष्टिको विनाश हुन लागेको देखेर डराएका देवताहरू हजुरकै शरणमा आए। हजुरले तीनै लोकको रक्षा गर्न दयालु बनी त्यो कालकूट विषलाई लिएर घुटुक्क पिइबक्स्यो, तर पेटमा पुऱ्याउँदा अनन्त

ब्रह्माण्डको संहार हुने भएकाले विषलाई आफ्नो घाँटीमा नै राखिबक्स्यो र स्वयं "नीलकण्ठ" बनिबक्स्यो । त्यो कालो दागले हजुरलाई नराम्रो बनाएन । तीनै लोकलाई अभय दिने प्रभुमा यो दाग त झन् प्रशंसायोग्य राम्रो दयालुताको चिह्न स्वरूप आभूषण नै बन्यो । यसरी दयालुमा अरुको उपकार गर्दा परेको दुःख सुख बन्दछ, दूषण भूषण बन्दछ । यस्ता दयालु शिवको नै भक्ति गर्नुपर्दछ ॥१४॥

महादेवका सामनेमा सांसारिक विषय वासनाहरू स्वतः निर्मूल हुन्छन् भनी देखाइन्छ–

**असिद्धार्था नैव क्वचिदपि सदेवासुरनरे**
**निवर्तन्ते नित्यं जगति जयिनो यस्य विशिखाः ।**
**स पश्यन्नीश त्वामितरसुरसाधारणमभूत्**
**स्मरः स्मर्तव्यात्मा न हि वशिषु पथ्यः परिभवः ॥१५॥**

हे प्रभो ! एकपटक शक्तिशाली कामदेवले हजुरलाई पनि साधारण देवता जस्तो ठानेर मोहित पार्न समाधिमा बसेको बेलामा आक्रमण गर्न खोज्यो । यद्यपि ऊ आफ्ना उन्मादन, तापन, शोषण, स्तम्भन र सम्मोहन नामक बाणहरूको प्रहार गर्दा स्वर्ग, मर्त्य, पाताल तिनै लोकमा कहीं पनि आजसम्म असफल भएको थिएन । यस्तो कामदेव पनि हजुरको समाधिमा विघ्न हुँदा खुल्न गएको तेस्रो नेत्रको ज्योतिले डढेर खरानी भयो, नामै मात्र शेष रहने बन्यो । सर्वशक्तिमान् शिवलाई अरु देवता जस्तो मान्नाले कामदेवको त्यस्तो दर्गति भयो भने प्रभुको अपमानै गर्नेको त झन् के गति होला ? अतः शरीर इन्द्रिय र मनलाई वशमा राखेका इन्द्रियविजयी महापुरुषहरूलाई गरेको अपमान कहिल्यै पनि कल्याणकारी हुँदैन, झन् परम प्रभु शिवमा गरेको अपराधको त के कुरा गर्नु ? ॥१५॥

लीलाविहार गर्दै जगत्को रक्षा गर्ने प्रभुको ठूलो ऐश्वर्यलाई हामीले जान्न नकिंदैन भन्ने कुरा ताण्डव नृत्यको लीलाबाट देखाइन्छ –

**मही पादाघाताद् व्रजति सहसा संशयपदं**
**पदं विष्णोर्भ्राम्यद्भुजपरिघरुग्णग्रहगणम् ।**
**मुहुर्द्यौर्दौःस्थ्यं यात्यनिभृतजटाताडिततटा**
**जगद्रक्षायै त्वं नटसि ननु वामैव विभुता ॥१६॥**

हे नटराज शिव ! एक पटक हजुरले सन्ध्याकालमा तत्काल वर पाएर बलवान् बनी मत्त भएका र तीनै लोकलाई नाश गर्न चाहने राक्षसलाई मोहित पारी नष्ट गर्न ताण्डव नृत्य गरिबक्स्यो । त्यसबेला प्रभुको पाउको ठक्करले भूर्लोक (पृथिवी) भकुण्डो झैं हल्लिई नष्ट होलाझैँ भयो । नाच्दा हातको चपेटाले भुवर्लोक (आकाश) का ग्रह र तारागणहरू छटपटाउन थाले । खुलेका जटाका झापडले स्वर्गलोक नै नष्ट हुने स्थितिमा पुग्यो । हुन त हजुर जगत्को रक्षा गर्न नाचिबक्सिएको हो तर तीनै लोकलाई उल्टो फल (कष्ट) नै मिल्यो । यसबाट के थाहा हुन्छ भने वैभवशाली प्रभुको ऐश्वर्यशक्ति पनि कहिलेकँही उल्टो जस्तो बन्न जाँदोरहेछ । त्यसकारण सामान्य सुख दुःखमा हामी विचलित बन्नुहुँदैन, प्रभुको इच्छा के छ हामीले के जान्नु ? ॥१६॥

अब देवाधिदेव शिवको अद्भुत महत्ता देखाइन्छ –

**वियद्व्यापी तारागणगुणितफेनोद्गमरुचिः**
**प्रवाहो वारां यः पृषतलघु दृष्टः शिरसि ते ।**
**जगद् द्वीपाकारं जलधिवलयं तेन कृतमि–**
**त्यनेनैवोन्नेयं धृतमहिम दिव्यं तव वपुः ॥१७॥**

पृथिवीमा गङ्गा आउने वेला उनको वेगलाई थाम्न शिवजीले गङ्गालाई नै आफ्नो शिरमा राख्नुभयो । त्यतिखेर आकाशभरका ताराका प्रतिविम्बले चम्किएको गङ्गाको त्यो ठूलो प्रवाह प्रभुको शिरमा पानीको एउटा छिटा जस्तो मात्र देखियो । भगीरथको तपस्याबाट आएकी उनै गङ्गाले सात समुद्र बनी पृथिवीलाई नै टापू जस्तो बनाइदिइन् । त्यति मात्र नभएर स्वर्गलाई मन्दाकिनी बनेर र पाताललाई भोगवती बनेर ढाकिदिने ती गङ्गा सानी त थिइनन् । अहो ! प्रभुको अलौकिक दिव्य महिमा थाहा पाउन यही एक दृष्टान्त नै पर्याप्त छ ॥१७॥

त्यस्ता प्रभुका विचित्र क्रियाहरू केवल लीला हुन् भन्ने कुरा त्रिपुरासुरको प्रसङ्गबाट देखाइन्छ–

**रथः क्षोणी यन्ता शतधृतिरगेन्द्रो धनुरथो**
**रथाङ्गे चन्द्रार्कौ रथचरणपाणिः शर इति ।**
**दिधक्षोस्ते कोऽयं त्रिपुरतृणमाडम्बरविधि–**
**र्विधेयैः क्रीडन्त्यो न खलु परतन्त्राः प्रभुधियः ॥१८॥**

विश्वविजयी कामदेवलाई हेराइले मात्र भस्म पार्न सक्ने प्रभुलाई तृण बराबरको तुच्छ त्रिपुरासुर मार्न केही सामान चाहिने होइन। तर पनि सर्वसमर्थ प्रभुले पृथिवीलाई रथ, ब्रह्मालाई सारथि, सुमेरुलाई धनु, सूर्य र चन्द्रमालाई रथको पाङ्ग्रा र विष्णुलाई बाण बनाइबक्स्यो। यसरी धुमधामसँग सामान बटुल्नु केवल लीलाका लागि मात्र हो। अरु मनुष्यहरू सामान्य कुरामा यस्तो तयारी गर्दैनथे। यसबाट थाहा हुन्छ कि लीलाविहारी प्रभु आफ्नै अधीनका सामग्रीबाट खेल गरी मस्ती लिन स्वतन्त्र होइबक्सिन्छ ॥१८॥

अब भगवद्भक्तिद्वारा लोककल्याण हुने कुरा देखाइन्छ–

**हरिस्ते साहस्रं कमलबलिमाधाय पदयो–**
**र्यदेकोने तस्मिन् निजमुदहरन्नेत्रकमलम् ।**
**गतो भक्त्युद्रेकः परिणतिमसौ चक्रवपुषा**
**त्रयाणां रक्षायै त्रिपुरहर ! जागर्ति जगताम् ॥१९॥**

भगवान् विष्णुले दिनदिनै शिवका एक हजार नाम पढी कमलको फूलद्वारा शिवजीको पूजा गर्नुहुन्थ्यो। एक दिन परीक्षा गर्न शिवजीले एउटा कमल लुकाइदिनुभयो। पूजा गर्न बसेपछि बीचमा उठ्दा पूजाभङ्ग हुने भएकाले विष्णु भगवान्ले तत्काल आफ्नो कमलरूपी आँखा नै उप्काएर चढाइदिनुभयो। यस्तो दृढभक्तिबाट प्रसन्न हुनुभएका शिवजीले विष्णुलाई सुदर्शनचक्र नै दिनुभयो। विष्णु भगवान्ले आज त्यही चक्रद्वारा तीनै भुवनको रक्षा र पालन गर्नुभएको छ। भक्ति त विष्णुले गर्नुभयो तर त्यसबाट सम्पूर्ण जगत्को नै रक्षा भयो। यही नै देवाधिदेव महादेवको अचिन्त्य भक्तिको फल हो ॥१९॥

अब अपूर्ववादी मीमांसकहरूको मतलाई खण्डन गर्दै यज्ञको फल दिने पनि शिवजी नै हुनुहुन्छ भनी बताइन्छ–

**क्रतौ सुप्ते जाग्रत् त्वमसि फलयोगे क्रतुमतां**
**क्व कर्म प्रध्वस्तं फलति पुरुषाराधनमृते ।**
**अतस्त्वां सम्प्रेक्ष्य क्रतुषु फलदानप्रतिभुवं**
**श्रुतौ श्रद्धां बद्ध्वा दृढपरिकरः कर्मसु जनः ॥२०॥**

अग्निष्टोम आदि सबै कर्महरू सकिने बित्तिकै नष्ट हुने हुनाले कर्तालाई फल दिन सक्दैनन्। फल दिने त ईश्वर नै हुनुहुन्छ। यहाँ मीमांसकहरू देशान्तर र कालान्तरमा फलदाताको रूपमा जड अपूर्वको कल्पना गर्दछन्। ईश्वरसत्ता मान्दैनन्। तर त्यो पक्ष कत्ति पनि ठीक होइन। किनभने लोकमा पनि सेवाको फल

दिने राजा आदि चेतन नभए जड कर्मले या अपूर्वले मात्र फल दिएको देखिँदैन। त्यस्तै कालान्तरमा पक्षपात नगरी आफ्नो कर्म अनुसार फल दिनेवाला सर्वज्ञ ईश्वर नभई फल मिल्नै सक्दैन। त्यस्ता चेतन तत्त्व सदाशिव अवश्य हुनुहुन्छ भनी वेदको भनाइमा श्रद्धा राखेर नै श्रद्धालु भक्तहरूले शास्त्रीय कर्म गर्दछन्। यस युक्तिबाट फलदाता ईश्वरलाई नमान्ने मीमांसक र अनीश्वरवादी सांख्यादिको मत खण्डित हुन्छ ॥२०॥

अब शिवभक्ति विना गरिएको कर्मले विपरीत फल दिन्छन् भनी बताइन्छ–

**क्रियादक्षो दक्षः क्रतुपतिरधीशस्तनुभृता–**
**मृषीणामार्त्विज्यं शरणद सदस्याः सुरगणाः ।**
**क्रतुभ्रंशस्त्वत्तः क्रतुफलविधानव्यसनिनो**
**ध्रुवं कर्तुः श्रद्धाविधुरमभिचाराय हि मखाः ॥२१॥**

प्राणीमात्रका मालिक कर्म गर्न सिपालु दक्ष प्रजापतिले ठूला ठूला ऋषिहरूलाई पुरोहित बनाई देवताहरूकै सक्रियतामा विधिपूर्वक सञ्चालन गरेको यज्ञ पनि शिवभक्तिविहीन भएकाले यज्ञफल दिने शिवजीद्वारा नै नष्ट भयो, साथै दक्षले ठूलो दुःख पाए। अतः शिवभक्ति विना गरिएको कर्मले फल नदिने मात्र होइन उल्टै यजमानलाई नै नाश गर्दछ। श्रद्धाभक्तिपूर्वक गरेको यज्ञ भने अज्ञानवश विधिहीन भए पनि प्रभुबाटै पूर्ण हुन्छ ॥२१॥

अब शास्त्रमर्यादालाई त्याग्दा रौद्र दण्ड भोग्नुपर्छ भन्ने कुरा मृगशिराको प्रसङ्गबाट देखाइन्छ–

**प्रजानाथं नाथ प्रसभमभिकं स्वां दुहितरं**
**गतं रोहिद्भूतां रिरमयिषुमृष्यस्य वपुषा ।**
**धनुष्पाणेर्यातं दिवमपि सपत्राकृतममुं**
**त्रसन्तं तेऽद्यापि त्यजति न मृगव्याधरभसः ॥२२॥**

पौराणिक कथा अनुसार एकपटक ब्रह्माजी कामुक बनी आफ्नै छोरी सन्ध्यामा आसक्त भए। सन्ध्या लाजले भुतुक्क भइन् र मृगी बनी भागिन्। ब्रह्माजी मृग बनी उनैका पछि लागे। ब्रह्माको यस्तो मर्यादाविपरीत काम देखेर उनलाई दण्ड दिन पिनाकधारी शिवजीले बाण चलाउनुभयो। त्यस चोटले छिया छिया भई भाग्दै आकाशमा गएर मृगशिरा बन्न पुगेका ब्रह्मालाई रिसाएका शिवजीको बाणले आर्द्रा नक्षत्रको रूपमा अद्यावधि पछ्याइराखेको छ। यसबाट

के सिद्ध हुन्छ भने शास्त्रीय मर्यादा विपरीत चल्नेले रुद्ररूप प्रभुको कठोर शासन नभोगी धरै नपाइने रहेछ ॥२२॥

समस्त सांसारिक कामादि दोषलाई नाश गर्ने शिवजी पनि भक्त पार्वतीमा करुणा गरी अर्धनारीश्वर बन्नुहुन्छ भनी देखाइन्छ–

**स्वलावण्याशंसाधृतधनुषमह्वाय तृणवत्**
**पुरः प्लुष्टं दृष्ट्वा पुरमथन पुष्पायुधमपि ।**
**यदि स्त्रैणं देवी यमनिरत देहार्धघटना–**
**दवैति त्वामद्धा बत वरद मुग्धा युवतयः ॥२३॥**

पार्वतीको ठूलो तपस्याबाट प्रसन्न हुनुभएका भगवान् शिवले अर्धनारीश्वरको रूप लिएर पार्वतीलाई वामाङ्गी (बायाँ अङ्ग) को रूपमा स्थान दिनुभयो। प्रभुको यस्तो दयालुपनलाई पार्वतीजीले आफ्नो सुन्दरतामा मोहित हुनु भएको सम्झिएर हजुरलाई आफ्नो वशमा पारेँ भन्ने ठान्नुहोला। आफ्नो सुन्दरताको बलले शिवजीलाई वश पार्छु भनी धनु उठाउने कामदेव शिवजीको तेस्रो आँखाको ज्वालाबाट डढेर तत्काल सामनेमै खरानी बनेको देखेर पनि यदि पार्वतीजीले अर्धनारीश्वर हुनुभएकोले भगवान् शिवजीलाई स्त्रीजातिमा आशक्त (प्रेम गर्ने) हुनुहुन्छ भन्ने सम्झनुहुन्छ भने पनि ठीकै छ, यसमा आश्चर्य मान्नुपर्ने छैन। किनभने भक्तहरू स्वभावैले हजुरका कृपापात्र हुन्छन्। प्रेमविभोर भएका नारीले सोच्दैमा हजुर आशक्त त होइबक्सिन्न। प्रभुले त हेराइमात्रले कामदेवलाई डढाएर यमनियममा दृढ हुन चाहनेले तुच्छ विषयभोगदेखि स्वयं सतर्क हुनुपर्छ भन्ने अर्ती दिइबक्सेको छ ॥२३॥

अब अमङ्गल जस्तो व्यवहार भएर पनि मङ्गलमय हुनुभएका शिवजीको स्तुति गरिन्छ–

**श्मशानेष्वाक्रीडा स्मरहर पिशाचाः सहचरा–**
**श्चिताभस्मालेपः स्रगपि नृकरोटीपरिकरः ।**
**अमङ्गल्यं शीलं तव भवतु नामैवमखिलं**
**तथापि स्मर्तॄणां वरद परमं मङ्गलमसि ॥२४॥**

कल्याणमय हे शिव ! सामान्य रूपले हेर्दा हजुरको जीवनशैली अनौठो छ। मसानमा घुम्ने, भूत प्रेतलाई साथ लिने, चिताको खरानी घस्ने, मरेका मानिसका खप्परको माला लगाउने आदि हजुरका यी व्यवहार नराम्रा मात्र होइनन् कुलक्षणयुक्त जस्ता पनि छन्। तर कल्याणमय शिवको चिन्तन गर्ने भक्तलाई

हजुर परम मङ्गलका खानी होइबक्सिन्छ । अनादि र अनन्त भएका प्रभुले गरेको दिव्य लीलाविहार र व्यवहार अत्यन्त मङ्गलमय छ । अतः कल्याण चाहनेले नित्य मङ्गलमय शिवको चिन्तन गर्नुपर्छ । प्रभुको मङ्गलमय सच्चा स्वरूपलाई देख्न बाहिरी स्थूलदृष्टि होइन आन्तरिक ज्ञानदृष्टि खोल्नुपर्छ ॥२४॥

अब मङ्गलमय सुखरूप आत्मालाई साक्षात् प्राप्त गर्ने उपाय बताउँदै योगीको आनन्दानुभूति प्रस्तुत गरिन्छ –

**मनः प्रत्यक्चित्ते सविधमवधायात्तमरुतः**
**प्रहृष्यद्रोमाणः प्रमदसलिलोत्सङ्गितदृषः ।**
**यदालोक्याह्लादं ह्रद इव निमज्यामृतमये**
**दधत्यन्तस्तत्त्वं किमपि यमिनस्तत्किल भवान् ॥२५॥**

हे सर्वान्तर्यामी शिव ! त्यागी विरक्त योगीहरूले यम नियमादि शास्त्रोक्त विधिका साथ प्राणायामद्वारा प्राण रोकेर, प्रत्यहारद्वारा चित्तलाई अन्तर्मुख गराई, धारणाद्वारा हृदयाकाशमा चित्तलाई स्थिर गराएर ध्यान र समाधिद्वारा आत्मतत्त्वको अपरोक्ष साक्षात्कार गर्दै हर्षले पुलकित बन्दछन् र आँखाबाट प्रेमका आँसु बगाउँछन् । साथै जुन अनिर्वचनीय तत्त्वलाई महावाक्यादिद्वारा निश्चय एवं अनुभव गरी त्रिपुटीहीन एवं तदाकाराकारित बनेर उनीहरू असीमआनन्दको समुद्रमा चुर्लुम्म डुबेजस्ता हुँदै वास्तविक सुखलाई प्राप्त गर्दछन्, त्यस्तो केवल अनुभवगम्य सच्चिदानन्दमय वास्तविक तत्त्व हजुर नै त होइबक्सिन्छ । अर्थात् श्रुति र युक्तिबाट सिद्ध प्रभुलाई नै योगारूढ ज्ञानीहरूले अनुभवबाट प्राप्त गरिरहेका हुन्छन् । त्यस्तो शिवतत्त्व हजुर नै होइबक्सिन्छ ॥२५॥

अब शिवजीको सर्वव्यापकतालाई प्रतिपादन गरिन्छ–

**त्वमर्कस्त्वं सोमस्त्वमसि पवनस्त्वं हुतवह–**
**स्त्वमापस्त्वं व्योम त्वमु धरणिरात्मा त्वमिति च ।**
**परिच्छिन्नामेवं त्वयि परिणता बिभ्रतु गिरं**
**न विद्मस्तत्तत्त्वं वयमिह तु यत्त्वं न भवसि ॥२६॥**

शास्त्र जान्ने ठूलाबडा मानिसहरू सर्वव्यापक भएका भगवान् शिवजीलाई पनि सीमित पार्न अष्टमूर्ति हुनुहुन्छ भनी सूर्य, चन्द्रमा, वायु, अग्नि, जल, आकाश, पृथिवी र यजमान (आत्मा) को रूपमा प्रतिपादन गर्दछन् भने गरिरहून्। यो त उनीहरूको सानो विचारले गरेको व्याख्याको विषय मात्र भयो । हाम्रो

शास्त्रसम्मत विचारमा त यस्तो कुनै वस्तु छैन जहाँ व्यापक शिव होइबक्सिन्न। सर्वव्यापक सर्वान्तर्यामी अद्वितीय प्रभुलाई सीमित रूपमा व्याख्यान गर्नु मूर्खतामात्र हो। वास्तवमा घट, मठ आदि पदार्थ पनि परमात्मसत्ता पाएर मात्र सत्तावान् बनेका हुन्। त्यस्ता परमात्मालाई सीमित सम्झनु ठीक होइन। यहाँ **"परिणताः"**भन्ने शब्द मूर्खलाई उपहास गर्न प्रयोग गरिएको हो ॥२६॥

अब ओंकाररूप परमात्माको व्यष्टि र समष्टि उपासना बताइन्छ–

**त्रयीं तिस्रो वृत्तीस्त्रिभुवनमथो त्रीनपि सुरा–**
**नकाराद्यैर्वर्णैस्त्रिभिरभिदधत्तीर्णविकृति ।**
**तुरीयं ते धाम ध्वनिभिरवरुन्धानमणुभिः**
**समस्तं व्यस्तं त्वां शरणद गृणात्योमिति पदम् ॥२७॥**

दुःखमय संसारका सम्पूर्ण प्राणीहरूलाई आनन्दमय शरण दिने हे शिव ! ओंकारस्वरूप हजुरलाई व्यष्टि र समष्टिको रूपमा दुवै प्रकारले ओंकारले नै प्रतिपादन गरको छ। व्यष्टि रूपमा **अ, उ** र **म्** तीन अक्षरले क्रमशः ऋक्, यजुः र साम तीन वेदलाई, जाग्रत्, स्वप्न र सुषुप्ति तीन अवस्थालाई र यिनका अभिमानी विश्व, तैजस् र प्राज्ञलाई, भूः, भुवः र स्वः तीन लोकलाई र यिनका अधिष्ठाता विराट्, हिरण्यगर्भ र अव्याकृतलाई, ब्रह्मा, विष्णु र रुद्र तीन देवतालाई र यिनका कार्य सृष्टि, स्थिति र प्रलयलाई साथै अध्यात्म, अधिदैव र अधिभूतरूप तीन प्रपञ्चलाई, द्रष्टा, दर्शन र दृश्यरूप त्रिपुटीलाई, अनि सत्त्व, रज र तमोरूप त्रिगुणात्मक प्रपञ्चको रूपमा अभिव्यक्त प्रभुको व्यष्टि स्वरूपलाई वर्णन गरेको छ। साथै समष्टिरूपमा अ उ मको भेदले रहित भएर केवल सूक्ष्म, सूक्ष्मतर र सूक्ष्मतम अर्धमात्रात्मक ध्वनिहरूद्वारा त्यस्तो महावाक्यको लक्ष्यार्थलाई बताइरहेको छ– जो सम्पूर्ण देहका जन्मादि षड्विकारले रहित त्रिगुणदेखि पर रहेको त्रिपुटीशून्य द्रष्टारूप चेतन सच्चिदानन्दघन परमतत्त्व होइबक्सिन्छ। त्यस्तो परब्रह्मको अपरोक्ष साक्षात्कार गराएर शिव अद्वैत र शान्त स्थितिमा प्रणवले नै पुऱ्याउँदछ र अभयपदवी दिन्छ ॥२७॥

अब पूर्वोक्त ओंकारसाधना गर्न असमर्थलाई नाममन्त्रद्वारा सरल उपासना बताइन्छ–

**भवः शर्वो रुद्रः पशुपतिरथोग्रः सहमहाँ–**
**स्तथा भीमेशानाविति यदभिधानाष्टकमिदम् ।**
**अमुष्मिन्प्रत्येकं प्रविचरति देव श्रुतिरपि**
**प्रियायास्मै धाम्ने प्रविहितनमस्योऽस्मि भवते ॥२८॥**

हे देव ! हजुरका भव, शर्व, रुद्र, पशुपति, उग्र, महादेव, भीम र ईशान यी पवित्र आठ नाममध्ये प्रत्येक नामको महत्त्वलाई वेदले पनि व्याख्या गरिरहेका छन् । पुराणहरूमा पनि यी नामको अतिशय महत्त्व भएको पाइन्छ । परमप्रिय सम्पूर्ण जगत्का एकमात्र आधार भएका प्रभुलाई अरु कुनै उपायद्वारा प्राप्त गर्न नसकेकाले उक्त नामहरू जप्दै हजुरकै शरणमा आएर केवल साष्टाङ्ग प्रणाम गर्दछु । महावाक्यादिको अर्थानुसन्धान आदिबाट प्रभुलाई साक्षात्कार गर्न नसके पनि नामजप र प्रभुको प्रणामबाट मात्रै पनि मेरो उद्धार हुने विश्वास गरेको छु ॥२८॥

अब भक्तिले गद्-गद् बनी प्रभुको अपार महिमा गाउँदै स्तुति गरिन्छ–

**नमो नेदिष्ठाय प्रियदव दविष्ठाय च नमो**
**नमः क्षोदिष्ठाय स्मरहर महिष्ठाय च नमः ।**
**नमो वर्षिष्ठाय त्रिनयन यविष्ठाय च नमो**
**नमः सर्वस्मै ते तदिदमितिसर्वाय च नमः ॥२९॥**

हे सर्वस्वरूप प्रभो ! हजुर नै टाढा भन्दा टाढा र नजिक भन्दा पनि नजिक होइबक्सिन्छ । परमाणुभन्दा पनि सूक्ष्मतम र यस्ता अनन्त विश्व ब्रह्माण्डहरू प्रभुले श्वास लिंदा नै भित्रबाहिर हुने हुनाले विशालरूप भएका पनि हजुर नै होइबक्सिन्छ । यस्ता सर्वस्वरूप प्रत्यक्ष एवं परोक्ष सबै रूपमा वर्णन गरिने अनिर्वचनीय प्रभुलाई हामी बारम्बार प्रणाम गर्दछौं ॥२९॥

**बहलरजसे विश्वोत्पत्तौ भवाय नमो नमः**
**प्रबलतमसे तत्संहारे हराय नमो नमः ।**
**जनसुखकृते सत्त्वोद्रिक्तौ मृडाय नमो नमः**
**प्रमहसि पदे निस्त्रैगुण्ये शिवाय नमो नमः ॥३०॥**

चराचर जगत्को सृष्टि गर्न रजोगुणलाई स्वीकार गरी ब्रह्मा बन्ने, पालन गर्न सत्त्वगुणलाई स्वीकार गरी विष्णु बन्ने र सबै जगत्को संहार गर्न तमोगुणलाई धारण गरी रुद्र बन्ने उही शिव हुनुहुन्छ । स्वप्रकाशरूप मोक्षपद दिन त्रिगुणातीत तुरीय अवस्थामा मायारहित, निर्गुण, निर्विकल्प, निर्विशेष, अद्वैत परमात्मतत्त्वलाई बारम्बार प्रणाम गर्दछु । हजुर नै एक एक गुणलाई धारण गरेर ब्रह्मा विष्णु र रुद्र

होइबक्सिन्छ । तर वास्तवमा हजुर निर्गुण सच्चिदानन्दघन अद्वैत शान्त र शिव होइबक्सिन्छ । त्रिगुणभिन्नका सांसारिक विषय चाहनेले ब्रह्मा, विष्णु र रुद्ररूपको उपासना गर्दछन् । तर मोक्ष चाहनेले त्रिगुणातीत पूर्ण ब्रह्म सदाशिवको नै चिन्तन गर्नुपर्दछ ॥३०॥

अब तृतीय श्लोकको उपक्रम अनुसार स्तोत्रको उपसंहार र फूलसंग तुलना गर्दै भगवान्लाई स्तोत्र समर्पण गरिन्छ–

**कृशपरिणति चेतः क्लेशवश्यं क्व चेदं**
**क्व च तव गुणसीमोल्लङ्घिनी शश्वदृद्धिः ।**
**इति चकितममन्दीकृत्य मां भक्तिराधाद्**
**वरद चरणयोस्ते वाक्यपुष्पोपहारम् ॥३१॥**

इच्छानुसार वरदान दिने हे शिव ! मेरो अल्पज्ञ शक्तिहीन चित्त अविद्या (अज्ञान), अस्मिता (अभिमान), राग, द्वेष र अभिनिवेश (मृत्युभय) रूप कष्टले धमिलिएको हुनाले सर्वात्मा हजुरको त्रिगुणातीत अपार नित्य विभूतिलाई ग्रहण गर्न नसकेर डराइरहेको थियो । परन्तु मलाई हजुरको चरण कमलमा लागेको भक्तिले नै उत्साह बढाइदियो र हजुरकै चरणमा यो स्तोत्ररूपी फूलले पूजा गर्ने साहस आयो । अनेकौं दुःखले पिल्सिएको मेरो तुच्छ मनले गुणातीत प्रभुको महिमालाई जानेर होइन केवल भक्तिद्वारा प्रेरित भएर मात्रै स्तुति गर्न लागेको हो । जस्तै फूलले वास्ता नगर्नेलाई पनि वासना दिन्छ । प्रेमीलाई त सुगन्ध र रस पनि दिन्छ, त्यस्तै यो स्तोत्रले पनि सामान्य अभक्तलाई समेत शाब्दिक आनन्द दिन्छ, भक्तलाई त भोग र मोक्ष सबै दिन्छ । अतः यस्तो फूलजस्तो यो स्तोत्रद्वारा शिवजीको पूजा गरिएको हो ॥३१॥

अब प्रभुका अपार गुणको गणना हुन नसक्ने कुरा बताइन्छ –

**असितगिरिसमं स्यात् कज्जलं सिन्धुपात्रे**
**सुरतरुवरुशाखा लेखनी पत्रमुर्वी ।**
**लिखति यदि गृहीत्वा शारदा सर्वकालं**
**तदपि तव गुणानामीश पारं न याति ॥३२॥**

हे सर्वशक्तिसम्पन्न प्रभो ! कालो पहाड जत्तिकै मसी बनाई समुद्रलाई नै मसीदानी बनाएर त्यसमा घोलेर कहिल्यै नसकिने कल्पवृक्षका हाँगाहरूको कलम बनाई पृथिवीलाई कागज बनाएर स्वयं वाग्देवी सरस्वती नै सबै काम छोडेर अनन्त कालसम्मको लागि लेख्न बस्नुभयो भने पनि हजुरका महिमाको

अन्त पाउन सक्नुहुन्न भने हामीजस्ता साधनहीन र अल्पज्ञको के गति होला र ? अर्थात् असम्भव पूर्वोक्त वस्तु जम्मा भएपनि प्रभुका अनन्त गुणको पार पुग्न सकिँदैन। ३२।

अन्तमा स्तोत्रकारको परिचय प्रस्तुत गरिन्छ–

**असुर– सुर–मुनीन्द्रै–रर्चितस्येन्दु–मौले–**
**ग्रंथितगुणमहिम्नो निर्गुणस्येश्वरस्य ।**
**सकलगणवरिष्ठः पुष्पदन्ताभिधानो**
**रुचिरमलघुवृत्तैः स्तोत्रमेतच्चकार ॥३३॥**

देवता दानव र मुनिहरूले नित्य पूजिएका, गुण र महिमाले युक्त भएर पनि निर्गुण भएका सर्वेश्वर शिवको स्तुति गर्ने शिखरिणी छन्दमा बनेको यो अत्यन्त मीठो "शिवमहिम्नः स्तोत्र"को रचना भक्तप्रवर गन्धर्वराज पुष्पदन्ताचार्यले गर्नुभयो ॥३३॥

**अहरहरनवद्यं धूर्जटेः स्तोत्रमेतत्**
**पठति परमभक्त्या शुद्धचित्तः पुमान् यः ।**
**स भवति शिवलोके रुद्रतुल्यस्तथात्र**
**प्रचुरतरधनायुः पुत्रवान् कीर्तिमाँश्च ॥३४॥**

जसले शुद्धचित्त भई भक्तिका साथ भगवान् शिवको यो पवित्र स्तोत्र पढ्छ त्यो यस लोकमा धनधान्य सम्पन्न हुनाका साथै दीर्घायु, पुत्रवाला र कीर्तिवाला बन्दछ र त्यसले शिवलोकमा शिवसायुज्य समेत प्राप्त गर्दछ ॥३४॥

**दीक्षा दानं तपस्तीर्थं ज्ञानं यागादिकाः क्रियाः ।**
**महिम्नः स्तवपाठस्य कलां नार्हन्ति षोडशीम् ॥३५॥**

भक्तिपूर्वक गरिएको महिम्नः स्तोत्रपाठको बराबरीमा दीक्षा, दान, तपस्या, तीर्थाटन, ज्ञान, यज्ञ आदि अरु कुनै पनि अनुष्ठानहरू आउन सक्दैनन्। यो स्तोत्र सबैभन्दा श्रेष्ठ छ ॥३५॥

**आसमाप्तमिदं स्तोत्रं शिवमीश्वरवर्णनम् ।**
**अनौपम्यं मनोहारि पुण्यं गन्धर्वभाषितम् ॥३६॥**

उपमा दिनै नमिल्ने पुष्पदन्ताचार्यले रचना गरेको यो सुन्दर स्तोत्र सम्पूर्ण रूपमा कल्याण गर्ने, आनन्द दिने र शिवतत्त्वको प्रतिपादन गर्नेवाला छ ॥३६॥

**महेशान्नापरो देवो महिम्नो नापरा स्तुतिः ।**
**अघोरान्नापरो मन्त्रो नास्ति तत्त्वं गुरोः परम् ॥३७॥**

भगवान् शिवभन्दा अर्को श्रेष्ठ देवता कोही छैन। यो शिवमहिम्नः स्तोत्रभन्दा उत्तम स्तोत्र अर्को छैन। अघोर मन्त्रभन्दा अर्को श्रेष्ठ मन्त्र छैन र गुरु भन्दा श्रेष्ठ तत्त्व केही छैन ॥३७॥

**कुसुमदशननामा सर्वगन्धर्वराजः**
**शिशुशशधरमौलेर्देवदेवस्य दासः ।**
**स खलु निजमहिम्नो भ्रष्ट एवास्य रोषात्**
**स्तवनमिदमकार्षीद् दिव्यदिव्यं महिम्नः ॥३८॥**

गन्धर्वराज पुष्पदन्त नित्य शिवको पूजा गर्न अदृश्य बनी एक राजाका बगैंचाबाट राम्रा फूल चोरेर लैजान्थे। अदृश्य बनेका उनलाई कसैले पक्रन सक्दैनथ्यो। यसरी प्रतिदिन राम्रा फूल गायब हुँदा हैरान भएका राजाले फूलचोर पक्रिन शिवपूजाको निर्माल्य जल बगैंचाको वरपर छरिदिए। पुष्पदन्तले अज्ञानवश त्यसलाई कुल्चेकाले उनको अन्तर्ध्यान हुने शक्ति नष्ट भयो र उनी पक्राउमा परेर थुनिए। बालचन्द्रलाई शिरमा धारण गर्ने देवाधिदेव भगवान् शिवका सेवक त उनी छँदैथिए, त्यसैले पछि यो कुरा थाहा पाएर शिवजीलाई प्रसन्न पार्न उनले यो दिव्य महिम्नः स्तोत्रको रचना गरेका हुन् ॥३८॥

**सुरवरमुनिपूज्यं स्वर्गमोक्षैकहेतुं**
**पठति यदि मनुष्यः प्राञ्जलिर्नान्यचेताः ।**
**व्रजति शिवसमीपं किन्नरैः स्तूयमानः**
**स्तवनमिदममोघं पुष्पदन्तप्रणीतम् ॥३९॥**

यदि कसैले श्रद्धासँग एकाग्र भई यस स्तोत्रको पाठ मात्र गऱ्यो भने पनि ऊ किन्नरहरूले स्तुति गरिँदै शिवको समीपमा पुग्छ। अर्थको विचार गर्दै मनन सहित नित्य पाठ गऱ्यो भने त साक्षात् शिव (ब्रह्म) तत्त्वको अपरोक्ष साक्षात्कार गर्नेवाला बन्दछ। यसमा सन्देह छैन ॥३९॥

**श्रीपुष्पदन्त– मुख–पङ्कज–निर्गतेन**
**स्तोत्रेण किल्विषहरेण हरप्रियेण ।**
**कण्ठस्थितेन पठितेन समाहितेन**
**सुप्रीणितो भवति भूतपतिर्महेशः ॥४०॥**

पुष्पदन्ताचार्यको मुखारविन्दबाट निस्केको, पाप नाश गर्ने शिवजीको प्यारो भएको यो स्तोत्र कण्ठस्थ गर्नाले, पढ्नाले र एकाग्र भएर मनन गर्नाले सबै प्राणीका मालिक भएका आशुतोष भगवान् शिव प्रसन्न होइबक्सिन्छ ॥४०॥

**इत्येषा वाङ्मयी पूजा श्रीमच्छङ्करपादयोः ।**
**अर्पिता तेन देवेशः प्रीयतां मे सदाशिवः ॥४१॥**

यसरी वचनद्वारा गरिएको स्तोत्ररूप पूजा भगवान् शिवका पाउमा अर्पण गरियो। यस वाङ्मय पूजाले सम्पूर्ण देवतामा श्रेष्ठ भगवान् शङ्कर मेरा उपर प्रसन्न हुनुहोस् ॥४१॥

*॥ इति श्रीपुष्पदन्ताचार्यविरचितं श्रीशिवमहिम्नःस्तोत्रम् सम्पूर्णम्॥*

**यदक्षरं पदं भ्रष्टं मात्राहीनं च यद् भवेत् ।**
**तत्सर्वं क्षम्यतां देव प्रसीद परमेश्वर ॥**
**ॐ पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते ।**
**पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥**

*ॐ शान्तिः ! शान्तिः !! शान्तिः !!!*

**(ॐ महादेव शिव शङ्कर शम्भो उमाकान्त हर त्रिपुरारे ।**
**मृत्युञ्जय वृषभध्वज शूलिन् गङ्गाधर मृड मदनारे ॥**
**हर शिव शङ्कर गौरीशं वन्दे गङ्गाधरमीशम् ।**
**रुद्रं पशुपतिमीशानं कलये काशीपुरिनाथम् ॥**
**जय शम्भो जय शम्भो शिव गौरीशङ्कर जय शम्भो ।**
**जय शम्भो जय शम्भो शिव गौरीशङ्कर जय शम्भो ॥)३**

*ॐ नमः पार्वतपतये हर ! हर !! महादेव !!!*

pdf.upayogibooks.com

# श्रीशिवपञ्चाक्षरस्तोत्रम्

नागेन्द्रहाराय त्रिलोचनाय भस्माङ्गरागाय महेश्वराय ।
नित्याय शुद्धाय दिगम्बराय तस्मै नकाराय नमः शिवाय ॥१॥
मन्दाकिनीसलिलचन्दनचर्चिताय नन्दीश्वरप्रमथनाथमहेश्वराय ।
मन्दारपुष्पबहुपुष्पसुपूजिताय तस्मै मकाराय नमः शिवाय ॥२॥
शिवाय गौरीवदनाब्जवृन्दसूर्याय दक्षाध्वरनाशकाय ।
श्रीनीलकण्ठाय वृषध्वजाय तस्मै शिकाराय नमः शिवाय ॥३॥
वसिष्ठकुम्भोद्भवगौतमार्यमुनीन्द्रदेवार्चितशेखराय ।
चन्द्रार्कवैश्वानरलोचनाय तस्मै वकाराय नमः शिवाय ॥४॥
यक्षस्वरूपाय जटाधराय पिनाकहस्ताय सनातनाय ।
दिव्याय देवाय दिगम्बराय तस्मै यकाराय नमः शिवाय ॥५॥
पञ्चाक्षरमिदं पुण्यं यः पठेच्छिवसन्निधौ ।
शिवलोकमवाप्नोति शिवेन सह मोदते ॥६॥

*॥ इति शिवपञ्चाक्षरस्तोत्रं सम्पूर्णम् ॥*

# द्वादशज्योतिर्लिङ्गस्तोत्रम्

सौराष्ट्रे सोमनाथं च श्रीशैले मल्लिकार्जुनम् ।
उज्जयिन्यां महाकालमोङ्कारममलेश्वरम् ॥
परल्यां वैद्यनाथं च डाकिन्यां भीमशङ्करम् ।
सेतुबन्धे तु रामेशं नागेशं दारुकावने ॥
वाराणस्यां तु विश्वेशं त्र्यम्बकं गौतमीतटे ।
हिमालये तु केदारं घुश्मेशं च शिवालये ॥
एतानि ज्योतिर्लिङ्गानि सायं प्रातः पठेन्नरः ।
सप्तजन्मकृतं पापं स्मरणेन विनश्यति ॥

*॥ इति द्वादशज्योतिर्लिङ्गस्तोत्रं सम्पूर्णम् ॥*

# श्रीशिवताण्डवस्तोत्रम्

जटाटवी-गलज्जल-प्रवाह-पावित-स्थले
गलेऽवलम्ब्य लम्बितां भुजङ्गतुङ्गमालिकाम् ।
डमड्डमड्डमड्डमन्निनादवड्डमर्वयं
चकार चण्डताण्डवं तनोतु नः शिवः शिवम् ॥१
जटाकटाहसंभ्रमभ्रमन्निलिम्पनिर्झरी
विलोलवीचिवल्लरीविराजमानमूर्धनि ।
धगद्धगद्धगज्ज्वलल्ललाटपट्टपावके
किशोरचन्द्रशेखरे रतिः प्रतिक्षणं मम ॥२
धराधरेन्द्रनन्दिनीविलासबन्धुबन्धुर-
स्फुरद्दिगन्तसन्ततिप्रमोदमानमानसे ।
कृपाकटाक्षधोरणीनिरुद्धदुर्धरापदि
क्वचिद्दिगम्बरे मनो विनोदमेतु वस्तुनि ॥३

घनघोर जटारूपी जङ्गलबाट वेगपूर्वक प्रवाहित भएको गङ्गाजीको जलको धाराले पवित्र बनेको गलामा झुण्डिएर रहेको सर्पराजको लामो माला धारण गर्नुहुने, डमडम डमरु बजाएर प्रखर ताण्डव नृत्य गर्न सिपालु शिव भगवान्ले हामी सबैको कल्याण गर्नुहोस् ।१॥

जुन शिवजीको शिर, जटारूपी कराईमा अतिवेगपूर्वक घुमिरहेकी गङ्गाजीको अति चञ्चल तरङ्गरूपी लहराहरूद्वारा सुशोभित बनेको छ, जसको निधारमा रहेको अग्नि धपधप बलेको छ र शिरमा सानो अर्ध चन्द्रमा विराजमान छ, त्यस्ता भगवान् शिवमा मेरो निरन्तर प्रेम रहोस् ॥२॥

हिमालयराजकी पुत्री पार्वतीसँग रमण गर्ने बेला उपयोगी मनोहर शिरोभूषणद्वारा सम्पूर्ण दिशाहरू प्रकाशित भएको देखेर जसको मन आनन्दित भइरहेको छ, जसको निरन्तर कृपादृष्टिद्वारा जस्तोसुकै आपत्ति पनि हट्न जान्छ, यस्ता कुनै दिगम्बर तत्त्वप्रति मेरो मन हर्षित रहोस् ॥३॥

जसको जटाको वरिपरि झुम्मिएका सर्पका फणामा रहेका मणिहरूको प्रकाशपुञ्जरूपी कुङ्कुमादि चन्दनले दिशारूपी नारीहरूका मुहारमा अनुलेप गरिरहेको छ । अनि मदमत्त हात्तीको थोरै कम्पन भइरहेको छालाको उत्तरीयवस्त्र (च्यादर) धारण गरेर सुशोभित हुनुभएका भगवान् भूतनाथमा मेरो मन सधैँ विलासपूर्वक रमाओस् ॥४॥

जटाभुजङ्गपिङ्गलस्फुरत्फणामणिप्रभा-
कदम्बकुङ्कुमद्रवप्रलिप्तदिग्वधूमुखे ।
मदान्धसिन्धुरस्फुरत्त्वगुत्तरीयमेदुरे
मनोविनोदमद्भुतं बिभर्तु भूतभर्तरि ॥४

सहस्रलोचनप्रभृत्यशेषलेखशेखर-
प्रसूनधूलिधोरणीविधूसराङ्घ्रिपीठभूः।
भुजङ्गराजमालया निबद्धजाटजूटकः
श्रियै चिराय जायतां चकोरबन्धुशेखरः ॥५

ललाटचत्वरज्वलद्धनञ्जयस्फुलिङ्गभा-
निपीतपञ्चसायकं नमन्निलिम्पनायकम् ।
सुधामयूखलेखया विराजमानशेखरं
महाकपालिसम्पदे शिरो जटालमस्तु नः ॥६

करालभालपट्टिकाधगद्धगद्धगज्ज्वल-
द्धनञ्जयाधरीकृतप्रचण्डपञ्चसायके ।
धराधरेन्द्रनन्दिनीकुचाग्रचित्रपत्रक-
प्रकल्पनैकशिल्पिनि त्रिलोचने मतिर्मम ॥७

---

जसको चरणपादुका (खराउ) सम्पूर्ण इन्द्रादि देवताहरूको (शिरोनमनपूर्वक प्रणाम गर्नाका कारण) शिरमा रहेका फूलहरूको परागले धुस्रो बनेको छ, नागरूपी हारले बाँधिएको जटा धारण गर्ने त्यस्ता चन्द्रशेखर भगवान्ले मलाई चिरस्थायी सम्पत्ति प्रदान गर्नुहोस् ॥५॥

जसको निधाररूपी वेदीमा धपक्क बलेको अग्निको सानो झिल्काको तेजले कामदेव नष्ट भयो र जसलाई इन्द्रले पनि नमस्कार गर्छन्, त्यस्ता चन्द्रमाको कलाहरूद्वारा सुशोभित मुकुट धारण गर्ने शिवजीको उच्च विशाल ललाट र जटा भएको शिर, हाम्रो सम्पत्तिको होस् ॥६॥

जसले आफ्नो विकराल निधारमा धपधप बल्दै गरेको अग्निमा प्रचण्ड कामदेवलाई हवन गर्नुभएको थियो, हिमालयराजपुत्री पार्वतीको स्तनको अग्रभागमा पत्रभङ्गरचना गर्ने एकमात्र शिल्पकार हुनुभएका त्यस्ता तीन नेत्र भएका भगवान् शिवजीमा मेरो मन लागिरहोस् ॥७॥

जसको गलामा नयाँ मेघमालाद्वारा घेरिएको औंसीको आधारातको निष्पट्ट अँध्यारो जस्तै कालोपन अङ्कित छ, त्यस्ता हात्तीको छाला लगाउनुहुने, संसारभारको

नवीनमेघमण्डलीनिरुद्धदुर्धरस्फुरत्-
कुहूनिशीथिनीतमःप्रबन्धबद्धकन्धरः ।
निलिम्पनिर्झरीधरस्तनोतु कृत्तिसिन्धुरः
कलानिधानबन्धुरः श्रियं जगद्धुरन्धरः ॥८

प्रफुल्लनीलपङ्कजप्रपञ्चकालिमप्रभा-
वलम्बिकण्ठकन्धरारुचिप्रबद्धकन्धरम् ।
स्मरच्छिदं पुरच्छिदं भवच्छिदं मखच्छिदं
गजच्छिदन्धकच्छिदं तमन्तकच्छिदं भजे ॥९

अगर्वसर्वमङ्गलाकलाकदम्बमञ्जरी–
रसप्रवाहमाधुरीविजृम्भणामधुव्रतम् ।
स्मरान्तकं पुरान्तकं भवान्तकं मखान्तकं
गजान्तकान्धकान्तकं तमन्तकान्तकं भजे ॥१०

जयत्वदभ्रविभ्रमभ्रमद्भुजङ्गमस्फुर–
द्धगद्धगद्विनिर्गमत्करालभालहव्यवाट् ।
धिमिद्धिमिद्धिमिध्वनन्मृदङ्गतुङ्गमङ्गल–
ध्वनिक्रमप्रवर्तितप्रचण्डताण्डवः शिवः ॥११

धारण गर्ने चन्द्रमाको सम्पर्कद्वारा मनोहर कान्ति भएका गङ्गाधर भगवान् शिवजीले मेरो ऐश्वर्यहरूको विस्तार गर्नुहोस् ॥८॥

जसको कण्ठभाग फुलिरहेको नीलकमलको नीलो किरणको अनुकरण गर्ने हरिणीको जस्तो कान्तियुक्त चिह्नले सुशोभित छ तथा जो कामदेव, त्रिपुरासुर, भव(संसार), दक्षको यज्ञ, हात्ती, अन्धकासुर र काललाई पनि नाश गर्नेवाला हुनुहुन्छ त्यस्ता भगवान्को म सेवा गर्छु ॥९॥

जो अहङ्काररहित पार्वतीको कलारूप कदम्बमञ्जरीको मधुर रसको स्रोतमा व्याप्त भई बढिरहेको मधुरतालाई पिउने भँवरोसमान हुनुहुन्छ, त्यस्तै जो कामदेव, त्रिपुर, भव, दक्षयज्ञ, अन्धकासुर र यमराजको पनि काल हुनुहुन्छ त्यस्ता भगवान् शङ्करको म सेवा गर्छु ॥१०॥

जसको शिरमा ठूलो वेगका साथ घुमिरहेका सर्पहरूको फ्वाँ-फ्वाँ शब्दहरूद्वारा निधारको भयङ्कर अग्नि धपधप बली बिस्तारै सर्वत्र फैलिरहेको छ, साथै धिमिधिमि बजिरहेको मृदङ्गको गम्भीर, मङ्गलध्वनिको तालमा जसको प्रखर ताण्डव नृत्य भइरहेको छ, त्यस्ता भगवान् शिवको जय होस् ॥११॥

दृषद्विचित्रतल्पयोर्भुजङ्गमौक्तिकस्रजो-
गरिष्ठरत्नलोष्ठयोः सुहृद्विपक्षपक्षयोः ।
तृणारविन्दचक्षुषोः प्रजामहीमहेन्द्रयोः
समं प्रवर्तयन्मनः कदा सदाशिवं भजे ॥१२
कदा निलिम्पनिर्झरीनिकुञ्जकोटरे वसन्
विमुक्तदुर्मतिः सदा शिरःस्थमञ्जलिं वहन्।
विलोललोललोचनो ललामभाललग्नकः
शिवेति मन्त्रमुच्चरन्कदा सुखी भवाम्यहम् ॥१३
इमं हि नित्यमेवमुक्तमुत्तमोत्तमं स्तवं
पठन्स्मरन्ब्रुवन्नरो विशुद्धिमेति सन्ततम् ।
हरे गुरौ सुभक्तिमाशु याति नान्यथा गतिं
विमोहनं हि देहिना सुशङ्करस्य चिन्तनम् ॥१४
पूजावसानसमये दशवक्त्रगीतं यः शम्भुपूजनपरं पठति प्रदोषे ।
तस्य स्थिरां रथगजेन्द्रतुरङ्गयुक्तां लक्ष्मीं सदैव सुमुखीं प्रददाति शम्भुः॥

*॥ इति रावणविरचितं शिवताण्डवस्तोत्रं सम्पूर्णम् ॥*

---

पत्थर र सुन्दर बिछयौनामा, सर्प र मोतीको मालामा, बहुमूल्य रत्न र माटोको डल्लोमा, मित्र र शत्रुको पक्षमा, झारजस्तो र कमलजस्तो आँखा भएकी तरुणीमा, प्रजा र पृथ्वीपालक महाराजमा समेत समान भाव राख्दै म कहिले भगवान्को भजन गरूँला ॥१२॥

सुन्दर निधार भएका भगवान् चन्द्रशेखरमा मन लगाएर आफ्ना कुविचारलाई त्याग्दै गङ्गाजीको किनारमा रहेको निकुञ्जभित्र बसेर शिरमा हात जोडी आत्तिएको विह्वल आँखा भएको म (रावण) 'शिव' मन्त्रको उच्चारण गर्दै सुखी हुन कहिले पाऊँला ? ॥१३॥

जसले यो उत्तम स्तोत्रको सधैँ पाठ, सम्झना र वर्णन गर्दछ, त्यो व्यक्ति सधैँ शुद्ध बन्दछ र चाँडै नै पूज्य भगवान् शिवजीको श्रेष्ठ भक्ति प्राप्त गर्दछ। ऊ कुमार्गमा कदापि लाग्दैन किनभने भगवान्को चिन्तनले नै प्राणीहरूको सम्पूर्ण मोहलाई नाश गर्दछ ॥१४॥

सायङ्कालमा पूजा सकिएपछि रावणले गाएको यस शिवपूजनसम्बन्धी स्तोत्रको जसले नित्य पाठ गर्दछ, त्यस व्यक्तिलाई भगवान् शङ्करले रथ, हात्ती, घोडासहित सधैँ अचल सम्पत्ति प्रदान गर्नुहुन्छ ॥१५॥

# श्रीरुद्राष्टकम्

नमामीशमीशाननिर्वाणरूपं विभुं व्यापकं ब्रह्म वेदस्वरूपम् ।
निजं निर्गुणं निर्विकल्पं निरीहं चिदाकाशमाकाशवासं भजेऽहम् ॥१॥
निराकारमोङ्कारमूलं तुरीयं गिराज्ञानगोऽतीतमीशं गिरीशम् ।
करालं महाकालकालं कृपालुं गुणागारसंसारपारं नतोऽहम् ॥२॥
तुषाराद्रिसङ्काशगौरं गभीरं मनोभूतकोटिप्रभाश्रीशरीरम् ।
स्फुरन्मौलिकल्लोलिनीचारुगङ्गालसद्भालबालेन्दु कण्ठे भुजङ्गा ॥३॥
चलत्कुण्डलं शुभ्रनेत्रं विशालं प्रसन्नाननं नीलकण्ठं दयालुम् ।
मृगाधीशचर्माम्बरं मुण्डमालं प्रियं शङ्करं सर्वनाथं भजामि ॥४॥
प्रचण्डं प्रकृष्टं प्रगल्भं परेशमखण्डं अजं भानुकोटिप्रकाशम् ।
त्रयःशूलनिर्मूलनं शूलपाणिं भजेऽहं भवानीपतिं भावगम्यम् ॥५॥
कलातीतकल्याणकल्पान्तकारी सदा सज्जनानन्ददाता पुरारिः ।
चिदानन्दसन्दोहमोहापहारी प्रसीद प्रसीद प्रभो मन्मथारिः ॥६॥
न यावद् उमानाथपादारविन्दं भजन्तीह लोके परे वा नराणाम् ।
न तावत्सुखं शान्ति सन्तापनाशं प्रसीद प्रभो सर्वभूताधिवासम् ॥७॥
न जानामि योगं जपं नैव पूजां नतोऽहं सदा सर्वदा शम्भु तुभ्यम् ।
जराजन्मदुःखौघतातप्यमानं प्रभो पाहि आपन्नमामीश शम्भो ॥८॥

रुद्राष्टकमिदं प्रोक्तं विप्रेण हरतुष्टये ।
ये पठन्ति नरा भक्त्या तेषां शम्भुः प्रसीदति॥

*॥ इति तुलसीदासविरचितं रुद्राष्टकं सम्पूर्णम् ॥*

# श्रीपशुपत्यष्टकम्

पशुपतिं द्युपतिं धरणीपतिं भुजगलोकपतिं च सतीपतिम् ।
